# नारी प्रति बुद्धका देन

## Lord Buddha's compassion towards women.

**लेखिका :**

सुश्री नानीमैयाा मानन्धर

**Miss Nani Maiya Manandhar**



प्रकाशक :
श्री विश्वमान बज्राचार्य, परिवार ।
पाल्पा, तानसेन, नेपाल ।

**[ Published By ]**
**Mr. Vishoman Bajracharya & Family.**
**Palpa, Tanesn, Nepal.**

**[सर्वाधिकार लेखिकामा सुरक्षित]**
**[All right reserved ]**

द्वितीय संस्करण – १००० प्रति
**[Second Edition : 1000 copies ]**

| | |
|---|---|
| बुद्ध सम्बत् | – २५५० – **2550** |
| विक्रम सम्बत् | – २०६३ – **2063** |
| नेपाल सम्बत् | – ११२६ – **1126** |
| ईस्वी सम्बत् | – २००६ – **2006** |

मूल्य : रु. ५० ।-
**Price : Rs. 50 /-**

कभर चित्र : भिक्षु शोभन ।

कम्प्यूटर सज्जा : किरण मुनी बज्राचार्य

मुद्रण : मुनिज बज्र प्रिन्टर्स
सिद्धार्थ सडक, डल्लु आवास क्षेत्र ।

# समर्पण !

## समस्त बुद्धिजीवी

## नारीवर्गलाई

समर्पित्



## प्रकाशकीय

प्रातः स्मरणीय हाम्रा पुज्य पिता स्व. वैद्य चन्द्रमान बज्राचार्यज्यूको जन्म वि.सं. १९७० मा नारायण टोल तानसेनमा भएको थियो । उहाँ आफ्नो बाल्यकालदेखि नै वाद्य-वादनमा रुचि राख्नु हुन्थ्यो । तानसेनमा नै उहाँले सामान्य शिक्षा हासिल गर्नु भएपछि आयूर्वेद विषयमा विशेष अध्ययन गर्न भारत जानु भयो ।

भारतको बुंदेलखन्द विश्व विद्यालय झाँसीमा अध्ययन गर्नु भई आयूर्वेद विशारद परीक्षामा उत्तिर्ण गर्नु भएपछि उहाँ नेपालको विभिन्न जिल्ला अस्पताल एवं स्वास्थ्य केन्द्रहरूमा सेवारत हुनु भयो । साथै आफ्नो घरमा पुर्खा देखि चलिआएको आयूर्वेद स्वास्थ्य उपचार सेवा व्यवस्थालाई पनि अगाडि बढाउनु भयो ।

उहाँ सरल स्वभाव र सामाजिक, धार्मिक कार्यमा रुची राख्नु हुने व्यक्ति हुनु हुन्थ्यो । उहाँले विभिन्न सामाजिक र धार्मिक संघ-संस्थाहरूमा विभिन्न हैसियतले सेवा गर्नु भयो । सामाजिक सेवा अन्तर्गत उहाँले तानसेनमा बज्राचार्य तथा शाक्यहरूको चुडाकर्म गराउने कार्यमा सक्रिय भई चुडाकर्म कार्य सफल गराउनु भयो । उहाँ वाद्य-वादन र भजन गाउनेमा विशेष रूपले भाग लिनु हुन्थ्यो । उहाँ साधु-सन्त र भिक्षुहरूको सत-संगत गर्नु हुन्थ्यो ।

बुढेसकालमा उहाँ कल्याण मित्र श्री सत्यनारायण गोयन्काज्यूबाट आनन्द कुटी, स्वयम्भूमा संचालित १० दिने विपश्यना शिविरमा छत्र राजसँग ध्यान गर्न जानु भएको थियो । भिक्षु शाक्यानन्द महास्थविरज्यूको सानिध्यमा रही बुद्ध-धर्ममा र भावनाको विषयमा छलफल गर्नु हुन्थ्यो । श्रद्धेय भिक्षु शाक्यानन्द महास्थविर र भिक्षु जयवर्द्धन महास्थविरज्यू र अरू साधुहरूको समेत सत्-संगत गर्नु भई धार्मिक ज्ञानहरू हासिल गर्दै दिन बिताउनु हुन्थ्यो ।

उहाँ एकपल्ट संयुक्त प्रजातान्त्रिक पार्टीको सभापति हुनु भयो । पञ्चायत कालमा उहाँ ९ दिन जेलमा पनि पर्नु भयो । उहाँ प्रजातान्त्रिक विचार धाराका हुनुहुन्थ्यो । समाज सुधार गर्ने र व्यवहारलाई कसरी सरलीकरण गर्ने भन्ने बारे क्रान्तिकारी कदम चाल्नु हुन्थ्यो ।

उहाँकै प्रेरणाले हामी छोरा-छोरीहरू (सुश्री चिनिया देवी, विश्वमान बज्राचार्य) लाई विपश्यना ध्यान शिविरमा बस्ने अवसर प्राप्त भयो ।

हाम्रा पुज्य माताज्यू स्व. धनलक्ष्मी बज्राचार्यज्यूको जन्म वि.सं. १९७१ मा तानसेन टक्सार टोलमा भएको थियो । उहाँले हामी छोरा-छोरीहरूलाई राम्रोसँग लालन-पालन गरी हुर्काउनु भयो । उहाँ गृहस्थी धर्मलाई राम्रो पालन गरी बुद्ध-धर्ममा आस्था राखी श्रद्धेय भिक्षु शाक्यानन्द महास्थविरज्यूलाई यथा सक्य दान, सेवा-सत्कार गर्नु हुन्थ्यो ।



नेपालको सबै भन्दा धेरै ६४० जनाको जमात बौद्ध तीर्थयात्रा चारधाम गर्दा (वि.सं. २०३४ सालमा) उहाँहरू दुबैजना भिक्षु शाक्यानन्द महास्थविरज्यूसँग जानु भएको थियो । पुज्य पिताज्यू एवं पुज्य माताज्यूले हामी सबैलाई अनाथ बनाई यो अनित्य संसारलाई त्यागी उहाँहरू क्रमश वि.सं. २०४५ र २०५५ सालमा दिवंगत हुनु भयो ।

दिवंगत पुज्य पिताज्यू एवं माताज्यूको अनन्त गुण स्मरण गरी उहाँहरूकै पुण्य स्मृतिमा 'नारीप्रति बुद्धका देन' पुस्तक प्रकाशित गरेका छौं ।

यस पुस्तक मेहनतका साथ लेख्नु भई अन्य आवश्यक व्यवस्था मिलाई प्रकाशित गर्ने सु-अवसर प्रदान गर्नु भएकोमा श्रद्धेय आचार्य सुश्री नानीमैयाँ मानन्धर दिदीलाई हामी सबैले साधुवाद टक्रयाउँछौं । साथै 'नारीप्रति बुद्धका देन' पुस्तक सबैको लागि उपयोगी हुने, कल्याणकारी हुने आशा गरेका छौं ।

**– प्रकाशक परिवार**

<u>छोराहरू :</u> <u>बुहारीहरू :</u>
श्री विश्वमान बज्राचार्य – श्रीमती नैन कुमारी बज्राचार्य
श्री उपेन्द्र मान बज्राचार्य – श्रीमती लता बज्राचार्य

<u>छोरीहरू :</u>
सुश्री चिनियादेवी बज्राचार्य
भगवतीदेवी बज्राचार्य
मीनलक्ष्मी बज्राचार्य

भीमसेन टोल, तानसेन, पाल्पा ।
वि.सं. २०६३ असार ३० गते शुक्रवार

दिवंगत पिता चन्द्रमान बज्राचार्य (वि.सं. १९७०-२०४५)      दिवंगत माता धन लक्ष्मी बज्राचार्य (वि.सं. १९७१-२०५५)

**दिवंगत पिता श्री चन्द्रमान बज्राचार्यज्यूको संक्षिप्त परिचय**

**नाम** : श्री चन्द्रमान बज्राचार्य

**पिता** : श्री काजीमान बज्राचार्य

**जन्म मिति** : वि.सं. १९७० मंसिर ४ गते कृष्ण पक्ष षष्टी तिथि (ने.सं. १०३३ मार्ग)

**जन्म स्थान** : पाल्पा, तानसेन, नेपाल।

**विवाह मिति** : १९८७ साल।

**श्रीमति** : धनलक्ष्मी बज्राचार्य

**परिवार संख्या** : छोरी ५, छोरा ३ मध्ये हाल ३ छोरी र २ छोरा

**छोरीहरू** : चिनीया देवी, भगवती देवी र मिन लक्ष्मी

**छोराहरू** : विश्वमान बज्राचार्य र उपेन्द्रमान बज्राचार्य

**शिक्षा** : आयूर्वेद विशारद (झाँसी, भारत)

**नोकरी** : पाल्पा त्रि चन्द्र अस्पताल र भिमफेदी अस्पतालमा कम्पाउण्डर भई सेवा गर्नु भएको।

**राजनैतिक जीवन** : डा. के. आई. सिंहको पार्टीको पाल्पा जिल्ला सभापति। २०१७ सालमा ९ दिन जेलमा पर्नु भएको।

**दिवंगत माता श्री धनलक्ष्मी बज्राचार्यज्यूको संक्षिप्त परिचय**

**नाम** : श्री धनलक्ष्मी बज्राचार्य

**पिता** : श्री राज रत्न शाक्य

**जन्म मिति** : वि.सं. १९७१ जेष्ट शुक्ल द्वितीया तिथि

**जन्म स्थान** : पाल्पा, तानसेन, नेपाल।

**विवाह मिति** : १९८७ साल। (१६ वर्षको उमेरमा)

**छोरीहरू** : चिनीया देवी, भगवती देवी र मिन लक्ष्मी

**छोराहरू** : विश्वमान बज्राचार्य र उपेन्द्रमान बज्राचार्य

**मृत्यु** : २०५५ साल वैशाख कृष्ण पक्ष अष्टमी तिथि चैत्र २६ (८४ वर्ष)



## दुतीय संस्करण

**'नारी प्रति बुद्धका देन' नेपाली भाषामा लेखेको यो मेरो पहिलो मौलिक पुस्तक हो । यो पुस्तक लेखेको पनि बत्तीस वर्ष भइसक्यो । केही वर्षदेखि यस पुस्तकको अभाव महसूस भइरहेको थियो ।**

**त्यस बेला यो पुस्तक जुन विचारले लेखेको थिएँ, जस्तो शैली र भाषा प्रयोग भएको थियो, त्यसलाई यथावत नै राखी अहिले दुतीय संस्करणको रूपमा प्रकाशन भएको छ ।**

**प्रथम संस्करणमा रहेको 'दुइ शब्द' र 'केही भन्नु' यथावत नै राखी दिएकी छु ।**

**यसपालि धर्मश्रृङ्गको विपश्यना ध्यान केन्द्रको संघ-दानमा संयोगले साधक श्री विश्वमान बज्राचार्यज्यूसँग भेट भयो । उहाँ तानसेनदेखि आउनु भएकोले मसँग भएको दुइ, चारवटा पुस्तकहरू मध्ये 'धम्मपद-अट्ठकथा भाग-५' र 'विधुर-जातक' उहाँलाई उपहार स्वरूप दिएँ । केही घण्टा पछि फेरि भेट हुँदा उहाँले आफ्ना पूजनीय दिवंगत माता-पिताको नाममा एउटा पुस्तक प्रकाशन गर्ने इच्छा व्यक्त गर्नु भयो ।**

भगवान बुद्धको उपदेशलाई समाज र राष्ट्रमा फैलाउनको निमित्त शुद्ध रूपमा लेखन कार्य गर्नु, त्यसको प्रकाशन कार्यमा सहयोग पुऱ्याउनु धर्मदानको एक अङ्ग हो । भगवान बुद्धले भन्नु भएको छ– **"सब्ब दानं धम्म दानं जिनाति"** अर्थात् सबै दानहरूमा धर्मदान श्रेष्ठ छ ।

श्री विश्वमान बज्राचार्यज्यूले आफ्ना दिवंगत माता श्रीमती धन लक्ष्मी बज्राचार्य र दिवंगत पिता श्री चन्द्र मान बज्राचार्यज्यूहरूको पुण्य स्मृतिमा यो पुस्तक प्रकाशन गर्नु भएकोमा म श्री विश्वमान बज्राचार्यज्यू, उहाँकी आदरनीय दिदी सुश्री चिनीया देवी बज्राचार्यज्यू एवम् उहाँहरूको सम्पूर्ण परिवारहरू प्रति हृदय देखि धन्यवान दिन चाहन्छु । 'फेरि-फेरि पनि यस्तो धर्म-दान कार्यमा अग्रसर हुन सकुन्' भन्ने शुभेच्छा व्यक्त गर्दछु । साथै 'यस पुण्यको प्रभावले उहाँहरूका माता-पिताको लागि निर्वाणको हेतु बनोस्' भन्ने कामना गर्दछु ।

श्रद्धेय शोभन भन्तेले '**विधुर जातक**' र प्रस्तुत पुस्तक '**नारी प्रति बुद्धका देन**' को कभर डिजाइन गरी दिनु भई ठूलो उपकार गर्नु भयो । उहाँको यस कुशल कार्यको लागि म श्रद्धेय शोभन भन्तेलाई आभार व्यक्त गर्दछु ।



श्रीमती रिना तुलाधरज्यूले '**धम्मपद-अट्ठकथा भाग-३**' मा मेरो 'दुइ शब्द' को अंग्रेजी अनुवाद तथा लेखिकाको परिचय अंग्रेजी र नेपालीमा लेखी दिनु भई ठूलो मद्दत गर्नु भयो । त्यस परिचयात्मक लेख '**धम्मपद-अट्ठकथा भाग-४**', '**विधुर जातक**' र '**नारी प्रति बुद्धका देन**' को पछिल्लो कभर पेजमा पनि राख्न पाउँदा खुशी लागेको छ । अतः श्रीमती रिना तुलाधरज्यूको यस्तो सौहार्दपूर्ण कार्यको लागि म उहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

श्री किरण मुनी बज्राचार्यज्यूले कम्प्यूटर सम्बन्धी काम र श्री महेन्द्र मुनी बज्राचार्य (सहायक आचार्य तथा क्षत्रीय बाल शिक्षक) ज्यूले यथाशीघ्र छपाई सम्बन्धी कार्य सिध्याई दिनु भएकोमा उहाँहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

"चिरं तिट्ठतु सद्धम्मों !"

९४५/३२ लेखनाथ सडक;
कुमारी गल्ली, नयाँ बजार; – नानीमैयाँ
काठमाडौं, नेपाल ।
२०६३ आषाढ २३ गते, हरिशयनी एकादशी ।
फोन : ४३५८९९३/४३६००३०

# विषय-सूची

विषय पृष्ठ :


संघ–नायिका ..................................... १
पुत्र–वियोगिनी..................................... २१
कठोर–भाषी ..................................... ३९
दासी–स्त्री ..................................... ५५
स्वबन्धु–त्यक्ता .................................. ६४
ईर्ष्यालु–गणिका .................................... ८९




# ABOUT THE AUTHOR

Miss Nani Maiya Manandhar is a distinct personality in the Buddhist field. She lives a spiritual life despite being a laywoman. Born in December, 1946 A. D., she is the eldest daughter of Mr. Pancha Narayan Manandhar and Mrs. Krishna Maya Manandhar.

She has become a true follower of Buddha-Dhamma, since her childhood. Due to her never ending dedication to Buddhism, she started studying different subjects on Buddhism at a very young age. Embellished with the title **'Pariyatti Saddhamma Palaka'** in 1967, she has completed the course of **'Pariyatti Saddhamma Kobida'** studied in 1971. She completed M.A. course in Pali from **Nav Nalanda Mahavihara** during the acadamic year 1977-79. Besides Buddhist studies, she has completed B.A. in 1970 from Tribhuvan University, joined M.A. in 1971.

She is a reknowned writer in the field of Buddhism. To date, 23 books, authored and translated by her, have been published in Nepali and Nepal Bhasha. Similarly, six of her other books are waiting to be published. She was the former chief editor of the **'Dharmachakra'** annual publication. Her articles have been continuosly published in different periodicals since 1966. Her contribution to the activities of Bauddha Pariyati Shiksha is commendable. She has been teaching **Bauddha Pariyati** as a voluntary service since 1972 A. D. Currently she had been in managing the Paropakar Centre as a central chairperson for 7 years.

She has also been providing her services in other Buddhist organizations to promote Buddhism. She was the founder Vice-Predident of **"Nepal Mahila Bauddha Sangha"** (Nepal Women's Buddhist Association) established in 1982. She has been the president of **"Bauddha Mahila Sangha, Nepal"** (Buddhist women's Association, Nepal) since 2002 established in 1992. She is the Vice President of **"Dharmodaya Sabha"** and the executive member of **'Lumbini Dharmodaya Committe'**. She is the appointed member of **'Lumbini Development Trust'**.

Recognising her contribution to propogating Buddhism in Nepal she has been honoured with **'Appreciation Letter'** by the **'Nepal Bauddha Pariyati Shiksha'** in 1988; **'Bauddha Mahila Sangha, Nepal'** in 1999; **'Dharmakirti Buddhist Study Circle'** in 2003 and **'Second World Buddhist Summit'** in 2004.

In due course of propogating Buddhism in Nepal, she has been conducting religious Radio Programmes in a broad media Radio Nepal since 1995. Her lectures in different subjects on Buddhism are broadcasted every Friday morning.

Her biggest contribution is in Vipassana Meditation. She had taken 10 days course of Vipassana for the first time in Rajgiri, India in December, 1974. Appreciating the importance of Vipassana, she has been actively involved in it ever since.

She has travelled widely to India, Myanmar, Malaysia, Singapore, Thailand, Sri Lanka, Tibet (Lhasha), China, Hongkong, Pakistan, Australia and the Phillipines.

Since her childhood she has had a keen interest in learning Buddhism, social services and religious services. She is still actively involved in these areas with full devotion. Following the Buddha's precept that **'The Dhamma is to be applied, not just to be studied.'** Miss Nani Maiya Manandhar has proved herself to be an Ideal Buddhist woman.

**— Rina Tuladhar**

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।"

# संघ-नायिका

## (महाप्रजापति गौतमी)

नारी मानव समाजका अर्ध अङ्ग हो । समाज निर्माणमा नारीको भूमिका उत्ति नै महत्वपूर्ण हुन आउँछ जति पुरुषको छ । साँच्चै भन्ने हो भने नर र नारीको समागमबाट नै समाजको सृजना हुन्छ । सृजित समाज स्वस्थ र फलेफुलेको पार्न पहिलो हात नारीको हुन्छ । नारीले केवल सन्तानको अभिवृद्धि मात्र गर्ने होइन, उनीहरूलाई चाँहिंदो माया, ममता, प्रेम र सहानुभूतिको मलजल दिई हुर्काउँछिन्, बढाउँछिन् । उचित शिक्षा-दीक्षा दिई अनुशासनशील बनाउँछिन्; आदर्शको गोरेटोमा हिंडाउन समर्थ हुन्छिन् । कहीं नारी पुरुषको पतिव्रता पत्नी बनी प्रेमपूर्ण व्यवहारले पतिलाई रिझाउन सक्छे भने कहीं दिदी-बहिनी बनी ममता र सहानुभूतिको शीतल छाँया वर्षाउन उद्यत रहन्छे । नारी समाजको कोमल मुर्ति हो, प्रेमको प्रतीक हो, प्यासको पोषक हो ।

विश्वका महापुरुष, महान् नेता, महामानव नारीकै



कोखबाट जन्मेर धन्य भए । महामानव गौतम बुद्धलाई पनि पवित्र शीलवती नारी महामाया देवीले जन्म दिएकी थिइन् । तर पुत्रोत्पन्नको सात दिन पछि नै तिनको देहावसान भयो । अनि शाक्य राजा शुद्धोदनकी कान्छी महारानी महाप्रजापति गौतमीले आफ्ना पुत्र नन्दकुमारलाई धाईहरूको हातमा सुम्पी राजकुमार सिद्धार्थलाई मातृ-स्नेह दिन आफ्ना काखमा लिइन् । दूध पिलाइन् । मातृ-स्नेह र ममताको खोलोमा सिद्धार्थलाई नुहाउँदै धुवाउँदै हुर्काइन्, बढाइन् ।

सिद्धार्थको स्याहार-सुसार, सम्भार गर्न उनी कहिल्यै पछि परिनन् । आफ्नो कर्तव्य पथबाट कहिल्यै विचलित भइनन् । महारानी भएर पनि उनले नारी कर्तव्यलाई भूलिनन् । नारी आदर्शलाई छोडिनन् । बरु यसलाई अझ स्पष्ट पार्न, आदर्श समाज फले-फुलेको पार्न तिनले अनुपम योगदान दिइन् ।

समाजमा कान्छी आमाले झड्केलो छोरो प्रति गर्ने दुर्व्यवहारको उल्टो महाप्रजापति गौतमीले राजकुमारलाई एकलौटे छोरोको आमाले गर्ने व्यवहार गरिन् । 'सानीमा सानीमा मात्र हुँदैन, किन्तु आमा पनि हुन सक्छे' भन्ने प्रमाण उनले प्रत्यक्ष देखाई दिइन् । आफ्नो छोरोको भन्दा सौताको छोरोलाई प्यार र स्नेहमयी मातृ-हृदयले लालन-पालन गर्नु उनको महान् उदारता हो । नारी समाजको निमित्त तिनको योगदान अत्यन्त महत्वपूर्ण छ । नारीको संकुचित धारणा, संकीर्ण विचार, आफ्नो अरूको भन्ने पक्षपात

भावना हटाउन महाप्रजापति गौतमीको जीवनीले दिएको पाठ नै पर्याप्त छ ।

समाजको कलह भैं-झगडाको विजारोपन आपसी मेलमिलापको कमिले हुन आउँछ । सौता-सौतामा बेमेल, सौता र छोरा-छोरीहरूमा दुष्मनी सबै मानसिक कमजोरीबाट सृजना हुने सामाजिक कलंक हुन्, दोष हुन् र समस्या हुन् । यी सामाजिक दोष र समस्याहरू समाधान गर्न हामीलाई अनेकन समस्याहरूमा जेलिनु पर्ने हुन्छ, कति दुःख, कष्ट सहनु पर्ने हुन्छ । कपटी दिल र पक्षपाती व्यवहारबाट बनेको समाज स्वस्थ हुन सक्तैन । अनि ती अस्वस्थ समाजका सदस्यहरूले कसरी शान्ति पाउन सक्छन् ? अतः आजको समाजमा महाप्रजापति गौतमी जस्तै सौताहरू र कान्छी आमाहरू भइदिएको भए समाजलले अर्कै रूप लिने थियो । उदारता र परस्पर प्रेम, सहानुभूतिको नीतिले सामाजिक जीवनमा पनि स्वर्गीय आनन्द लुट्न सकिन्थ्यो ।

सिद्धार्थ कुमारले गृहत्याग गर्दा महाप्रजापति गौतमीलाई सान्है पीर पर्‍यो । तिनी सिद्धार्थलाई सम्झन्दै विरह गर्थिन् । हुनत राजा शुद्धोदन र यशोधरा देवी पनि कम दुःखित भएनन् । यस दशामा महारानी गौतमीले आफ्नो व्यथालाई एकातिर पन्छाई दुबैलाई सान्त्वना दिई धैर्य धारण गराउँथिन् ।

सात वर्ष पछि सिद्धार्थले बुद्धत्व प्राप्त गरी अमृतमय



उपदेशद्वारा जनहित गर्दै कपिलवस्तु आइपुग्नु भयो । भगवान बुद्धको दर्शनले कपिलवस्तुका राजपरिवार र जनताहरू हर्षले अत्यन्त गद्-गद् भए । भगवान बुद्धको सरल, शान्त, सुमधुर धर्मोपदेशबाट राजा शुद्धोदन स्रोतापत्ति सकृदागामी र अनागामी मार्ग-फल र महाप्रजापति गौतमी स्रोतापत्ति मार्ग-फलमा आरुढ भए ।

भगवान बुद्ध प्रति अब महाप्रजापति गौतमीको श्रद्धा अडिग रह्यो । पहिलेको मातृ-स्नेह र ममता अब श्रद्धामा परिणत भयो । तिनको श्रद्धा, भाव-भक्ति अति शुद्ध निर्मल र पवित्र थियो ।

एक दिन राजदरवारमा बसिरहेकी महाप्रजापति गौतमीको मनमा भगवान बुद्धलाई कुनै पवित्र वस्तु चढाउने श्रद्धा उत्पन्न भयो । भगवान बुद्धलाई कस्तो वस्तुले पूजा गरे उपयुक्त हुन्छ भन्ने विचार गर्न थालिन् । पछि आफ्नै मेहनत र परिश्रमले तयार पारेर एक जोर चीवर (वस्त्र) भगवान बुद्धलाई अर्पण गर्ने निश्चय गरिन् । आफ्नै हातले कपास काटिन् । कपडा बुनिन् र चीवर तयार पारिन् ।

त्यस बेला भगवान बुद्ध भिक्षुगण सहित कपिलवस्तुको नेग्रोधाराममा विहार गरिरहनु भएको थियो । महारानी गौतमीले आफ्नो परिश्रमले तयार पारेको चीवर लिई स्व-परिवारका साथ भगवान बुद्ध कहाँ गइन् । भगवान बुद्धलाई पञ्चाङ्ग

दण्डवत् गरी एक छेउमा बसी कुशल वार्ता सिद्धिए पछि तिनले भगवान बुद्धसँग यसरी प्रार्थना गरिन्– "भन्ते, भगवन् ! मैले आफ्नै हातले कपास काटी, कपडा बुनी, चीवर तयार गरी श्रद्धापूर्वक तथागतलाई चढाउन ल्याएकी छु । अनुकम्पा गरी यस चीवरलाई स्वीकार गर्नु होस् ।"

महाप्रजापति गौतमीको प्रार्थना सुनी भगवान बुद्धले आज्ञा दिनु भयो– "गौतमी ! यस चीवर संघलाई दान देऊ । संघलाई दिंदा म पनि पूजित हुन्छु, संघ पनि पूजित हुन्छ ।"

महाप्रजापति गौतमीले बिन्ति गरिन्– "भगवन् ! भिक्षु संघको निमित्त बहु मूल्य पर्ने अनेक किसिमका चीवर वस्त्र मसँग प्रशस्त छन् । यो तथागतको निमित्त श्रद्धापूर्वक विशेष मेहनत गरी ल्याएकी छु । कृपा गरी तथागतले नै ग्रहण गर्नु होस् ।"

तथागतले संघलाई नै दिने अनुज्ञा दिंदै पहिलो वाक्यलाई नै दोहऱ्याउनु भयो । तेस्रो पटक पनि गौतमीले भगवानलाई नै चढाउने आग्रह गरिन् । तर भगवान बुद्धले फेरि उही वाक्यलाई तेहऱ्याउनु भयो । गौतमी महारानीको प्रार्थना सुनी भगवान बुद्धको उपस्थापक हुने आयुष्मान् आनन्द चुप लागेर बस्न सकेन । भगवान बुद्धको वाल्यकाल अर्थात् सिद्धार्थ छँदा महाप्रजापति गौतमीले अगाध माया ममताका साथ सेवा सुश्रुषा गरी पालनपोषण गरेको गुण वर्णन गर्दै उहाँले यसरी



बिन्ति गर्नु भयो– "भगवन् ! महाप्रजापति गौतमी तथागतको अत्यन्त उपकारी कान्छी आमा हो । फेरि भगवान बुद्धकै कारणबाट तिनले बुद्ध, धर्म र संघको शरणागत हुने मौका पाइन् । पञ्चशीलले युक्त भइन् । चतुरार्य सत्य– दु:ख, दु:ख उत्पत्तिको कारण, दु:खको नाश र दु:ख नाश हुने उपायलाई अवबोध गरिन् । अत: तथागत पनि गौतमीका महान् उपकारक हुनुहुन्छ । कृपया तिनले तथागतको निमित्त परिश्रम गरी ल्याएकी नयाँ चीवर ग्रहण गर्नु भई गौतमीको उपकारलाई प्रत्युपकार गरिदिनु होस् । अनन्त पुण्यका भागी बनाइदिनु होस् ।"

आयुष्मान् आनन्दको प्रार्थना सुनी तथागतले आनन्दको कुरालाई समर्थन गर्नु हुँदै चौध प्रकारका व्यक्तिगत दान, सात किसिमका सांघिक दान र चार थरीका दान विशुद्धिको व्याख्या गर्नु भयो । सांघिक दानको महत्ता दर्शाउनु भयो र भन्नु भयो– "व्यक्तिगत दान कुनै किसिमबाट पनि सांघिक दान भन्दा श्रेष्ठ हुँदैन ।"

भगवान बुद्धका श्रीमुखबाट सांघिक दानको महत्फल सुनी अत्यन्त खुशी भई गौतमीले तथागतलाई चढाउँछु भनेर ल्याएको चीवर भगवान बुद्ध प्रमुख भिक्षु महासंघलाई सादर समर्पण गरिन् ।

महाप्रजापति गौतमीको बुद्ध प्रति श्रद्धाको मात्रा बढ्दै गयो । बुद्ध-धर्ममा तिनको विश्वास झन गहिरियो । संघको

महत्व अझ छर्लङ्गियो । कपिलवस्तुको अग्र महारानी भएर पनि तिनलाई केही चैन भए जस्तो लागेन । परिचारिका सहित राजप्रासादमा बसेर पनि आनन्दको अनुभव गर्न सकिनन् । राज ऐश्वर्य तिनलाई खल्लो अनुभव भयो । अनेक गाना, बजाना, खजाना, रसरङ्गको अतिरिक्त परिवार बन्धु-बान्धवको बीचमा पनि आफूलाई एकलो महसूस गरिन् । किनभने तिनले यो कुरो थाहा पाइसकेकी थिइन् कि यी सबै ऐश्वर्य चार दिनका घाम-छाँया हुन्, यी बन्धु-बान्धव चार दिनका पाहुना हुन् । संसारमा केही चीज स्थायी छैन, केही नित्य छैन । अनि अस्थायी र अनित्यलाई कसरी 'म' 'मेरो' भन्ने ? जब-जब यी विचार गौतमी महारानीको मनमा आउँछन् तिनी गृहस्थ जीवन देखी अवाक्क हुन्छिन् । सांसारिक विषय वस्तु देखी हटासिन्छिन् । अनि यी झन्झटबाट मुक्त हुने उपाय सोचिन् । अन्तमा गृहत्याग गर्ने विचारले तिनी भगवान बुद्ध कहाँ गइन् ।

भगवान बुद्ध त्यस बेला भिक्षु महासंघ सहित कपिलवस्तुको नेग्रोधाराममा विहार गरिरहनु भएको थियो । महाप्रजापति गौतमी पाँच सय शाक्य राजकुमारीहरूका साथ प्रव्रजित हुने हेतुले भगवान बुद्धकहाँ गई भगवान बुद्धलाई पञ्चाङ्ग वन्दना गरी एक छेउमा बसिन् । चाहिंदो कुशल क्षेमको वार्ता सिद्धिए पछि महाप्रजापति गौतमीले तथागतसँग यसरी प्रार्थना गरिन्– "भगवन् ! हामी नारी जातिलाई पनि तथागतको धर्म-विनयमा प्रव्रजित हुने वचन दिनु भए हाम्रो ठूलो कल्याण हुनेछ ।"



महाप्रजापति गौतमीको कुरा सुनी भगवान बुद्धले भन्नु भयो– "गौतमी ! तिमीले तथागतको धर्म-विनयमा नारी जातिलाई प्रव्रज्या दिलाउने इच्छा नगर्नु ।"

महाप्रजापति गौतमीले तीन पटकसम्म उही प्रार्थना दोहऱ्याइन् । भगवान बुद्धले दोस्रो र तेस्रो पटक पनि पहिले कै उत्तर दिनु भयो । भगवान बुद्धले नारी जातिलाई तथागतको धर्म-विनयमा प्रव्रजित हुने वचन दिनु नभएकोले तिनी दुःखी, दिक्दार भई, आँखा भरी आँसु पार्दै तथागतलाई पञ्चाङ्ग दण्डवत् र प्रदक्षिणा गरी राजदरवारमा फर्किन् ।

भगवान बुद्ध पनि इच्छानुसार कपिलवस्तुमा विहार गर्नु भई पछि क्रमशः चारिका गर्दै वैशालीमा पुग्नु भयो र त्यहाँ महावनको कुटागारशालामा विहार गर्नु भयो ।

महाप्रजापति गौतमी राजदरवारमा त फर्किन् तर तिनको मन स्वच्छ, शान्त, पवित्र, प्रव्रजित जीवनबाट फर्काउन सकिनन् । कारण संघको महत्व तिनले बुझिसकेकी थिइन् । त्यसको महानतामा तिनी भिजिसकेकी थिइन् । 'गृहस्थ जीवन भन्दा त्यागमय जीवन सरल र झन्झट रहित छ' भन्ने कुरो तिनले जानिसकेकी थिइन् । 'जति सक्यो उति बटुल्नुमा भन्दा जहाँतक सम्भव छ छोड्नमा मानसिक शान्ति पाउन सुलभ हुन्छ' भनी थाहा पाइसकेकी थिइन् । यही त्यागमय श्रेष्ठ जीवन व्यतीत गर्ने सपना देखेकी थिइन् ।

भगवान बुद्धको स्वाख्यात धर्म-विनयमा भिक्षु संघ झैं

भिक्षुणी-संघको स्थापना गर्ने तिनको तीव्र इच्छा थियो । पुरुष सरह नारीलाई पनि समानाधिकार प्राप्त गराउने उद्देश्य थियो । त्यसमा आफू स्वयं सम्मिलित भई नारी वर्गको उत्थान गर्ने अभिलाषा थियो । अनि थियो, यस सांसारिक प्रपञ्चबाट मुक्त भई, पञ्चकामबाट अलग्ग भई; दुःख, दर्द, शोक रहित चीर शान्ति अर्थात् अर्हत्व लाभ गर्ने महान् आकांक्षा । तर भगवान बुद्धको दया र करुणाको आँचमा नपरे सम्म तिनको आकांक्षा अपूर्ण नै हुन्छ । तथागतको नारी प्रति अनुपम देन विना प्रजापति गौतमीको सपना साकार हुन असम्भव नै हुन्छ ।

भगवान बुद्धले नारी जातीलाई प्रव्रज्या गर्ने अनुज्ञा नदिई फर्काए तापनि महाप्रजापति गौतमी निराश भइनन् । तिनी प्रयत्नशील नारी थिइन् । आफूले अँटेको काम फत्य गर्न हर सम्भव कोशिश गरिन् । आफ्नो लक्ष्य पूरा गर्न अनेक बाटो खोजिन् । अन्तमा आफ्नो केश आफैले काटी पीत वस्त्र (काषाय वस्त्र) पहिरी भगवान बुद्ध कहाँ गई फेरि एक चोटि भिक्षुणीत्वको अनुज्ञा माग्ने दरिलो साहश बटुलिन् । तिनको यस साहशमा प्रशंसित भई अरू पाँच सय शाक्य राजकुमारीहरू पनि तिनले अपनाएको बाटोमा अनुकरण गर्ने निश्चय गरे । महाप्रजापति गौतमीलाई 'के खोज्छस् कानो, आँखा भैं' भयो । एक्लैले भएपनि आफ्नो लक्ष्यमा पुग्न निर्णय गरिसकेकी साहशी नारीलाई यतिको नारी समूहको भरोसा पाउँदा तिनलाई हर्ष लाग्नु स्वाभाविकै थियो । तुरन्तै आ-आफ्नो केश मुण्डन गरी, पहेंलो वस्त्र लगाई भगवान बुद्ध कहाँ जान तत्पर भए ।



'स्वयं महाप्रजापति गौतमी र अन्य राजकुमारीहरू कपिलवस्तु देखि वैशालीसम्म पैदल यात्रा गर्ने रे' भन्ने थाहा पाई राजकर्मचारीहरूले रथ, पालकी आदि तयार गर्न लगाए । तर तिनीहरूले पैदल जाने निश्चय गरे । कारण प्रव्रजित जीवन दर्वारिया जीवन होइन । त्यसमा अवश्य शारीरिक दुःख, कष्ट सहने क्षमता हुनु पर्छ । थोरै साधनमा सन्तोष लिन सक्नु पर्छ । अनि मात्र प्रव्रजित जीवनको मूल्य रहन्छ र नारी पनि त्याग र तपस्यामा जस्तोसुकै कष्ट भोग्नु परे पनि पछि हट्दैनन् भन्ने विश्वास भगवान बुद्धलाई दिलाउन सकिन्छ । यही उद्देश्य लिई महाप्रजापति गौतमी आफ्ना अनुचरहरूका साथ पैदल यात्रा गर्दै वैशालीको कुटागारशालामा पुगिन् ।

त्यस बेला महाप्रजापति गौतमीको आयु अस्सी (८०) वर्ष पुगिसकेको थियो । राजऐश्वर्यमा हुर्के-बढेको, सुख-सुविधामा जीवन बिताएका सुकुमारीहरू यतिको लामो बाटो हिड्दा तिनीहरूले ठूलो दुःख सहनु पर्‍यो । अनेक कष्ट भोग्नु पर्‍यो । विशेषतः महाप्रजापति गौतमी एक त उमेर पुगिसकेकी वृद्धा थिइन्, तिनलाई बढी यातना भयो । तिनको जिउ भरी धुलै-धुलो थियो । लामो हिँडाइले गर्दा खुट्टा सुनिएका, फोका उठेका, पाइतलाको ठाउँ ठाउँमा छाला फाटेका थिए । तैपनि तिनले यस कष्टलाई कष्ट मानिनन्, दुःख सम्भिनन् । तिनको मानसिक वेग र भिक्षुणीत्व ग्रहण गर्ने महान् संकल्पको अगाडि यी दुःख कष्ट तिनलाई केही न केही जस्तो भयो । बरु भगवान बुद्धले तिनलाई शरण नलिनु होला, भिक्षुणी हुन अनुज्ञा नदिनु होला भन्ने भयले सार्‍है पीर परिरहेको थियो ।

आफैले पीत वस्त्र लगाएर आइसकेकीले एकास्सि भगवान बुद्धकहाँ जान पनि साहश गर्न सकिनन् । त्यसैले तथागत देखी भयभित भई विहार कै ढोका बाहिर उभिई सुक्-सुक् गरी रोइरहिन् ।

आयुष्मान् आनन्द माथिबाट तल सुरु-सुरु ओर्लिदा ढोका बाहिर उभिरहेकी महाप्रजापति गौतमीलाई देख्नु भयो । तिनको जिउभरी धुलो, सुनिएको खुट्टा, अश्रुपूर्ण नयन, माया लादो अनुहार देखी भिक्षु आनन्दलाई दया उठ्यो । उहाँले सोध्नु भयो– "गौतमी ! तिमी किन यस्तो हालतमा यहाँ उभिरहेकी ?"

महाप्रजापति गौतमीले भनिन्– "के गर्ने त भन्ते, भगवान बुद्धले नारी जातिलाई प्रव्रजित हुने अनुज्ञा नदिएपछि !"

महाप्रजापति गौतमीको उत्तरले भिक्षु आनन्दको मनमा च्वास् बिभ्यो । गौतमीलाई प्रव्रज्या दिलाउने भगवान बुद्धसँग अनुज्ञा लिने उहाँको भित्री मनले निर्णय गऱ्यो । गौतमीलाई एकै छिन त्यहीं पर्खाई आयुष्मान् आनन्द सरासर भगवान बुद्धकहाँ जानुभयो । भगवान बुद्धलाई अभिवादन गरी एक छेउमा बसिसके पछि उहाँले तथागतलाई महाप्रजापति गौतमीको यथार्थ हाल बताउनु भयो । अनि नारी जातिलाई पनि बुद्ध-शासनमा प्रव्रजित गराउने आज्ञा माग्नु भयो ।

भगवान बुद्धले उत्तर दिनु भयो– "आनन्द ! तिमीले तथागतको धर्म-विनयमा नारीलाई प्रव्रज्या दिलाउने इच्छा नगर्नू ।"



आयुष्मान् आनन्दले तीन पटकसम्म आफ्नै आग्रह भगवान बुद्ध समक्ष राख्नु भयो । भगवान बुद्धले दोस्रो र तेस्रो पटक पनि उही उत्तर दिनु भयो । अनि आयुष्मान् आनन्दले नारी जातिलाई भिक्षुणीत्व दिलाउने हेतुले तथागतसँग अर्कै किसिमले प्रश्न गर्ने निश्चय गर्नु भयो । उहाँले बिन्ति गर्नु भयो– "भगवन् ! के नारी-जातिले घरबार छोडी प्रव्रजित भई तथागतको धर्म-विनयमा रही तथागतले दर्शाउनु भएको मार्ग स्रोतापत्ति, सकृदागामी, अनागामी, अर्हन्त मार्ग र फल साक्षात्कार गर्न सक्छन् ?"

भगवान बुद्धले भन्नु भयो– "साक्षात्कार गर्न सक्छन्; आनन्द !"

आयुष्मान् आनन्दले निवेदन गर्नु भयो– "त्यसो भए भन्ते भगवन् ! महाप्रजापति गौतमी तथागतको अभिभाविका हो, क्षीरदायिका हो, जसले आफ्नै दूध पिलाएर तथागतलाई हुर्काइन् । यस्ती मातृ-हृदयी, उपकारी महाप्रजापति गौतमीलाई कृपया तथागतको धर्म-विनयमा प्रव्रजित हुने अनुज्ञा दिनु होस् ।"

तथागत अब नारी-जातिलाई यस पवित्र धर्म-विनयबाट वञ्चित् गराउन चाहनु भएन । तर उहाँ यो जान्नु हुन्थ्यो कि नारी र पुरुषको समागमबाट कस्तो परिणाम निस्कन्छ । विशेषतः त्यागमय जीवनमा यसको आँचसम्म पर्न पनि ठूलो ह्रासको कुरो हुन आउँछ । संघको बद्नाम हुन्छ । प्राप्त गर्नु पर्ने लक्ष्यको अधोगति हुन्छ । शुद्ध-ब्रह्मचर्य चीरकालसम्म रहन

सक्तैन । त्यसैले अंगुत्तर निकायमा भगवान बुद्धले भन्नु भएको छ- "नाहं, भिक्खवे, अञ्ञं एकरूपम्पि समनुपस्सामि, यं एवं पुरिसस्स चित्तं परियादाय तिट्ठति, यथयिदं, भिक्खवे, इत्थिरूपं । नाहं, भिक्खवे, अञ्ञं एकरूपम्पि समनुपस्सामि, यं एवं इत्थिया चित्तं परियादाय तिट्ठति, यथयिदं, भिक्खवे, पुरिसरूपं ।"[1]

अर्थात् भिक्षुहरू, मैले यस्तो कुनै रूप देखिन जति स्त्री-रूपले पुरुषको मनलाई आकर्षण गर्दछ; त्यस्तै मैले कुनै यस्तो रूप देखिन जति पुरुष रूपले स्त्रीको मनलाई आकर्षण गर्दछ ।

हुनत यस धर्म-विनयमा नारी-जातिको प्रवेशले नारी पक्षको हित त अवश्य हुन्छ । बौद्ध-समाजमा पुरुष सरह नारीको गणना हुन्छ । नारीको यस अभियानले तत्कालीन सामाजिक व्यवस्थामा एक पाइला अघि सारेको प्रमाणित हुन्छ । संघमा नारी र पुरुषलाई समान हक दिइएको छ भन्ने स्पष्ट हुन्छ । साथै नारी तीक्ष्ण बुद्धिका, विनय-नियम पालन गर्नुमा पछि नपरेको कुरो स्पष्ट ठहर्छ ।

हो, संघमा नारीलाई प्रव्रज्या दिलाए पछि उनीहरू घर गृहस्थी छोडेर भिक्षुहरू झैं एकान्तमा बस्नु पर्ने हुन्छन् । अनि उनीहरूको रक्षार्थ देखभाल गर्ने काम भिक्षुहरूमा नै

१. अंङ्गत्तर निकायो 'पठमो भागो (पठमो खण्धो) एकक-दुक-तिकनिपातपालि



आइपर्छ । उनीहरूलाई उपदेश र अनुशासन गर्नु भिक्षुहरू कै जिम्मा हुन्छ । यसको निमित्त भिक्षुहरू भिक्षुणीहरूकहाँ जानु अथवा भिक्षुणीहरू भिक्षुहरूकहाँ आउनु पर्ने आवश्यकता पर्छ । यसरी परस्पर आवागमनको कारणले उनीहरूको मन चञ्चल हुन सक्छ, कमजोर हुन सक्छ; शुद्ध-ब्रह्मचर्य पालन गर्नमा बाधा पर्ने सम्भावना हुन्छ ।

बुद्धत्व तथागतका जन्मजन्मान्तरको कठोर परिश्रमको फल हो । यसलाई सकेसम्म चीरस्थायी गरी 'बहुजन हिताय', 'बहुजन सुखाय' गराउने तथागतको आन्तरिक इच्छा हो । शायद यही विचारले हुन सक्छ– भगवान बुद्धले नारी-जातिलाई प्रव्रजित हुने अनुमति दिन हिच्किचाउनु भएको । तर आयुष्मान् आनन्दको तथ्यपूर्ण सुझाउ र तर्कपूर्ण अनुरोधले भगवान बुद्ध प्रभावित नभई रहन सक्नु भएन । नारीको असीम श्रद्धा र अथक परिश्रममा भगवान बुद्ध चकित हुनु भयो । नारीलाई प्रव्रज्या दिन उहाँको हृदय चलमलाउन थाल्यो । दया र करुणाले भरियो । आठ वटा विशेष नियमको शर्तमा नारी-जातिलाई बुद्ध-शासनमा प्रव्रजित गराउन सहमत हुनु भयो र भन्नु भयो– "आनन्द ! यदि महाप्रजापति गौतमीले आठ प्रकारका विशेष नियम (गरु-धम्म) सत्कारपूर्वक, गौरवपूर्वक शुद्ध रूपले जीवन भर पालन गर्ने कराल गरे त्यही नै गौतमीको प्रव्रज्या र उपसम्पदा हुन्छ ।"

ती आठ विशेष नियम हुन् :–

(१) "उपसम्पदाले सय वर्ष जेष्ठी भएकी भिक्षुणीले आज मात्रै उपसम्पदा भएको भिक्षुलाई पनि अभिवादन, प्रत्युष्पस्थान, नमस्कार तथा आदर, सत्कार गर्नु पर्छ ।

(२) भिक्षुणीले भिक्षु आश्रम नभएको आवासमा वर्षावास गर्नु हुँदैन ।

(३) प्रत्येक पक्ष (पन्ध्र दिन) मा भिक्षुणीहरू भिक्षुहरू कहाँ गई उपोसथ गराउने गर्नु पर्छ ।

(४) वर्षावास गरिसकेको भिक्षुणीहरूले भिक्षु र भिक्षुणी संघमा गई देखेको, सुनेको शङ्का लागेको कुरो प्रकाशमा ल्याउने गर्नु पर्छ अर्थात् दृष्ट, श्रुत, परिशंकितको हिसावले पवारणा गर्नु पर्छ ।

(५) गरु-धम्म (संघादिसेसादि दोष, पाप कर्मको दोष) मा परेको भिक्षुणीले दुबै संघमा गई एक पक्षसम्म भूल स्वीकारी बस्नु पर्छ (मानात्मना पालन गर्नु पर्छ) ।

(६) दुइ वर्षसम्म छ शिक्षा[1] पालन गरिसकेकी नारीले भिक्षु र भिक्षुणी दुबै संघ सभामा गई उपसम्पदा माग्नु पर्छ ।

(७) भिक्षुणीले केही गरे पनि भिक्षुलाई निन्दा, उपहास गर्नु हुँदैन ।

१. पञ्चशील र विकाल भोजन



(८) आजदेखि भिक्षुणीहरूले भिक्षुहरूलाई केही भन्न नपाउने तर भिक्षुहरूले भिक्षुणीहरूलाई जे पनि भन्न पाइने भयो ।"

यी आठै नियम भिक्षुणीले सत्कारपूर्वक, गौरव पूर्वक ग्रहण गरी जीवन भर उल्लघंन नगर्ने प्रतिज्ञा गर्नु पर्छ ।

भगवान बुद्धले आयुष्मान् आनन्दलाई सम्बोधन गर्नु भई भन्नु भयो– "आनन्द ! यदि महाप्रजापति गौतमीले यी आठ गरु-धम्म सहर्षपूर्वक स्वीकार गरी पालन गर्ने प्रतिज्ञा गरे यही नै तिनको प्रव्रज्या र उपसम्पदा हुन्छ ।"

आयुष्मान् आनन्दले यी नियम त्यहीं कण्ठ गरी गौतमी कहाँ गई भन्नु भयो– "गौतमी ! यदि तिमीले यी आठ गरु-धम्मलाई सत्कारपूर्वक र गौरवपूर्वक शुद्धसँग पालन गरी जीवनभर उल्लंघन नगर्ने प्रतिज्ञा गरे यही नै तिम्रो प्रव्रज्या र उपसम्पदा हुनेछ ।" उहाँले भगवान बुद्धले आज्ञा दिनु भए झैं ती आठै नियमहरू सुनाउनु भयो ।

महाप्रजापति गौतमीले यी आठ नियम (गरु-धम्म) सुनेपछि तिनी अत्यन्त हर्षित् भइन् । तिनको सबै शङ्का समाप्त भयो ।

तिनी प्रशन्न भई आयुष्मान् आनन्दलाई यसरी निवेदन गरिन्– "भन्ते आनन्द ! सिङ्गार पतार गर्न मन पराउने, आभूषणले

सजिसजाउ हुन चाहेने कोही नव युवक वा नव-युवतीलाई राम्रा-राम्रा लुगा-गहना, फूलका माला, अत्तर-पाउडर आदि श्रृङ्गारिक-वस्तु पाउँदा जसरी प्रसन्नतापूर्वक दुबै हातमा थापी लिन्छ त्यस्तै मैले पनि यी आठ विशेष नियम आदर, सत्कार र गौरवपूर्वक ग्रहण गरी जीवनभर उल्लंघन नगर्ने प्रतिज्ञा गर्छु ।"

महाप्रजापति गौतमको यी कथनबाट 'तिनको बुद्ध प्रति अचल श्रद्धा, धर्ममा अगाढ विश्वास र संघमा महान् आदर छ' भन्ने कुरो स्पष्ट झल्किन्छ । अर्कोतिर तिनी कपिलवस्तुका शाक्य रानी, उमेरले जेष्ठी र स्वयं भगवान बुद्धका माता भएर पनि तिनमा अहंकार र अभिमानको चिन्हसम्म पनि नभएको प्रमाणित हुन आउँछ । साथै भिक्षुणी संघको स्थापनाको निमित्त तिनले गरेको त्याग र तपस्या अनुकरणीय छ; नारीलाई पुरुष सरह संघ समाजमा प्रवेश गराउने तिनको प्रयत्न प्रशंसनीय छ; आफू स्वयं संघ समाजमा सम्मिलित् भई प्रधान नायिका बनी भिक्षुणी संघको सुचारु रूपले परिचालन गरेको योगदान अविस्मरणीय छ । भिक्षुणी संघको विशेष नियम, अरू कतिपय नियम-उपनियम पालन गरी अर्हत्व लाभ गरी दर्शाएको मार्ग झन् अनुगमनीय छ । यसरी एकातिर नारी-एक महान् तपस्वी नारी महाप्रजापति गौतमीको ऋणी छन् भने अर्कोतिर नारी जाति नै भगवान बुद्धका देनदेखि विमुख छैनन् ।

भगवान बुद्धले नारीलाई प्रव्रज्या र उपसम्पदा स्वरूप दिनु भएको आठ विशेष-नियमलाई मूल्यांकन गरेर हेर्ने हो



भने पहिलो नियममा नारी स्वभावतः क्षमाशील, विनयी प्रकृतिका हुन्छन् भन्ने संकेत पाइन्छ । दोस्रो नियमले भिक्षुणीहरूको सुरक्षा अप्रत्यक्ष रूपबाट भिक्षुहरूलाई नै सुम्पिएको मालुम हुन्छ । तेस्रो, चौथो र पाँचौ नियममा भिक्षुणीहरूको कायिक, वाचिक र मानसिक कमजोरी हटाउन र केही कारण वा प्रमादवशः दुष्कर्म गरे वापत दुबै संघ समक्ष प्रायश्चित गर्न बाध्य तुल्याइएको प्रतीत हुन्छ । सातौं र आठौं नियममा स्त्रीको निन्दा र छुल्याइँ गर्ने स्वभावलाई प्रतिबन्ध लगाई तथागतद्वारा प्रदर्शित धर्ममा भिक्षुहरूले दिएको उपदेशानुसार आचरण गर्नु पर्ने लक्षण देखा पर्छ । संक्षिप्तमा भनौं भने भगवान बुद्धले नारी वा पुरुष, भिक्षु वा भिक्षुणीको पक्ष लिएर होइन, बरु नारी संघमा प्रव्रज्या ग्रहण गरी प्रवेश गरे पनि तथागत प्रदर्शित धर्म-विनय, ब्रह्मचर्य सासन चीरस्थायी गराउने हेतुले नै यी आठ प्रकारका विशेष नियम बनाइएको बुझिन्छ । किनभने भगवान बुद्धले भन्नु भएको छ– "सेय्यथापि आनन्द, पुरिसो महतो तलाकस्स पटिकच्चेव आलिं बन्धेय्य यावदेव उदकस्स अनतिक्कमनाय एवमेव खो, आनन्द, मया पटिकच्चेव भिक्खुनीनं अट्ठ गरुधम्मा पञ्ञता यावजीवं अनतिक्कमनीया ति ।"[१]

अर्थात् आनन्द ! जसरी मानिसले ठूलो पोखरीको पानी रोक्नको निमित्त पर्खाल लगाउँछ, त्यस्तै मैले पनि पहिले नै भिक्षुणीहरूको जीवनमा उल्लंघन गर्न नहुने आठ विशेष नियम स्थापित गरी दिएँ ।

---

१. चुल्लवग्गपालि

हुनत भगवान बुद्धले यी आठ नियम मात्र होइन समयको माग, परिस्थिति र आवश्यकतानुसार भिक्षुणी विनयमा ३११ नियमहरू बनाइदिनु भएको छ जहाँ भिक्षु विनयमा २२७ मात्र । ती मध्ये गर्भवती स्त्रीलाई प्रव्रज्या नदिने र ऋतुमती सम्बन्धी विशेष नियमहरू समावेश भएका छन् जुन भिक्षुहरूको निमित्त आवश्यकता नै पर्दैन ।

जे होस्, भगवान बुद्धले भिक्षु संघ र भिक्षुणी संघमा जति विनय, नियम-उपनियमहरू बनाउनु भयो ती सबै प्रायः गरी इन्द्रिय संयम, अनुशासित, चारित्रिक शुध्याइँ र मानसिक शान्तिको निमित्त नै छन् । दुःख, दर्द, हैरानी; कायिक, मानसिक क्लेश उपशमनको निमित्त नै हुन् ।

यसरी भगवान बुद्धको दया र करुणायुक्त हृदयले महाप्रजापति गौतमीको प्रार्थना स्वीकार गर्नु भयो । तिनको सपनालाई साकार पारी दिनु भयो । नारीलाई बुद्ध-शासनमा भिक्षुणी हुने ढोका खोलिदिनु भयो । दलित, उपेक्षित नारीलाई समान हक प्रदान गरी तत्कालीन समाजमा एक साहशिलो पाइला सार्नु भयो । भिक्षु सरह भिक्षुणीलाई, उपासक सरह उपासिकालाई 'एतदग्ग' पद प्रदान गर्नु भयो । जस्तो सुकै नीच कुलमा जन्मेकी, वेश्यावृत्तिमा लागेकी, समाजले परित्याग गरेकी, विक्षिप्तावस्थामा परेकी नारी पनि भगवान बुद्धको महान् दया, अनुपम करुणाको परिधिमा पर्दा तिनीहरू सत्य-मार्गमा लागेका, यथार्थतालाई बुझेका, वास्तविकतालाई



अँगालेका, सांसारिक कर्म क्षेत्रबाट उत्रेका, अर्हत्व लाभ गरी जीवन मुक्त भएका कतिपय प्रमाण हाम्रो सामु छन् । अतएव यी सबै भगवान बुद्धका नारी प्रति अगाढ दया, अतुलनीय करुणा, अनुपम देनका प्रमाण हुन् ।

# पुत्र-वियोगिनी
## (कृशा गौतमी)

मानव समाजमा अनेक विषमताहरू छन् । ती विषमता मध्ये आर्थिक विषमता पनि एउटा हो । अर्थ वा धनले समाजमा ठूलो भूमिका खेलेको छ । धनको निमित्त मानिस दौडधूप गर्दछ । अड्डा अफिस धाउँछ । सकि-नसकि मेहनत गर्छ । धनको कारणले कसैलाई एकछिन् फुर्सत छैन । चाँडो धन कमाउन मानिसले न्याय-अन्यायको ख्यालै राख्न सकेन । छलकपट गर्न पछि परेन । कोही चोरी गरेर धन सोर्न थाले त कोही डकैती गरेर गाउँका गाउँ स्वाहा पार्न थाले । कोही धनको लालचमा परेर एकले अर्कालाई षडयन्त्र रच्छन्, मार्न तम्सिन्छन् । धनको निमित्त मानिसले आफ्नो ज्यू-ज्यानको माया त्यागे । धनको प्रलोभनमा परेर सयकडौं यात्री यात्रा गरिरहेको विमानलाई समेत धम्कि दिने, उडान विमानको अपहरण गर्ने, माग पूरा नभए यात्रीहरूको साथ आफू पनि जल्ने आज चलन चल्तिका विषय बनिरहेका छन् । संसारमा जति मानिस तड्पी रहेछन्, शोकानुकूल भइरहेछन् । विरह, व्यथा, छटपटिका मूल कारण अधिक मात्रामा धन नै छन् ।

धनले समाजमा दर्जाको तह छुट्याई दिन्छ । धनी, साहु, महाजन, निर्धनी, गरीब, कङ्गालबाट बिल्कुलै अलग्याई



दिन्छ । धनले नाताकुतुम्बको नाता नै तोडी दिन्छ । बाबु-छोरा, भाइ-भाइमा झगडाको बीजारोपन गरी दिन्छ । जातीयतामा विषमता फैलाई दिन्छ । धन कै कारणबाट कसैले कसैलाई मार्छन्, आत्म हत्या गर्छन् ।

धनको महिमा अपार छ । धनले मूर्खलाई पण्डित तुल्याई दिन सक्छ । गंवारलाई शहरीया बनाइ दिन्छ । विरूपलाई रूपवतीमा परिणत गराइ दिन्छ । मूर्ख ज्ञानी सदृश हुन्छ । जतिसुकै अधम, नीच, पाप काम गरे पनि धनले माफि दिलाई दिन्छ । उसकै दशा सप्रन्छ । लोकमा उही प्रतिष्ठावान बन्छ । उसकै जगजगी चल्छ । समाज उसैतिर झुक्छ । मान मर्यादा प्रशंसा पाएर ऊ धक्क फुल्छ ।

तर निर्धनीले धनीको विपरित दशा भोग्नु पर्छ । जातमा श्रेष्ठ भएपनि अश्रेष्ठमा गनिन्छ । आफन्तहरूले देखे नदेखे गर्छन् । न्याय कुरा गरे पनि कोही कान दिंदैनन् । जहाँ गएपनि छिः-छिः दूर-दूरका भागी बन्नु पर्छ । कोही टेरपुच्छर लगाउँदैनन् । भोक लागे खान पाउँदैन । रोग लागे औषधि पाउँदैन । मरे कोही आउँदैनन् । वियोग व्यथाले विव्हल भएपनि कोही साथ दिंदैनन् । धन्य ! धनको महिमा !

समाजको यो आर्थिक विषमता रूपी रोग आजको समाजमा मात्र देखा परेको होइन । यो रोग सदियौं पुरानो छ तर अहिले सम्म निको हुन सकेको छैन । ईशापूर्व ५०० शताब्दी

अर्थात् भगवान गौतम बुद्धको समयमा पनि यस्तै रोगले सताइएको एक निर्धनी परिवार थियो । त्यस परिवारमा कृशा गौतमी नामक एक युवती थिइन् । कृशा गौतमीका माता-पिताले निर्धनको कारणबाट ज्यादै दुःख भोगिसकेका थिए । अतः आफ्नी प्यारी छोरीले यस्तो दुःख भोग गर्न नपरोस् भन्ना खातिर तिनको निमित्त एक सम्पन्न वर खोज्दै थिए । संयोगवशः आफ्नै जातीय एक धनी परिवार उनीहरूले फेला पारे । कुराकानी चले । छोरी दिने निधो गरे । मंगल-मुहुर्तमा विवाह लग्नको गाँठो कसियो । कृशा गौतमीलाई माता-पिता र मान्यजनले स्नेह पूर्वक शुभ-आशिर्वाद वर्षाउँदै बिदा दिए । सुँक्क-सुँक्क रुँदै, तिनले सबैलाई अभिवादन गरी आशिर्वाद थापिन् र तिनी आफ्ना पतिदेवको घरतिर लागिन् ।

कृशा गौतमीको घर धनले सम्पन्न भएपनि परिवार मनका कपटि थिए । धनको अभिमानमा चुर्लुम्ब डुबेका थिए । गरीब परिवारकी छोरी कृशा गौतमीलाई तिनीहरूले मान्छे नै गनेनन् । बुहारी नै ठानेनन् । घरका सबै दैनिक काम तिनी एक्लैले गर्नु पर्थ्यो । विचरीले सकि-नसकि आफ्ना काम तय पार्थिन् । चुँक बोल्यो कि गरुड पुराण सुन्नु पर्थ्यो । अनेक लाञ्छना थाप्नु पर्थ्यो । माइतका गरीबी, असम्पन्नता, दीन-हीनताको विषयमा के-के हो के-के फलाकेको सहनु पर्थ्यो । विचरीलाई त्यहीं कोचिएर काम तहलाउनु सिवाय् अरू उपाय थिएन ।



तिनी विहान सबेरै उठ्थी । घरका आइपरेका सबै काम सिध्याउँथी । अबेला सुत्थी । यी सब परिणाम धनको विषमताले नै भएको थियो । असम्पन्न परिवारले सम्पन्न परिवारसँग बैबाहिक सम्बन्ध जोडेको प्रतिफल थियो । तर तिनको आमा-बाबुलाई के थाहा तिनी सम्पन्न परिवारमा गएर पनि त्यस्तो दुःख भोग्नु पर्ला, त्यस्तो कष्ट सहनु पर्ला भनेर । तर गर्नु के ? गरोस् के विचरीले ! चुपचाप सही रहिन् ।

कृशा गौतमीले दिन-रात अथक परिश्रम गरेर घर धन्धा चलाउँथी । सासू-ससुराको सेवा-टहल गर्थी । पतिदेवलाई चाकरी गर्थी । रिझाउने प्रयत्न गर्थी । तर व्यर्थ । कारण तिनका सासू-ससुरा नातिको मुख हेर्न अति आतुरीमा थिए भने पति छोरो पाउने आशामा थियो । तिनले तिनीहरूको यो एउटा इच्छा पूर्ति गरिदिन सकेकी थिइनन् । त्यसैले तिनले जति परिश्रम गरे पनि परिश्रमको फल पाउन सकेकी थिइनन् । उल्टो अल्छिनी, कलंकी, कुलाङ्गारनीको संज्ञा दिइन्थ्यो । एका बिहानै तिनको मुख हेरेर गए कहीं केही काम पनि फत्य हुँदैन भनी लाञ्छना लगाउँथे । छरछिमेकीहरू पनि कोही देखे नदेखे गर्थे । कोही मुन्टो बतारेर हिड्थे । यसले गर्दा कृशा गौतमीको हृदयमा ठूलो चोट लागेको थियो । उनी मनमनै पुकार्थिन्– “हे भगवन् ! मलाई एउटा सन्तान भइदिएको भए मेरो जीवनमा सुनौलो घाम उडाउँदो हो !”

नभन्दै तिनको जीवनमा बसन्तले काँचुली फेऱ्यो ।`

तिनले नयाँ जीवनको अनुभव गरिन् तिनमा गर्भधारणको लक्षण देखा पऱ्यो । उनी प्रतिको घृणा बिस्तार-बिस्तारै सेलाउँदै गयो । हेला बिलाउँदै गयो । घरको काम-धन्धा पनि केही हलुका हुँदै गयो । पहिलेको कलंकी अहिले निष्कलंकी बन्न थालिन् । पहिलको अल्छिनी अहिले लक्ष्मी स्वरूप बनिन् । तिनको जीवनमा बसन्त बहार चल्न थाल्यो । मग-मग सुवास छरिन थाल्यो । सुदिन फर्किन लाग्यो ।

समय सधैं एकनास रहँदैन । कहिले रात छ त कहिले दिन । कहिले अन्धकार, कहिले प्रकाश । मानिसको जीवनमा पनि सुख-दुःख रूपी दुइ पाङ्ग्रा गुडि नै रहन्छन् । जीवनमा कहिले सुख रूपी घाम उडाउँछ त समयको परिवर्तनले कहिले अस्ताउँछ पनि । कहिले दुःखै-दुःखको कालो बादल च्यातिएर एक छिन सुख रूपी घाम झुलुक्क झुल्किन्छ पनि । कृशा गौतमीको जीवनमा पनि यस्तै घटना घटेको देखिन्छ ।

सेकेण्ड, मिनेट, घण्टा गर्दै दिन, हप्ता, महिना बित्न थाल्यो । ठीक समयमा कृशा गौतमीले एक चन्द्र समान तेजिला सुन्दर बालक पैदा गरिन् । सासू-ससुरा खुशीले नाच्न थाले । पतिदेवको खुट्टा भूँइमा परेनन् । घरका अन्य सदस्यहरू मक्ख परे । नातादारहरू रमाए । गाउँले छिमेकीहरूले सोझो दृष्टिले हेर्न थाले । मान-मिजासमा गजबको परिवर्तन हुन थाल्यो ।



बालक शुक्ल पक्षको चन्द्रमा झैं बढ्न थाल्यो । हिस्सी परेको मुख, चिटिक्क परेको नाक, ठूल्ठूला आँखा, फराकिलो निधार, धनूषकार आँखि भौं, पातलो तर सानो ओंठ, लामा कान, हृष्टपुष्ठ शरीर, जति हेरे पनि न अघाउने रूप । यस्तो सुन्दर बालक पाउन सकेकीमा कृशा गौतमी आफूलाई धन्य सम्झन्थी । मनमनै अत्यन्त खुशी हुन्थी ।

यही बालकको कारणबाट तिनले जीवनमा यत्रो परिवर्तनको अनुभव गरिन् । छुच्चो-छुच्चीमा एक नम्बर सासू-ससुराले अहिले उदारता दर्शाउन थाले । धनको अभिमानले मात्तिएका अहिले केही सेलाउन थाले । सम्पन्न-असम्पन्नताका कट्टर विभेदी अहिले केही भेद सुल्झाउन तिर लागे । दीन, हीन, गरीब कुलकी बुहारीदेखि दश कोश पर भाग्ने अहिले पाइला सार्दै नजिक आउन थाले । बुहारी हो कि कोही चाकरी हो केही ठम्याउन नसक्ने कृशा गौतमीलाई अहिले गृह-लक्ष्मी भनी पुकारिन थाले । त्यस्तै पति र अरू परिवारले तिनलाई सोझो आँखाले हेर्न थाले, सभ्य व्यवहार गर्न थाले । तिनीसित छरछिमेकीका मिजास पनि बढ्दै गयो । तिनी चारैतिरबाट प्रशंसाका पात्र बनिन् ।

कृशा गौतमीको जीवनमा यो परिवर्तन ठूलो परिवर्तन थियो । दिनभरी गोरु सरह जोतिंदा पनि मिजासिलो एक शब्द नसुनिने घरमा आज चारैतिरबाट प्रशंसा बर्षिरहेछ । जति परिश्रम गरी रिझाउन खोजे पनि नरिझिने आज

स्वतः खुशीले गद्‌गद् छन् । अन्धकारमा जाक्किएकी कृशा गौतमी आज प्रकाशमा आउन सफल भएकी छिन् । आँखाको कसिंगर समानकी गौतमी आज फूल बनेकी छिन् ।

आफ्नो जीवनको एक अंश, प्राण-प्रिय पुत्रलाई तिनले सम्हालिन् । सुसार-कुसार गरिन् । ख्वाउन, लगाउनमा विशेष ध्यान दिइन् । तिनको अन्धकार जीवनमा ज्योति दिने, निन्दनीय वातावरणमा प्रशंसा भरी दिने छोरोलाई तिनले दिनको हजारबाट म्वाइ खान्थिन् । तिनको दुर्दिन अन्त गरी सुदिन् ल्याई दिने हृदयका टुक्रालाई मातृस्नेह र ममतामयी दृष्टिले एकोहोरो हेरिरहन्थिन् ।

कृशा गौतमीको जीवनमा चारैतिर उज्यालै-उज्यालो थियो । जहाँ हेरे पनि हँसिलो मुहार देखा पर्थ्यो । जता जाऊ तिनकै प्रशंसा सुनिन्थ्यो । तिनको यौवन बहारमा पुत्र रूपी कोपिला फक्रिएर प्रशंसाका सुवास मग्‌मगाइरहेको थियो । अब तिनलाई केही कमि थिएन । केही चीजको इच्छा मात्र गर्नु पर्थ्यो, सब तयार हुन्थे । केही वस्तुको खाँचो पर्दैनथ्यो । पतिको प्यार, सासू-ससुराको आशिष तिनले दिनहुँ पाउँथी ।

छोरोलाई तिनले अत्यन्त प्यार गर्थिन् । कहिले काख, कहिले छातिमा राखेर नचाउँथीन् । बालक खुशीले गद्‌गद् हुन्थ्यो । आफ्ना ज्यू-ज्यानको परवाह नराखी छोरोको हेरचाह गर्थिन् । बालकलाई सुसार-कुसार गर्नुमा तिनले आनन्द



अनुभव गर्थिन् । बालकको तृप्तिमा तिनी तृप्त हुन्थिन् । उसको हाँसोमा तिनी हाँसी दिन्थिन् । उसको स्वच्छ सुन्दर मुहारमा स्वर्गीय आनन्द लुट्थिन् । तिनको जीवन नै यही बालकमा केन्द्रित थियो ।

बालक आमा-बाबु, बाजे-बज्यैको ममता, स्नेहमा लडिबुडि खेल्दै हुर्क्यो, बढ्यो । ताक्-तुक् तोते बोलि बोल्न थाल्यो । टुकु-टुकु एक-दुइ पाइला सार्न थाल्यो । यसले उसको हिस्सी परेको अनुहारमा झन मोहकता भर्न थाल्यो । उसले भर्खर-भर्खर सिक्न थालेको कुरा सुन्न सबै आतुरी मानिरहन्थे । उसले जानि नजानि लरखरिदै सारेको पाइला हेर्न सबै पर्खिरहन्थे । बालक नै सपरिवारका केन्द्र बिन्दु बनेको थियो । त्यो नै तिनीहरूका सुख र चैनका एक मात्र साधन थियो ।

संसार परिवर्तनशील छ । समय गतिमान छ । विश्वमा केही पनि स्थायी छैन । हिजो देखिएको चीज आज गायव हुन्छ । आज भएको भोलि अल्पिन्छ । उज्यालोमा अँध्यारो टिक्दैन । अँध्यारोमा उज्यालो रहँदैन । संसारको क्रम यस्तै छ । प्रकृतिको नीति नै चक्कर लाउनु छ । वसन्तको पछि पछि हेमन्त आइरहन्छ । जीवनमा पनि कहिले सुख, कहिले दुःख; कहिले हाँसो, कहिले आँसु; कहिले आनन्द, कहिले दिक्क; कहिले संयोग, कहिले वियोगको सेरोफेरो भइरहन्छ ।

कृशा गौतमीको परिवारमा नयाँ सदस्य बनेको बालकको हिसी झन्-झन् बढ्यो । उसको टुकु-टुकु हिंडाई

पहिले भन्दा छिटो छरिटो हुँदै आयो । उसको बोलिमा बाल-स्वभाव अलंकार झल्कियो । उसको सरल प्राकृतिक हाऊभाऊमा सबै मुग्ध हुन्थे । भविष्यका आशाको केन्द्र त्यस बालक देखी सबै खुशी थिए; आनन्दित थिए; र सबैले उसलाई प्यार गर्थे । भविष्यका आधार ठान्थे । ती बालक अरू सदस्यहरूका आधार थिए त कृशा गौतमीको निम्ति सर्वस्व थियो । उही छोरो तिनको टेक्ने लौरो थियो, दाँया हात थियो, शौभाग्यको चिन्ह थियो, मुखको शोभा थियो, शरीरको वस्त्र थियो, जिउको गहना थियो, आँखाको नानी थियो, श्वास-प्रश्वास थियो, ऊ नै तिनको जीवन थियो ।

यस्तो कृशा गौतमीको नयाँ जीवन दायक, नौलो उमङ्गका द्योतक, भावी आशाको पोषक, सुन्दर बालकलाई अचानक एक विषालु सर्पले डस्यो । क्रुर कालले निल्यो ।

कृशा गौतमी वियोगले विव्हल बनिन् । ठीक-बेठीक ठम्याउन सकिनन् । तिनको निमित्त संसारमा अन्धकारले छायो । ठीक बाटो पहिल्याउन सकिनन् । हृदयमा शोक ज्वाला दन्कियो । मुटुमा बज्र प्रहार पर्‍यो । मृत बालकलाई काखमा लिइन् । म्वाइ खाइन् । जिलाउने प्रयत्न गरिन् । तिनले मरिसकेको बालक फेरि फर्कन्न भन्ने होश गुमाइसकेकी थिइन् । मृतक लाश काखि च्यापी छाति पिटिपिटि रूँदै सडक, बारी, पाटि, पौवा घुम्न थालिन् । करूण क्रन्दन गर्दै भेटिएको मान्छेलाई दयनीय स्वरले पुकार्थिन्– "कृपया मेरो



छोरोलाई बचाई दिनुहोस्, दया गरी मेरो जीवन-सहारालाई ब्युउँताई दिनुहोस्; मेरो अवस्थामा कृपा दृष्टि राखी मेरो यो प्राण-प्रिय सुतलाई उठाई दिनुहोस्, मेरो सर्वस्व यो बालकलाई जोगाई दिने उपाय बताई दिनुहोस् ।"

कृशा गौतमीको यो दुःखपूर्ण प्रलाप सुनी कोही दुःखीत हुन्थे । कोही तिनको हुनै नसक्ने कुरो सुनी दिक्क मान्थे । कोही खिसी गर्थे । कोही 'बहुलाही कहिँका' भनी गालि गर्थे । कोही तिनको असम्भव कुरो सुनी मरीमरी हाँस्थे । तर तिनले आफ्नो ढिपी केही गरे पनि छोडिनन् । तिनको विरह व्यथा सीमान्तमा पुगिसकेको थियो । जसले जे भने पनि तिनी छोरोलाई नजिलाई नर्फकने भइन् । तर त्यहाँ तिनलाई सम्झाइ दिने कोही थिएन । तिनी रुँदै-कराउँदै बेसुरमा यताउति दौडधुप गर्न थालिन् । तिनको यो वेदना सहन नसकी एक जना सज्जनले 'यदि तिमी आफ्नो बच्चालाई बचाउन चाहन्छौं भने भगवान बुद्ध कहाँ जानु' भनी बाटो देखाई दियो ।

भगवान बुद्ध त्यसबेला अनाथपिण्डिक महाजनले बनाएको जेतवनमा विहार गरिरहनु भएको थियो । कृशा गौतमी मृत बालकलाई बचाउने आशाले रुँदै-कराउँदै त्यस सज्जनले देखाएको बाटो पहिल्याउँदै भगवान बुद्ध सन्मुख पुगिन् । तथागतलाई नमस्कार गरी आफ्नो सबै हाल तथागत समक्ष पोखिन् र शोकाकूल हृदयी कृशा गौतमीले भगवान बुद्धलाई यसरी बिन्ति गरिन्– "भगवन् ! कृपागरी चाँडै यस बालकलाई

जिलाउने औषधि बताइ दिनुहोस् । मेरो जीवनको रक्षा गरी दिनुहोस् ।"

मनोविज्ञान वेत्ता भगवान बुद्धले कृशा गौतमीको मनोदशालाई अध्ययन गर्नु भयो । 'पुत्र-वियोगको व्यथा मातृ-हृदयमा कहाँसम्म बिभ्छ' भनी विचार गर्नु भयो । भगवान बुद्धको हृदय दया र करुणाले भरिपूर्ण भयो । ठीक उपाय सोच्न थाल्नु भयो । जुन उपायमा 'मरिसकेको फेरि बाँच्नेछ' भनी ती शोक विव्हल नारीले आशाका तन्तु जोडी तिनको वियोग व्यथा क्रमशः घटाउँदै लैजानमा सक्षम हुन्छे भने अर्कोतिर संसारमा 'जन्मेर नमर्ने को छ र' भन्ने वास्तविक ज्ञान दर्शन तिनी आफैले महसूस गर्न समर्थ बन्छे ।

कुनै विद्वान्, कुनै तपस्वी, कुनै महात्मा, कुनै वैज्ञानिक या कुनै देउता भनिएकाले किन नहुन् यस्तो तर्क निकाल्न गाह्रै पर्छ । भगवान बुद्ध बाहेक बुद्धका समकालीन अथवा बुद्ध भन्दा पूर्व या पश्चात्का युग पुरुषहरूले पनि यस किसिमको कल्पना मात्र गर्नु पनि शायदै सम्भव होला । अझ यही एउटै उपायले विरहको आगोले पोलेको घाउमा शितल औषधोपचार गरी दिनु तत्काल निको पारी दिनु, मृत बालकले सद्गतिको काजक्रिया पाउनु, प्रायः विक्षिप्तावस्थामा पुगिसकेकी गौतमीलाई सांसारिक जीवन-मरणको ज्ञान दर्शन कोही नमरेको घरमा केवल एक मुठी तोरी खोज्दा-खोज्दैमा पाउनु के चानचुने उपाय हो ? हो, भगवान बुद्धलाई यो राम्रै थाहा छ कि मरिसकेको मान्छे



फेरि बाँच्दैन, बचाउन पनि सकिदैन । भगवान बुद्धलाई यो पनि थाहा नभएको होइन कि मानसिक पीडाले दावाँदोल मचिसकेकी कृशा गौतमीको हृदयमा नकारात्मक उत्तरले वम विस्फोटन नभइ छोड्दैन ।

अतः करुणामयी तथागतले तिनको अवस्थालाई राम्रै विचार गर्नु भई समयानुकूल उत्तर दिनु भयो– "गौतमी ! मैले भनेको औषधि पाए तिम्रो छोरोलाई बचाई दिन्छु ।"

भगवान बुद्धको करुणायुक्त यस वाक्यले गौतमीको वियोग व्यथा आधा घट्यो । छोरोको तोते बोलि सुन्न, टुकु-टुकु हिंडेको हेर्न तिनी हटारिन् र झटपट यसरी बिन्ति गरिन्– "चाँडै आज्ञा होस्, भगवन् ! हजुरलाई कस्तो औषधि चाहियो, म तुरन्तै खोजेर ल्याउँछु ।"

भगवान बुद्धले गम्भीर स्वरले आज्ञा दिनु भयो– "गौतमी ! तिमीले कोही पनि नमरेको परिवारको घरबाट एक मुठी तोरी मागेर ल्याउनु पर्छ ।"

भगवान बुद्धको यस प्रेमपूर्ण वाक्यले कृशा गौतमीको शोक बिल्कुलै शान्त भयो । तिनले बिन्ति गर्दै भनिन्– "एक मुठी त के कुरो यस्तो तोरी हजार मुठी ल्याउनु परे पनि मेरो निम्ति केही गाह्रो कुरो होइन ।"

मृत छोरोलाई बोकी गौतमी तोरीको खोजीमा हिंडिन् । तिनी सरासर एउटा घरमा गइन् र सोधिन्– "कृपा गरी

तपाईंहरूले मलाई एक मुठी तोरी भिक्षा दिनु हुन्छ ?"

घरका सदस्यले एक मुठी तोरी ल्याउँदै भन्यो– "थाप्नु होस् ।"

गौतमीले दुबै हातमा तोरी थाप्दै पुनः प्रश्न गरिन्– "तपाईहरूको घर-परिवारमा कोही परलोक हुनु भएको त छैन ?"

उनीहरूले भने– "अस्ति मात्रै हाम्रो बाजे स्वर्गीय हुनु भयो ।"

"उसो भए यो तोरी फिर्ता लिनु होस् । यो मेरो औषधिको निमित्त उपयुक्त भएन ।"

त्यति भनी तिनी त्यस घरलाई छोडेर अर्को घरमा पसिन् र एक मुठी तोरी भिक्षा माग्दै ती परिवारमा कोही देहान्त भइसकेको छ, छैन, प्रश्न गरिन् । त्यहाँ पनि सकारात्मक उत्तर पाइनन् । लिइसकेको तोरी फिर्ता गरी फेरि अर्को घरको ढोका घच्घचाउन पुगिन् । त्यहाँ पनि तिनले चोखो तोरी भेट्टाउन सकिनन् । अर्को दैलोमा उभिन पुगिन् । तोरी पाइन् तर नमरेको घर पाउन सकिनन् । शुद्ध तोरी खोज्दा-खोज्दै तिनी थाकिन्, 'मृत्युले नछोइएको परिवार छ कि ?' भनी सोद्धा-सोद्धै हैरान भइन् । तर छोरोलाई जिलाउने तोरी पाउन सकिनन् र पाउने आशा पनि छोडिन् । किनभने तिनी त्यत्तिको घर



चहारिन् तर कुनै पनि त्यस्तो घर भेटाइनन् जुन घरको परिवारमा कोही मरेको छैन । बरु तिनले यो महसूस गरिन्– "ओहो ! मैले त मेरै छोरो मात्र मरेको भनी ठानेकी थिइँ तर मर्नेहरूको संख्या जति गणना गरे पनि नटुंगिने रहेछ । मृत्यु सबैमा आइ पर्छ, सबै मर्नु पर्दोरहेछ, यसबाट बच्न नसक्ने रहेछ ।"

तिनले यो पनि चाल पाइन् – "संसारमा जीवित् प्राणी भन्दा मर्नेको संख्या अधिक छ **(The living are few, but the dead are many)** ।"

तिनी लुखुरु-लुखुरु बुद्ध कहाँ फर्किन् । भगवान बुद्धले भन्नु भयो– "गौतमी ! तिमीले मैले भनेको तोरी ल्यायौ ? लेऊ । म तिम्रो छोरोलाई जिलाई दिन्छु ।"

भगवान बुद्धका यी कुराले कृशा गौतमी झन् लज्जित् भइन् । तिनले विनम्रपूर्वक बिन्ति गरिन्– "भगवन् ! संसारमा प्राणी मृत्युदेखि नबच्ने रहेछ ! भइगयो, अब मलाई मरिसकेको छोरो चाहिएन ।"

भगवान बुद्धको मनोवैज्ञानिक उपाय यहाँ आएर छर्लङ्गिन्छ । एक अबला, अनाथ, अशरणा, शोक विव्हल नारीको आँसु भगवान बुद्ध बाहेक अरु कसैले पुछि दिन सकेनन्, वेदना निको पारी दिन सकेनन्, व्यथा उखेलिदिन सकेनन् । तिनले मरेको छोरो काखि च्याप्दै आफ्नो दुःख कतिलाई

पोखिन्, आफ्नो दर्द कतिलाई सुनाइन्, आफ्नो पीर कतिलाई भनिन्, तर कति उपाय गर्दा पनि तिनलाई कसैले आश्वासन दिन सकेनन्; धैर्य दिलाउन समर्थ भएनन्; मरणशील चोलालाई चिनाई दिन सकेनन् । कतिले सम्झाए, कतिले बुझाए, कतिले फकाए, कतिले के गरे, कसैको केही जोर चलेन । तर भगवान बुद्धको दुइ शब्दमा तिनको सबै वेदना अल्पियो । तथागतले तिनको अवस्था र परिस्थिति अनुकूल यस्तो मनोवैज्ञानिक बाटो दर्शाउनु भयो जसमा तिनलाई सांसारिक नियम-नीतिको विषयमा केही सम्झाई रहने आवश्यकता परेन बरु उनी आफै सम्झिने भएर निस्किन् । 'बच्चालाई जिलाइ देऊ' भनी पुकार्ने 'जिलाइ दिन्छु' भन्दा पनि इन्कार गरिन् । यो भगवान बुद्धको अतुलनीय मनोविज्ञानको अनुपम नमूना हो ।

कृशा गौतमीको मनोभावना बिल्कुलै बदलिसकेको थियो । तिनले माया-मोह त्यागि सकेकी थिइन् । धन-दौलतको लालसा छोडिसकेकी थिइन् । घर परिवारको ममता भुल्न थालिन् । भगवान बुद्ध कै शितल छाँयामा बाहेक तिनलाई अन्त कतै पनि मानसिक शान्ति पाउला जस्तो लागेन । तथागतको धर्म बाहेक तिनले जीवनमा सत्य-मार्ग पहिल्याउन सक्ला जस्तो ठानिनन् । संघको सदस्य नबनिकन तिनलाई आफ्नो जीवन सुधार होला भन्ने पत्यार परेन । त्यसैले तिनले भगवान बुद्धलाई साष्टाङ्ग प्रणाम गरी नम्रतापूर्वक



निवेदन गरिन्– "भगवन् ! अब यो संसारमा मलाई शरण दिने तथागत बाहेक अरू कोही छैन । कृपापूर्वक मलाई शरण दिनु भई भिक्षुणी संघको सदस्य बनाइ दिनु होस् ।"

गौतमीको आन्तरिक पुकार सुनी दयावान तथागतले ठीक तिनको मनोभावलाई सुहाउँदो निम्न श्लोक प्रकाशमा ल्याउनु भयो–

"तं पुत्तपसुसम्मत्तं – व्यासत्तमनसं नरं ।
सुत्तं गामं महोघो'व – मच्चु आदाय गच्छति ।"

अर्थ– जो पुत्र आदि प्राणीमा आसक्त भइरहन्छ, त्यसलाई सुतिरहेको ग्रामवासीहरूलाई बाढीले बगाएर लगे झैं मृत्युले लैजान्छ ।

त्यही व्यथाले तडपिएकी, त्यही वियोगमा मुछिएकी कृशा गौतमीलाई 'उपमा' 'उपमेय' सहितको शब्दालंकारले सिंगारिएको भगवान बुद्धको यस संक्षिप्त तर महत्वपूर्ण दिव्य उपदेश तिनको मनमा भित्रसम्म गड्यो । तिनले संसारको वास्तविकतालाई चिनिन्; तत्काल आसक्तिलाई त्याग गरी भिक्षुणी संघमा सम्मिलित हुने मनसायले यसरी प्रार्थना गरिन्– "भगवन् ! कृपया मलाई भिक्षुणी हुने अनुमति दिनु होस् ।"

भगवान बुद्धले तिनको प्रार्थना स्वीकार गर्नु भयो । तिनी भिक्षुणी कृशा गौतमीको नामले प्रख्यात भइन् ।

तिनले बुद्ध-धर्ममा मन लगाई नियम-नीतिलाई पालन गरिन् । विनयलाई रक्षा गरिन् । संयमित बनिन् । बलिरहेको बत्तिको ज्वाला हेर्दा-हेर्दै संसारलाई चिन्न खोजिन् । त्यसै बेला कारुणिक तथागतले सांसारिक तथ्यतालाई छर्लङ्गयाउनु हुँदै निम्न गाथा प्रकाशमा ल्याउनु भयो–

"यो च वस्ससतं जीवे – अपस्सं अमतं पदं ।
एकाहं जीवितं सेय्यो – पस्सतो अमतं पदं ।"

अर्थ– अमृत पद अर्थात् निर्वाणपदलाई नजानिकन, नबुझिकन सय वर्ष सम्म बाँच्नु भन्दा अमृत पद निर्वाणलाई जानी, बुझी, साक्षात्कार गरी एक दिन मात्रै बाँच्नु नै श्रेष्ठ हुन्छ ।

भगवान बुद्धको यस अमृतोपदेशलाई मनन गर्दै कृशा गौतमीले अर्हत् पद प्राप्त गरिन् अर्थात् बुद्धका करुणायुक्त देन पाई तिनी सांसारिक जन्म-मरणको चक्रबाट मुक्त भइन् ।

यस किसिमले भगवान बुद्धले अशरण नारीलाई शरण दिनु भयो । शोक ज्वालालाई निभाई दिनु भयो । अस्थिरतालाई औंल्याइ दिनु भयो । अनित्यतालाई दर्शाई दिनु भयो । अभागीलाई भाग्यमानी तुल्याई सांसारिक दु:ख, दर्द, हैरानी, शोक-सन्ताप, अलाप-विलापबाट मुक्त भएको निर्वाण पदको भागी बनाई दिनु भयो ।



यस्तो एक-एक नारीको जीवनमा आजका करौडौं नारीको जीवनी लुकेको छ, व्यथा छिपेको छ, विवशता तेर्सिएको छ । अतएव यस्तो घटना बुद्धकालीन 'कृशा गौतमी' को मात्र नभएर हाम्रो जन-जीवनको पनि घटना हो । हाम्रो समाजको व्यथा हो । समाजको विवशता हो । यो घाउ पच्चिस सय वर्ष भन्दा पुरानो छ । तर अहिलेसम्म निको हुन सकेको छैन । 'अमृतमय उपदेश छ' तर रोगी समाजले कान दिदैंन, 'औषधि छ' प्रयोग गर्दैन । दु:खै दु:खमा सय वर्ष बाँच्न रमाउँछ, व्यर्थ जीवन बिताउँछ, यथार्थमा आउन चाहँदैन ।

तर यस्तो रोग रहेसम्म समाज स्वस्थ बन्दैन । मानिस सुखी हुँदैन । शान्ति पाउन सकिंदैन । अत: यी सामाजिक (आर्थिक) विषमता, विभेद, पक्षपात, आदि रोगलाई न्याययुक्त, निष्पक्ष व्यवहारले निको तुल्याउनु परेको छ । महापुरुषहरूका अनुपम आदर्शहरू अपनाई सके जरै देखि उखेलेर फाल्नु परेको छ । भगवान बुद्धले दिनु भएका अतुलनीय देनलाई सहर्ष स्वीकारी मानव जीवन सार्थक तुल्याउनु परेको छ ।

# कठोर-भाषी

## (सुजाता)

समाजको जुनसुकै क्षेत्रमा मानिसको सामयिक परिश्रम, सभ्य व्यवहार उचित विचार र नम्र मिजास नै सर्वोपरी हुन्छ । परिवारमा आर्थिक समस्या समाधान गर्न पहिले प्रत्येक व्यक्तिले आफ्नो समर्थानुसार परिश्रम गर्नु आवश्यक हुन आउँछ । मेहनत गरी आर्जन गरेको धन सदुपयोगको निमित्त सभ्य व्यवहारको जरुरत पर्दछ । धन छ तर व्यवहार राम्रो छैन भने ती परिवारले शान्ति पाउन सक्दैन । धनको महत्व व्यवहारमा आएर अडिन्छ । व्यवहार राम्रो छ त धनको सुवास चल्छ । परिवारलाई शान्ति दिलाउँछ । समाजलाई आदर्श दर्शाउँछ । ठाउँ अनुसार सोच पुऱ्याई  नरम मिजासले एक अर्काको विचार आदान-प्रदान गर्न सके पारिवारिक जीवन फले-फुलेको पार्न सकिन्छ । आनन्दको अनुभव गर्न सकिन्छ । परिवारको प्रत्येक सदस्य नम्र मिजास र व्यवहार कुशल हुन गए ती परिवार स्वतः आदर्शमयी बनिन्छ ।

तर परिवारमा प्रायः गरी सबै सदस्य एकै मिजासका, एकै स्वभावका, एकै विचारका नहुन सक्छ । एकै आमाका सन्तान थरी-थरीका निस्कन्छन् । एउटै परिस्थिति र वातावरणमा



हुर्के, बढेका सदस्यहरू विभिन्न हुन्छन्; विविध प्रकृतिका हुन्छन्; भिन्न-भिन्न मिजासका हुन्छन् । कुनै परिवार धनका गरीब भए पनि मनका धनवान हुन्छन् । कोही उच्च विचारका, कोही सभ्य व्यवहारका, कोही सुमधुर वचनका हुन्छन् भने कहीं धनी परिवारमा नीच विचारका, असभ्य व्यवहारका, कटु-भाषी, अविवेकी सदस्यहरू पनि नहुने होइनन् । अथवा गरीब परिवारमा गरीबै मान-मिजासका र धनी परिवारमा भलाद्मीहरू पनि नहुने कुरो होइनन् । त्यसो त अमीर-गरीब दुबै परिवारमा सभ्य-असभ्य दुबै पक्षका सदस्य-सदस्या पनि जरूर हुन सक्छन् । भनाईको तात्पर्य हो, मानव समाजको पारिवारिक जन-जीवनमा विभिन्न प्रकारका सदस्यहरूको जमघट भई नै रहन्छन् । चरित्रवान र चरित्रहीनको भेटघाट हुन्छ । नम्र-भाषी र कटु-भाषीको संयोग परिरहन्छ । विचारवान र विचारहीनको संगम भइरहन्छ । व्यवहारिक कुशल र अव्यवहारिकको समागम भइरहन्छ । यस्तो विविध चरित्र संमिश्रण समाजका परिवारलाई सुखी तुल्याउन र आदर्शमयी बनाउन श्रेष्ठ विचार, सभ्य व्यवहार, सचरित्र बन्न सज्जनको संगत गर्नु पर्दछ; महापुरुषहरूको आदर्श अँगाल्नु पर्दछ । युग पुरुषहरूले दर्शाएका सही बाटो अपनाउनाले कतिपय दुष्ट, बेइमान, दुराचारी, अन्याय, निष्ठुरी, कटु-भाषी; सज्जन, इमान्दार, सच्चरित्र, न्यायी, दयावान र मृदु-भाषीमा परिणत भई आ-आफ्नो जीवन सुधार गरेको प्रमाण हामीसँग यथेष्ठ छ जसमध्ये बुद्ध-कालीन एउटी कठोर-भाषी नारी 'सुजाता'

भगवान बुद्धको अनुपम देन पाई मृदु भाषीमा बदलिएको र कुशल गृहिणीमा परिणत भएको सबुत बौद्ध इतिहासले बताउँछ ।

साकेत नगरमा धनञ्जय नाम गरेको एक धनी महाजन बस्तथ्यो । सुमना उनकी गृहलक्ष्मी थिई । विशाखा तिनीहरूको जेठी पुत्री थिई, सुजाता कान्छी पुत्री थिइन् । दुबै दिदी-बहिनी सुख र चैनमा डुबुल्कि मार्दै बढे । एउटै परिस्थितिमा हुर्के । दुबैलाई चाहिंदो शिक्षा-दीक्षा दिइयो । घर-गृहस्थीको ज्ञान दिलाइयो ।

विशाखा साऱ्है राम्री थिई । पाँच कल्याण लक्षणले संयुक्त थिई । तिनी ठीक कदकी सुवर्ण वर्णकी थिई । तिनको कपाल कुर्कुच्चासम्म पुग्ने लामो र कालो थियो । दाँत मोति झैं सेता, अनारका बियाँ झैं टम्म मिलेका र चम्किला थिए । तिनको छाला साऱ्है नरम र ओंठ रातो थियो । तिनी दशवटा बच्चाकी आमा भए पनि भर्खरकी तरुणी जस्तो देखिने लक्षण थियो । तिनी जति रूपले सुसम्पन्न थिई गुणले पनि उत्तिकै परिपूर्ण थिई । तिनको स्वर नरम र सुरिलो थियो । तिनी विनम्र स्वभावकी थिई । विचारवान र विवेकशील थिई । ठाउँ अनुसार काम गर्नमा दक्ष थिई । व्यवहार कुशल थिई । शुशील थिई । सदाचारी थिई । शिक्षिता थिई । धर्म प्रेमी थिई । धनी थिई । धनको सदुपयोग गर्न जान्दथी । आमा बाबुकी प्यारी थिई । अन्य परिवारका प्रेमी थिई ।



यस्ती विविध गुण सम्पन्न नारी रत्न विशाखाको शुभ विवाह श्रावस्तीको सेंठ मिगारको सुपुत्र पूर्णवर्द्धनसँग भयो । धनञ्जय महाजनले आफ्नी प्रिय सुपुत्री विशाखालाई आजीवन खान, लाउन पुग्ने गरी भाँडा-कुडा लुगाफाटो र अन्य सर-सामानका साथै चाहिंदो मात्रामा गाई-गोरु, भेडा-बाख्रा र दास-दासीहरू पनि दाइजोको रूपमा पठाई दिएको थियो ।

जतिसुकै सुन्दरी भए पनि तिनमा घमण्ड थिएन । जतिसुकै दाइजो भएकी भए पनि तिनमा नम्रता छँदै थियो । तिनलाई कन्यादान दिंदा तिनकी पिताले घर गृहस्थ सुचारु रूपले चलाउन र दुलहीले पतिको घरमा विनम्र भई गर्नु पर्ने कर्तव्यलाई अवबोध गराउँदै दश सूत्रीय दीक्षा दिई पठाएको थियो । ती हुन्–

(१) 'भित्रको आगो बाहिर नलैजानु' – अर्थात् घर भित्रको झैं-झगडा या नचाहिंदो कुरो बाहिरिया मानिसलाई नभन्नु ।

(२) 'बाहिरको आगो भित्र नल्याउनु' – अथवा बाहिरको मानिसले चुगली या निन्दा गरेको कुरो घर भित्र हुल्याई कलह नगराउनु ।

(३) 'दिनेलाई दिनु, नदिनेलाई नदिनु' – जसको अर्थ हो, छिमेकी वा अरू कोही मानिसले घरको केही चीज लिन आएमा फिर्ता दिन ल्याउनेलाई मात्र दिनु, अरूलाई नदिनु ।

(४) 'दिए पनि नदिए पनि दिनु' – अर्थात् कोही गरीब

साथी वा नातेदार जसले केही चीज लिएर फिर्ता नदिन पनि सक्छ, तिनीहरूलाई पनि विचार पुऱ्याई दिने गर्नु ।

(५) 'राम्रोसँग बस्न जान्नु' – भनाइको मतलव हो, सासू-ससुरा या कोही मान्यजनहरू उभिइरहेका छन् भने आफू बसिनरहनु ।

(६) 'सुखसँग खानु' – तात्पर्य हो सासू-ससुरा, पति र अन्य मान्यजनले खाइसके पछि मात्र दुलहीले खानु ।

(७) 'सुखसँग सुत्नु' – सासू-ससुरा, पति सुतिसकेपछि तिनीहरूलाई चाहिंदो सेवा-टहल गरी सकेपछि आफू पछि सुत्नु ।

(८) 'सुखसँग उठ्नु' – घरका अरू परिवार उठ्नु भन्दा पहिले आफू उठी घरको प्रातः कार्य गर्नु ।

(९) 'चारै तिर बलिरहेको आगोको बीचमा आफू बसिरहेको सम्झनु' – पति, सासू-ससुरालाई आगो समान ठान्नु अर्थात् तिनीहरू देखी आफू जहिले पनि सतर्क भई रहनु ।

(१०) 'कुल देवतालाई राम्ररी मान्नु' – आफ्ना पतिदेवलाई कुल देवता झैं नित्य सेवा गर्नु साथै कोही प्रव्रजित, साधु, सन्त देखेमा उनीहरूलाई चाहिने मान-सत्कार गर्नु ।

आफ्ना पिताका यी दश सूत्रीय दीक्षालाई विशाखाले पतिको घरमा गई अक्षरशः पालन गरिन् । तिनको न्याययुक्त,



कुशल व्यवहारले सासू-ससुरा र पतिदेव साह्रै प्रभावित भए । घरका अन्य परिवार र नौकर चाकर खुसीले मख्ख भएका थिए ।

विशाखा भगवान बुद्धका अनन्य सेविका थिइन् । भिक्षु संघलाई ठूलो आदर गर्थिन् । समय-समयमा भोजन प्रदान गर्थिन्, तिनले भगवान बुद्ध प्रमुख भिक्षु महासंघलाई एक हजार कोठा भएको पूर्वाराम नामक विहार बनाई दान गरिन् । तिनी बुद्धकालीन गृहस्थी महिलाहरूमा दान दिनमा पहिलो थिइन् अर्थात् तिनी विशाखा महा-उपासिकाको नामले प्रख्यात थिइन् । तिनको कुशल आचरण र सभ्य व्यवहारले प्रभावित भई तीर्थङ्कर अनुयायी मिगार सेंठ भगवान बुद्धको शरणमा गयो । तथागतको अनुकूल उपदेश पाई मिगार सेंठ धन्य भयो ।

सुजाता धनञ्जय महाजनकी अर्की अर्थात् कान्छी छोरी थिइन् । तिनी विशाखाकी कान्छी बहिनी थिइन् । एकै आमा-बाबुका सन्तान, एकै परिवारका सदस्या, एउटै परि स्थिति र वातावरणमा हुर्के, बढेका भए पनि सुजाताको स्वभाव विशाखाको स्वभावसँग पटक्क मेल खाँदैनथ्यो । सुजाताको हिँडाइमा कडापन झल्किन्थ्यो । तिनको स्वर खस्रो थियो । तिनी झगडालु मिजासकी क्रोधी थिइन् । तिनी धनले मात्तिएकी, घमण्डी, अभिमानी र कटु-भाषी थिइन् ।

सुजाताको शुभ विवाह श्रावस्तीको अनाथपिण्डिक महाजनको छोरोसँग सुसम्पन्न भयो । धनञ्जय महाजनले

सुजातालाई पनि यथेष्ठ दाइजो दिई पठाएको थियो ।

तिनको प्रचण्ड स्वभाव दुलही भएर लोग्नेको घर जाँदा पनि हराएन । तिनको चर्को मिजास कति कमि भएन । तिनको लवाई-खवाईमा केही सुधार देखिएन । बरु तिनले पाएको दाइजोमा तिनी धक्क फुलेकी थिई । मक्ख परेकी थिई । ठूलो कुलकी छोरी भन्ने धारणा तिनमा रही रहन्थ्यो । धन र मानको घमण्डले तिनको खुट्टा भूईमा हुँदैनथ्यो । अभिमानले तिनले आफ्नो कर्तव्यलाई बिर्सिन् । सासू-ससुरा, लोग्नेलाई समेत आफूले गर्नु पर्ने सेवा टहलमा ध्यान दिँदैनथी । घरका अरू परिवारलाई टेरपुच्छर लाउदैनथी । घरमा आउने आगन्तुक, पाहुनालाई मान-मर्यादा गर्नु, दुइ-चार शब्द मिठो बोल्नु त कहाँ हो कहाँ उल्टो कडके नजर लाउँथी । घरका नोकर-चाकरहरूलाई मान्छे नै गन्दैनथी । आफू भन्दा ठूला-बडालाई जवाफ दिनुमा तिनी संकोच मान्दैनथी । जथाभावी मुख छोड्नु तिनको निमित्त मामूली कुरो थियो । कामदारहरूलाई हप्काउनु-डप्काउनु तिनलाई के न के जस्तो थियो । काम भन्दा कुरो धेरै गर्थिन् । दिनभर बक्बक् गर्थिन् । कच्कच् गरी दिन बिताउँथिन् । कोही देखी संकोच मान्दैन थिइन् । कराउनु, हल्ला मचाउनु, दास-दासीलाई पाट्पुट् पिट्नु तिनको प्रमुख दैनिक काम थियो ।

तिनको असभ्य व्यवहारले पाहुनाहरूलाई कटु अनुभव हुन्थ्यो । तिनको उत्ताउलोपनले सासू-ससुरा दिक्क हुन्थे । 



तिनको कर्कशी मिजासले घरका सदस्यहरूलाई नियास्रो लाग्दथ्यो । तिनको क्रोधपूर्ण कामले नोकर-चाकरको दिल दुख्थे । तर कोही केही भन्न सक्तैनथे । भने पनि केही शिप चल्दैनथ्यो । तिनी घमण्डले फुलेकी, अभिमानले मात्तिएकी उच्छृङ्खल स्त्री थिई । जहाँ पनि तिनकै स्वर मच्चिएको सुनिन्थ्यो ।

अनाथपिण्डिक महाजन श्रावस्तीको ठूलो सेंठ थियो । उनी धनी थियो । तर उनमा धनको घमण्ड थिएन । उनका परिवार शान्त र सरल प्रकृतिका थिए । उनी गरीबलाई दया गर्थ्यो । याचकलाई भिक्षा दिन्थ्यो । निःसहायलाई सहायता गर्थ्यो । अनाथलाई साथ दिन्थ्यो । उनको दयामा सबै मानिस परिचित थिए । उनको उदारता देखी स्थानीय जनता प्रभावित थिए । उनको नाम टाढा-टाढा सम्म फैलिएको थियो । तैपनि उसमा अहँपनको भाव सम्म पनि देखिन्दैनथ्यो ।

भगवान बुद्ध प्रति उनको ठूलो श्रद्धा थियो । धर्ममा अगाढ विश्वास थियो । संघलाई अत्यन्त आदर गर्थ्यो । करोडौं अशर्फी खन्याई जेतवन विहार बनाई दियो । श्रद्धाले विभोर भई भगवान बुद्ध सहित भिक्षु संघलाई प्रदान गऱ्यो । आफ्नो निवासस्थानमा पनि भगवान बुद्ध प्रमुख भिक्षु महासंघलाई भोजन प्रदान गर्थ्यो ।

एक दिन यसरी नै अनाथपिण्डिक महाजनले भगवान बुद्ध सहित भिक्षु महासंघलाई घरमा भोजनको निमित्त

निमन्त्रणा गऱ्यो । शान्ति नायक भगवान बुद्ध ५०० भिक्षु संघको साथमा उनको गृहमा प्रवेश गर्नु भयो । बिछ्याइएको आसनमा बस्नु भयो । यसै बेला महाजनकी बुहारी सुजाता आफ्नो स्वभावानुसार दास-दासीहरूसँग ठूल-ठूलो स्वरले कराई झगडा गरिरहेकी थिइन् । भगवान बुद्धले यी कठोर शब्द सुनी सेंठसँग सोध्नु भयो– "महाजन ! यो कसको शब्द ?"

अनाथपिण्डिक सेंठले विनम्र भई बिन्ति गऱ्यो– "भगवन् ! यो हाम्रै कुल-बधू सुजाताको स्वर सुनिएको हो ।" "के गरौं भगवन् ! मेरी यी बुहारी ठूलो कुलकी, सम्पन्न परिवारकी छोरी भए पनि यिनमा आदर, गौरवको भाव देखिन्दैन । मान्यजन प्रति गर्नु पर्ने कर्तव्य गर्दिनन् । यिनमा सदाचार, सहिष्णुता छैन । न श्रद्धा, भक्ति र त्यागको भावना नै देखिन्छ । सधैं कच्कच् गर्थिन् । घरमा अशान्ति पार्छिन् ।"

महाजनको यी कुरा सुनी भगवान बुद्धले विचार गर्नु भयो– "अनाथपिण्डिक महाजनको श्रद्धा अचल छ । उनी दान दिनमा कहिल्यै अघाउँदैन । धर्मप्रति अगाढ विश्वास छ । संघमा उनको आदर सऱ्हानीय छ । दुःखी दरिद्रलाई दया गर्छ । दान, दक्षिणा दिन्छ । आहारपान गराउँछ । समाजको सेवा गर्छ । उनको सभ्य व्यवहारले मानिसलाई खुशी पार्न सक्छ । उनको सदाचरण देखी सबै प्रभावित छन् ।

यस्तो सुशील, श्रद्धावन्त, दानी अनाथपिण्डिक महाजनलाई बुहारीको त्यस कटु वचनले अवश्य दिल दुखाउँदो



हो । परिवारलाई वैचेन (अप्रसन्न) पार्दो हो । सधैंको गृह-कलहले धनको नाश हुन्छ । इज्जतको वरवाद हुन्छ । श्रद्धामा बाधा पुग्छ । धर्ममा हानी पुऱ्याउँछ । मानिसको यस्तो अभद्र व्यवहारले समाजलाई समेत दुषित पार्छ, अस्वस्थ बनाउँछ ।

समाजलाई स्वस्थ र अस्वस्थ बनाउने काममा नारीको ठूलो हात हुन्छ । तिनले समाजलाई सपार्न पनि सक्छे; बिगार्न पनि । घरका परिवारलाई उचित आचरण दर्शाई फले-फुलेको पार्न पहिलो हात नारीको हुन्छ । मिठो वचन, सुमधुर चाल-चलनले घरका जहानलाई प्रभावित पार्ने काम नारी कै हुन्छ । नारीको सभ्य व्यवहार र सहनशील आचरणले पारिवारीक जीवनमा आनन्द दिलाउन सक्छ । परिवार स्वस्थ भए समाज स्वस्थ बन्छ । स्वस्थ समाजले योगदान दिई बनेको देश बढी स्थायी र सुरक्षित हुन्छ । त्यसैले नारी परिवारको जग हो; समाज विकासको मूल अङ्ग हो; देशको आधार हो अतएव एक नारीलाई शिक्षित, सभ्य, व्यवहार कुशल बनाउनु सभ्य नागरिकको शिलान्यास गर्नु हो । पारिवारीक जीवनमा सुख-सुविधा प्रदान गर्नु हो । आदर्श समाजको सिर्जना गर्नु हो । देशलाई विकास पथमा लम्काउनु हो ।

"यही मौकामा सुजातालाई बोध गर्नु समयानुकूल हुनेछ । वास्तवमा तिनी धनको अभिमानले अल्मलिएकी हुनु पर्छ । नारी कर्तव्यलाई भुलेकी हुनु पर्छ । नारी आदर्शलाई बिर्सेकी हुनु पर्छ । कटु-भाषी, चण्ड मिजासकी भएर निस्केकी

हुनु पर्छ । उचित उपदेश पाउन सके तिनी फेरि सभ्य बन्न सक्छे । ठीक बाटो पहिल्याई दिन सके अवश्य कुशल गृहिणीमा परिणत हुन सक्छे । जीवनमा सुधार ल्याउन सक्छे । जहान परिवारलाई फेरि एक चोटि सुख र शान्ति दिलाउन सक्छे ।"

यति निश्चय गर्नु भई भगवान बुद्धले सुजातालाई बोलाउन लगाउनु भयो ।

भगवानलाई वन्दना गरी एक छेउमा बसेकी सुजातालाई तथागतले सम्बोधन गर्नु भई प्रश्न गर्नु भयो– "सुजाता ! पत्नीहरू सात प्रकारका हुन्छन् । ती पत्नीहरूमा तिमी कुन प्रकारकी हौ ?"

तथागतको संक्षिप्त तात्पर्य सुजाताले बुझ्न सकिनन् । यस विषयमा विस्तार पूर्वक खुलस्त वर्णन गर्न भगवान बुद्धसँग तिनले विनम्र अनुरोध गरिन् ।

भगवान बुद्धले तिनलाई 'राम्रो सँग ध्यान दिइ सुन्नु' भनी अनुज्ञा दिनु भई निम्न गाथा उच्चारण गर्नु भयो ।[१]

(१) "पदुट्ठचित्ता, अहितानुकम्पिनी,
अञ्ञेसुरत्ता, अतिमञ्ञते पतिं ।
धनेन कीतस्स वधाय उस्सुका,
या एवरूपा पुरिसस्स भरिया
'वधका च भरिया' ति च सा पवुच्चति ॥"

१. बौद्ध कहानी



अर्थ– जुन पुरुषको स्त्री रिसालु हुन्छ, अहित गर्ने हुन्छ, परपुरुषको इच्छा गर्ने हुन्छ, लोग्नेलाई नगन्ने हुन्छ, धनले किनी राखेको हुन्छ तथा दासदासी (नोकर-नोकरनी हरू) लाई कुट्नमा उत्साहित हुन्छ; त्यस्तो स्त्रीलाई 'वधक-भार्य्या' अर्थात् 'हिंसक-पत्नी' भनिन्छ ।

(२) "यं इत्थिया विन्दति सामिको धनं,
सिप्पं वणिज्जं च कसिं अधिट्ठहं ।
अप्पं पि तस्मा अपहातुमिच्छिति,
या एवरूपा पुरिसस्स भरिया
'चोरी च भरिया' ति च सा पवुच्चति ॥"

अर्थ– जुन पुरुषको स्त्रीले आफ्नो लोग्नेले शिल्प वा व्यापारद्वारा अथवा खेती गरी कमाई राखेको धनमा अलिकति मात्र चोर्ने इच्छा गरे पनि त्यस्तो स्त्रीलाई 'चोरीभार्या' अर्थात् 'चोरी-स्त्री' भनिन्छ ।

(३) "अकम्मकामा, अलसा, महग्गसा,
फरुसा च चण्डी च दुरुत्तवादिनी ।
उपट्ठायिकानं अभिभूय्य वत्ततिह
या एवरूपा पुरिसस्स भरिया,
'अय्या च भरिया' ति च सा पवुच्चति ॥"

अर्थ– जुन पुरुषको पत्नी काम नगर्ने हुन्छ, अल्सी हुन्छ, धेरै खाने हुन्छ, मुख छोड्ने हुन्छ, झगडालु हुन्छ, खराब कुरो गर्ने हुन्छ, तथा नोकरहरूलाई आफ्नो दबावमा राख्ने हुन्छ,

त्यस्तो पत्नीलाई 'आर्य्या-भार्य्या' अर्थात् 'नायिका स्त्री' भनिन्छ ।

(४) "या सब्बदा होति हितानुकम्पिनी,
माता व पुत्तं अनुरक्खते पतिं ।
ततो धनं सम्भतमस्स रक्खति,
या एवरूपा पुरिसस्स भरिया
'माता च भरिया' ति च सा पवुच्चति ॥"

अर्थ– जुन पत्नीले आफ्नो पति प्रति सधैं हित र अनुकम्पा राख्छिन्, आमाले छोरोलाई रक्षा गरे झैं पतिलाई रक्षा गर्छिन् र पतिले कमाएर ल्याएको धन राम्रोसँग सुरक्षित गर्छिन्; त्यस्तो पुरुषको स्त्रीलाई 'माता-भार्य्या' अर्थात् 'माता-पत्नी' भनिन्छ ।

(५) "यथापि जेट्ठा भगिनी कनिट्ठा,
सगारवा होति सकम्हि सामिके ।
हिरीमता भत्तवसानुवत्तिनी,
या एवरूपा पुरिसस्स भरिया
भगिनी च भरिया' ति च सा पवुच्चति ॥"

अर्थ– जुन स्त्रीले बहिनीले दिदीलाई गौरव र प्रेम राखे झैं आफ्नो लोग्नेलाई गौरव र प्रेम गरी तथा लज्जाशील भई लोग्नेको बशमा बस्दछिन्, त्यस्तो स्त्रीलाई 'भगिनी-भार्य्या' अर्थात् 'बहिनी-पत्नी' भनिन्छ ।



(६) "याचीध दिस्वान पतिं पमोदिता,
सखी सखारं व चिरस्स आगतं ।
कोलीनिया सीलवती पतिब्बता,
या एवरूपा पुरिसस्स भरिया
'सखि च भरिया' ति च सा पवुच्चति ॥"

अर्थ– ती स्त्री जसले धेरै समय पछि आउने साथी देखी प्रसन्न र हर्षित भए झैं आफ्नो लोग्ने देखी सधैं प्रसन्न हुन्छिन्, जो कुलीन, शीलवती र पतिव्रता हुन्छिन्, त्यस्तो स्त्रीलाई 'सखी-भार्य्या' अर्थात् 'साथी-स्त्री' भनिन्छ ।

(७) "अक्कुद्धसन्ता, वध दण्डतज्जिता,
अदुट्ठचिता, पतिनोतिक्खति ।
अक्कोधना भत्तुवसानुवत्तिनी,
या एवरूपा पुरिसस्स भरिया
'दासी च भरिया' ति च सा पवुच्चति ॥"

अर्थ– जुन स्त्री लोग्नेले रिस देखाए पनि शान्त भएर रहन्छिन्, गालि गरे, पीटे पनि चुपचाप भएर बस्छिन्, राम्रो चित्तकी, लोग्ने प्रति सहनशील भएकी हुन्छिन्; त्यस्तो स्त्रीलाई 'दासी-भार्य्या' अर्थात् 'दासी-स्त्री' भनिन्छ ।

यसरी भगवान बुद्धले सात प्रकारका पत्नीहरूको विस्तृत वर्णन गर्नु भएको सुनी सुजातालाई गहिरो निन्द्राबाट ब्युउँझे झैं भयो । तिनको धनाभिमान रूपी पर्दा च्यात्तियो । घमण्डको आँचल उडाइयो । तिनको पत्थर-हृदय पग्लियो ।

कठोरता दबियो । कर्कशापन दूर भयो । अहंभाव वैलियो । तिनी सचेत भइन् । सतर्क बनिन् । आफूले गरेकी दुष्कर्ममा पछुताइन् ।

मनोविज्ञान-वेत्ता भगवान बुद्धले तिनको मनोदशालाई मनन गर्नु भई फेरि एक चोटि सम्बोधन गर्नु भई सोध्नु भयो– "सुजाता ! यी सात प्रकारकी पत्नीहरू मध्ये तिमी कुन प्रकारकी पत्नी हौ ?"

तथागतको यस प्रश्नले सुजाता झन् लज्जित भइन् । तिनले झटपट आफ्नो भूल स्वीकारिन् । तथागतलाई पञ्चाङ्ग दण्डवत् प्रणाम गरी क्षमा मागिन् र बिन्ति गर्दै भनिन्– "भगवन् ! म 'दासी' समानकी स्त्री हुँ ।"

यस किसिमले भगवान बुद्धले एकै आसनमा बसी एउटै उपदेशद्वारा मदले मात्तिएको हात्ती झैं कुल घरान र धनले उन्मत्त भएकी सुजातालाई शान्तदान्त तुल्याउनु भयो । नम्रतामा परिणत गराउनु भयो । सुमधुर मिजासमा प्रवेश गराउनु भयो । तिनकै स्वच्छन्द हृदयले 'म दासी समानकी स्त्री हुँ' भनाउन लगाउनु भयो– जसबाट घरको कलहको बीज उखेलियो, अशान्त वातावरणमा शान्तिले छायो, अभद्र व्यवहारमा भद्रपन देखियो, नियास्रो परिवारमा उत्साह र उमङ्गको लहर चल्यो । दु:खी वेचैनी परिवारका जीवनमा फेरि आनन्दका लहरा झुल्न थाल्यो ।



विशेषतः भगवान बुद्धको अतुलनीय देन पाई कठोर-भाषी सुजाताले आफ्नो जीवन सुधार गर्ने मौका पाइन् । कुशल गृहिणीमा परिणत भई शान्तमय वातावरण पैदा गर्नमा सफल भइन् ।

# दासी–स्त्री
## (खुज्जुत्तरा)

मानिस भन्ने वित्तिकै दुइ हात, दुइ खुट्टा, दुइ आँखा, दुइवटा कान, एउटा नाक र एउटा मुख भएको प्राणी भनी सहजै परिचित हुन्छ । मानिस एकै जातिका प्राणी हो । तर रङ्ग र वर्ण विभेदले गर्दा संसारका मानिसलाई गोरा, काला, पहेला याने ककेसियन, मंगोलियन, नेग्रो आदि जातिमा गनिए । फेरि प्रत्येक जातिमा कोही धनको कारणले, कोही जनको कारणले, कोही बलको कारणले, कोही शिल्प विद्याको कारणले, कोही बुद्धि-विवेकको कारणले गर्दा विभिन्न जातिमा विभेद भयो । मानिस-मानिसमा श्रेष्ठ-अश्रेष्ठ, सानो-ठूलो भन्ने भेदभाव देखियो । धन, बल, विद्या, बुद्धिको मात्रा घटी-बढीले मानिस-मानिसको बीचमा एकले अर्कालाई मान्ने, आदर गर्ने, सेवा गर्ने चलन चल्तिको विषय बन्न गयो । पूर्वीय देशमा विशेषतः ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र, जातिको विभेद भए झैं पाश्चात्य देशमा पनि जातिको भिन्नता देखिन्छ । कारणवशः धन, बल, विद्या, बुद्धिको कमिले गर्दा साना जातिमा गनिएका संसारका कुनै पनि समाजका मानिसहरू आ-आफ्ना समाजबाट उपेक्षित भएर रहेको देखिन्छ । तिनीहरूले कुनै न कुनै किसिमबाट ती-ती समाजका मानिसहरूको सेवा, चाकरी, नोकरी गरेर आएको देखिन्छ ।



निम्न वर्ग वा गरीबीको कारणले मानिस आफू बेचिएर रहनु पर्ने अवस्था हुन्छ, जसलाई दास वा दासी भनिन्छ । विश्वको प्रायः सबै जसो भागमा अठारौं शताब्दीसम्म दास-प्रथा थियो । नेपाल र भारत पनि यस प्रथाबाट बच्न सकेनन् । नेपाल बीसौं शताब्दीको शुरु तिर अर्थात् तात्कालीन प्रधानमन्त्री चन्द्रसमशेरको समयमा सन् १९२४ मा दास-प्रथा रोकिन सफल भयो ।[१]

मानिसको सबभन्दा गए गुज्रेको अवस्था दास-दासीको अवस्था हो । ऊ पशुपंछि सरह पैसाले किनिएको हुन्छ । ऊ खोरमा थुनिएको जन्तु झैं, पिंजडा भित्र राखिएको पन्छि झैं सीमित परिधि भित्र रहनु पर्ने हुन्छ । ऊ बिल्कुल परतन्त्र हुन्छ । मालिकले अह्राएको काम गरी, दिएको खाई सन्तुष्ट हुनु पर्ने हुन्छ । उसले जन्माइएको बाल-बच्चा पनि मालिक कै अधिनमा हुने गर्दछ । यसरी दास-दासीको जीवन मात्र होइन, भावि सन्तानको जीवन समेत अर्पण गर्नु पर्ने हुन्छ । मानिस-मानिसको बीचमा यस्तो भेद्भाव पूर्ण व्यवहार, आपसमा किनिने-वेचिने प्रथा सर्वथा अयोग्य छ, त्याज्य छ । यसले समाज विकास गर्नुको साटो समाजमा विभेदको विजारोपन गर्छ । संकुचित भावनाको सृजना गर्छ । ठूलो-सानोको भेद्भाव पैदा गर्छ । विषम परिस्थिति र अशान्त वातावरणको शुरुवात गर्छ ।

---

१. नेपालको ऐतिहासिक रूप-रेखा

भगवान बुद्धको जीवनकालमा दास-दासीको प्रथा प्रचुर मात्रामा चलेको देखिन्छ । कुनै पनि महाजन परिवारमा दास-दासीको व्यवस्था देखिन्छ । राजपरिवारमा यिनीहरूको घुइँचो लागेको सुनिन्छ । कुनै सेंठ वा साहुले पनि दास-दासी पालेको बुझिन्छ । बिम्बिसार, उद्‌यन, शुद्धोदन आदि राजाहरू, अनाथपिण्डिक, धनञ्जय, मिगार आदि सेंठहरूले प्रशस्त मात्रामा दास-दासीहरू राखेको प्रमाण बौद्ध साहित्यमा यत्रतत्र पाइन्छ । त्यस्तै एक-एक महाजन-पुत्री तथा महारानीहरूले पनि सयकडौं दासी आफ्नो अधिनमा राख्ने गरेको कुरो बौद्ध इतिहासले बताउँछ । यसरी दास-दासीको रूपमा जकडिएका ती अभागी नर-नारीहरू मध्ये कोही-कोही भाग्यवश भगवान बुद्धको करुणाको परिधिमा परेर दुष्कर्मबाट सुकर्ममा लागेको, दासत्वबाट मुक्त हुन पुगेको, अभागी भाग्यमानीमा परिणत भएको प्रमाण हाम्रो समक्ष यथेष्ट छ । ती मध्ये दासी-स्त्री खुज्जुत्तरा पनि एक हो ।

खुज्जुत्तरा निम्न वर्गकी महिला थिई । त्यसबेला निम्न वर्गको निमित्त ज्यादै परिश्रम गरेर आफ्नो जीवन यापन गर्नु पर्दथ्यो । फलस्वरूप खुज्जुत्तरा कौशाम्बि नरेशको पटरानी श्यामावतीकी दासी भएर रहेकी थिइन् । तिनको खास नाम उत्तरा थियो । तर तिनी होची, पुड्की र खोच्याउने भएकीले तिनलाई 'खुज्जुत्तरा' भनी बोलाउन गर्थ्यो ।[1]

१. आदर्श बौद्ध महिलापिं



राजा उदयनले रानी श्यामावतीको निमित्त खुज्जुत्तरालाई फूल किन्न दिनको आठ कार्षापण (असर्फी) दिई पठाउने गर्थ्यो । तिनले दिनहूँ चार कार्षापण थैलीमा राखी सुमन नामक मालाकार कहाँ गई चार कार्षापणको मात्र फूल किनेर लैजाने गर्थिन् ।

एक दिन सधैं झैं चार कार्षापण एकातिर पन्छ्याई चार कार्षापण हातमा लिई तिनी मालाकार कहाँ सरासर गइन् । त्यो दिन भने सुमन मालाकारलाई अत्यन्त बेफुर्सतको दिन थियो । किनकि उसले भिक्षुमहासंघ सहित भगवान बुद्धलाई आफ्नो घरमा निमन्त्रणा गरेको थियो । तिनले आउने बित्तिकै फूल पाउन सकिनन् ।

भोजनको ठीक समयमा शाक्यमुनि भगवान बुद्ध बडो संयमित रूपले भिक्षु महासंघको अगाडि-अगाडि पाल्नु भयो । बिछ्याइएको आसनमा बस्नु भई भोजन पश्चात् जन-समूहलाई सम्बोधन गर्नु भई भन्नु भयो– "गृहपतिहरू ! ...... ...... मानिसले दुराचरणलाई राम्ररी बुझी त्याग गर्नु पर्दछ र असल आचरणलाई यथार्थ थाहा पाई ग्रहण गर्नु नै सम्यक्-दृष्टिका खुड्किला चढ्नु हुन आउँछ ...... ...... ।"

यसबेला खुज्जुत्तरा पनि तथागतका यस अमृतमयी उपदेश एक कुनामा बसी सुनिरहेकी थिइन् । तथागतका यी उपदेशरूपी दिव्य किरण खुज्जुत्तराको अँध्यारो हृदयमा पर्न गयो । तिनलाई भगवान बुद्धको यी वाक्य मानो तिनको

निमित्त नै प्रकाश गरेको हो कि जस्तो लाग्यो । 'तिनले दिनहूँ चार कार्षापण कसैले चाल नपाउने गरी आफ्नो थैलीमा घुसाएको त भगवान बुद्धले पो देख्नु भयो कि' भन्ने शङ्का लाग्यो । 'तिनले गरिरहेकी चोरी काममा बुद्धको दृष्टि पो पऱ्यो कि' भनी विचार गर्न लागिन् । तिनको विचारको क्रम बढ्दै गयो । तिनले एक पछि अर्को कुरो सोच्दै यथार्थमा आउन थालिन् । अन्तमा तिनले मनमनै आफैलाई सोध्न थालिन्– "महारानी श्यामावतीले आफ्नी दासी माथि विश्वास गरी दिएको रूपियाँबाट आधि झिक्नु साँच्चै रानीको भरपर्दो विश्वासमा आगो राख्नु त भएन ! के यसो गर्नु उचित छ त ? विश्वासघाट ठूलो पाप होइन र ? विश्वासघाटी मानिस जीवनमा कहिले सफल होला त ? अहँ ! हुनै सक्तैन । हुनत महारानी श्यामावतीको निमित्त यी चार कार्षापणको केही मूल्य हुँदैन । तिनको यत्रो श्री सम्पत्तिको अगाडि यी चारवटा कार्षापण त्यसै हराएर पनि जान सक्छ, बिलाएर पनि जान सक्छ । तर मानिसको आदत पहिले यस्तै सानोतिनो कुरोको प्रलोभनमा परेर नै बिग्रन जान्छ । लोभ-लालचमा फँसेर नै चरित्रमा धक्का लाग्छ । चोरी, बदमासी गर्न पुग्छ । बाहीयात काम गर्न अघि सर्छ । जसबाट बच्न उसलाई झूठ बोल्न बाध्य तुल्याउँछ । एक असत्य सत्य सावित गर्न अर्को सय असत्य बोल्न बाध्य तुल्याउँछ । एक असत्य सत्य सावित गर्न अर्को सय असत्य बोले पनि असत्य सत्य सावित गर्न कठिन पर्छ । यसले केवल मानिसको चरित्रमा दाग लगाउँछ । उसको जीवनको सफलतामा आगो



लगाउँछ । अनि दागी चरित्रले गरेको परिश्रममा विफलताको आगो सल्किई विश्वमा बदनामको धुवाँ फैलाउनु सिवाय अरू के फल पाउन सक्ला ? साँच्चै मैले नकाम (नहुने काम) गरेकी छुँ । मालिकको विश्वासमा घाट (प्रहार) गरेकी छुँ । यो चार कार्षापण नलिए पनि मलाई के हानी हुन्छ र ! खान, लाउन मलाई मालिकले पुऱ्याएकै छ । म एक अवला दासी हुँ । दासी भएर मैले दासीको कर्तव्यलाई भुलेकी छुँ । बाटो बिराएकी छुँ । गर्न नहुने काम गरिरहेकी छुँ । तथागतको यस दिव्य उपदेशले मलाई चेतना दिलायो । अहिले पनि समय छ । अब म अवश्य सतर्क हुनेछु । आफ्नो भूललाई स्वीकार गर्नेछु । यस चोरी कामबाट बिल्कुल पन्छिई सत्यवादी बन्ने मौका आएको छ । जे हुनु भइगयो । अब आइन्दा यस्तो काम गर्दिन । रानी रिसाए रिसाउन्; वा खुसाए खुसाउन्; मैले आफ्नो भूल तिनको समक्ष राखिदिन्छु । भएभरको हाल तिनलाई भनिदिन्छु । के आफ्नो भूल आफैले स्वीकार्नु आफ्नो चरित्रलाई सुधार्नु होइन र ?"

यसरी खुज्जुत्तराले मनमनै दृढ निश्चय गरी भगवान बुद्धको उपदेशलाई पालन गर्ने हृदयदेखि प्रण गरिन् ।

तिनले थैली खोलिन् । थैली भित्र घुसाइसकेको चार कार्षापण दुइ औंलाले च्यापेर बिस्तारै निकालिन् । एकचोटी पुलुक्क हेरिन् । अनि आठै कार्षापण हातमा मुठी पारी सुमन मालाकारको सामुन्ने गइन् । फूल मागिन् । मालीले अरू दिनमा भन्दा दोब्बर पैसा पाउनाले दोब्बरै फूल दियो ।

खुज्जुत्तरा दिइएको फूल थापी सरासर दरवारतिर लागिन् । एकातिर 'चोरी सकेको धन त्यागेकोमा तिनलाई गर्व थियो त अर्कोतिर महारानीले केही भन्ने हो कि', 'केही गर्ने हो कि' भन्ने आशङ्काले तिनी अलि-अलि डराएकी पनि थिई ।

महारानी श्यामावती पनि कम बुद्धिमती नारी थिइनन् । तिनी समय र परिस्थिति अनुकूल व्यवहार गर्न जान्दथी । तिनी व्यवहार कुशल र क्षमाशील रानी थिई ।

त्यो दिन खुज्जुत्तराले अरू दिनमा भन्दा बढाएर फूल ल्याएको तिनले देखिन् । तर खुज्जुत्तराको रूपाकृति र मनोदशालाई थाहा पाई यस विषयमा तिनले केही प्रश्न गरिनन् । तिनी चुपचाप मौका पर्खन्दै थिइन् ।

एक दिन श्यामावतीले खुज्जुत्तरालाई सोधिन्– "खुज्जुत्तरा ! केही दिनदेखि तिमीले पहिले भन्दा बढाएर फूल ल्याउने गऱ्यौ ? किन ? के महाराज खुशी भएर फूलको निमित्त डबल पैसा दिइबक्स्यो कि ?"

महारानीको यस प्रश्नले खुज्जुत्तरा अल्मलिनन् । तिनले कुनै कुरा लुकाउने छिपाउने प्रयत्न गरिनन् । किनकि तिनको कानमा बुद्धवाणी पर्ने बित्तिकै 'चोरी नगर्ने', 'झुठ नबोल्ने' तिनले मनमनै निश्चय गरी सकेकी थिइन् । त्यसैले तिनले विनम्र भई उत्तर दिइन्– "होइन महारानी ! महाराजले साविकै रूपियाँ अर्थात् आठ कार्षापण दिइबक्सेको थियो ।



लालचवशः मैले दिनहूँ चार कार्षापण आफ्नो थैली भित्र घुसारी चार कार्षापणको मात्र फूल किनेर ल्याउने गर्थें । तर केही दिन अघि सुमन मालाकारकहाँ भिक्षु महासंघ सहित भगवान बुद्धलाई निमन्त्रणा गरेको थियो । त्यसै सुअवसरमा मैले पनि सम्यक्-दृष्टि अर्थात् दुराचारलाई त्यागी सदाचार बन्नु पर्ने भगवान बुद्धका अमृत वाणी सुन्ने मौका पाएँ । बुद्धका त्यस दिव्य उपदेशले आजीवन मैले चोरी आदि कुकर्म नगर्ने प्रतिज्ञा गरिसकेकी थिएँ । त्यसैले इमान्दारपूर्वक आठै कार्षापणको फूल किनी तपाईकहाँ चढाउन ल्याइरहेकी छुँ । रिसानी माफ होस्, स्वामिनी ! मेरो भूलमा क्षमा गर्नु होस् ।"

विदुषी नारी श्यामावतीले दासीको कुरो सुनी विचार गरिन्– "यस्ती एक साधारण दासी-स्त्रीले त त्यस उपदेश सुनी त्यति प्रभावित भइन् र आफ्ना कुकर्मबाट बच्न पुगिन् भने ती उपदेश कर्ता अवश्य चानचुने मानिस होवोइन । उहाँ अवश्य कोही महापुरुष हुनुपर्छ । निश्चय नै उहाँको उपदेश जीवनोपयोगी र कल्याणकारी हुनुपर्छ । यिनैले सुनेर आएको उपदेश भए पनि एकचोटि सुन्नु श्रेष्ठकर हुनेछ ।"

यति विचार गरी श्यामावतीले आफ्नी दासीले गरेकी चोरी कामलाई क्षमा दिइन् । दासत्वबाट मुक्त गराई राजमहिलाको स्थानमा राखिन् र भगवान बुद्धको उपदेश सुनाउन आग्रह गरिन् ।

खुज्जुत्तरा योग्य आसनमा बसी तथागतको कल्याणकारी

उपदेश महारानी श्यामावती सहित अन्य पाँच सय परिचारिकालाई सुनाउन थालिन् । तिनको व्याख्यानले रानी प्रसन्न भई तिनलाई बुद्धको अमरवाणी सुन्न र सुनाउने काम मात्र दिलाइन् ।

खुज्जुत्तराले भगवान बुद्धको उपदेश सुनेको अनुसार प्रयोगमा ल्याई आफ्नो चरित्र सुधारमा ठूलो परिवर्तन ल्याइन् । दिनहूँ यसरी तथागतको उपदेश सुनेर यथावत् महारानीलाई सुनाउने गर्दागर्दै तिनी बुद्धकालीन बहुश्रुता उपासिकाहरूमा सर्वश्रेष्ठ भएर निस्किन् ।

यसरी खुज्जुत्तराले भगवान बुद्धको अनुपम देन पाई दासत्वबाट मुक्त हुने सुअवसर पाइन् । उपासिकाहरूमा 'बहुश्रुत' मा 'एतदग्ग' जस्तो असाधारण उपाधि प्राप्त गर्नमा सफल भइन् । नीच जातिमा जन्मेकी, दासी भएर हुर्केकी, पुड्की, खोच्याउँदै हिंड्ने भएकी खुज्जुत्तराले कारुणिक तथागतको दिव्य उपदेश पाई तिनी धन्य भइन् । अरूलाई पनि भाग्यमानी तुल्याउन समर्थ भइन् ।

धन्य ! नारी प्रति बुद्धका असीम कृपा ।

# स्वबन्धु-त्यक्ता
## (पटाचारा)

जीवनमा जवानी एकै पटक आउँछ । जवानीमा ऊ तेजिला देखिन्छ । उसमा स्फुर्ति भरिन्छ । ऊ नयाँ-नयाँ कल्पना गर्न थाल्छ । प्रेम गर्न सिक्छ ।

यौवनको आँधि विचित्र छ । खान लाउनको निमित्त मानिसले जे-जति मेहनत गर्छ, त्यो भन्दा बढी मेहनत यस आँधिमा परेको मानिसले गर्छ । समाजमा प्रतिष्ठा जमाउन मानिसले जति परिश्रम गर्छ, राष्ट्रका ठूल-ठूला नेता बन्न मानिसले जुन किसिमको प्रयास गर्छ त्यो भन्दा बढी मेहनत, परिश्रम र प्रयास यस यौवनको आँधिमा परेका नौजवानले गर्न पछि पर्दैन । जतिसुकै कठिनाई भोग्नु परे पनि ऊ हिच्किचाउँदैन । जस्तोसुकै कष्ठ सहनु परे पनि ऊ डराउँदैन । यौवन यस्तो अवस्था हो जुन बेला आमा-बाबुको स्नेह ममताले मात्र ऊ अघाउँदैन । बन्धु-बान्धवको नातामा मात्र ऊ सीमित हुँदैन । नोकर-चाकरको सेवा टहलले मात्र ऊ सन्तोष हुँदैन । जतिसुकै धन भए पनि ऊ धनमा मात्र आकर्षित हुँदैन । ईज्जत र दौलतको खोलो बगाए पनि ऊ सन्तुष्ट हुँदैन । सुरक्षित स्थानमा राखे पनि ऊ चुपचाप भएर बस्न सक्तैन । यौवनले उसलाई धकेलेर ल्याउँछ,

घचेटेर ल्याउँछ, घिसारेर ल्याउँछ । यौवन धन-सम्पत्तिले घेरिएर घेरिन्न; मान-मर्यादाले बाँधेर बाँधिन्न; परिवारले रोकेर रोकिन्न; समाजले छेकेर छेकिन्न । यौवनले जता हुत्याउँछ, उतै हुत्तिन्छ; जता बगाउँछ, उतै बगिदिन्छ; जता बहाउँछ, उतै बहिदिन्छ । यौवनको पासोमा परेको, बन्धनमा बाँधिएको, मुठीमा परेकोले उचित अनुचितको ख्याल राख्न सक्तैन; ठीक-बेठीक छुत्याउन सक्तैन; सही बाटो हो-होइन थाहा पाउँदैन । ऊ केवल प्रेमान्धमा बगिएको हुन्छ, तड्पिएको हुन्छ, जलिएको हुन्छ । अनि उसले आँखा चिम्ली दिन्छ, अन्धवेगमा दौडी दिन्छ, अन्ध भावनामा कुर्ली दिन्छ, कल्पनाको संसारमा उडी दिन्छ, यौवनको आँधिमा हुटिन्छ ।

जीवनमा यौवन एकै वार आउँछ । यौवनमा वसन्त बहार चल्छ । बसन्त बहारमा कसैले सुन फलाउँछ, कसैले हिरा, कसैले मोति तर कसैले भने केही न केही । यौवनले कसैलाई उपहार दिन्छ, कसैको सर्वस्व लुटेर लिन्छ; कसैलाई वरदान दिन्छ, कसैको ज्यूज्यान लिन्छ; कसैलाई धनवान बनाई दिन्छ, कसैको धन हरण गरिदिन्छ । कसैलाई अति सन्तान, कसैलाई निःसन्तान; कसैलाई अमिर, कसैलाई गरीब; कसैलाई चैन, कसैलाई विचैन; कसैलाई आजाद, कसैलाई वर्वाद; कसैलाई सुदिन, कसैलाई दुर्दिन; कसैलाई सपुत, कसैलाई कपुत; कसैलाई प्यार, कसैलाई मार; कसैलाई योग, कसैलाई वियोग; कसैलाई जीवन, कसैलाई मरण, तर यी सबै निर्भर



गर्दछ मानिसकै कर्म, उसकै ढङ्ग र उसकै भावी बुद्धि र विवेकमा ।

यसै सन्दर्भमा यौवनको आँधिमा लपेटिएकी बुद्धकालीन एक नव युवतिको घटित घटना स्मरण हुन्छ । घटना साऱ्है मर्मस्पर्शी छ ।

श्रावस्तीमा एक अत्यन्त धनी महाजन परिवार बस्तथ्यो । उनीहरूको एक छोरी थिई । तिनी अति राम्री र सुन्दरी थिई । तिनले क्रमशः वर्षका खुद्किलाहरू चढ्दै सोऱ्ह वर्षमा टेकी । यौवनको लालीमा तिनको सुन्दर अनुहारमा स्पष्ट झल्कियो । जवानीको भारले तिनी थिचियिन् । तिनको सुन्दरता झन दुगुना बढ्यो । तिनमा मनमोहकता भरियो ।

तिनकी माता-पिता यस्ती अनूपम सुन्दरी छोरी पाएकोमा अति खुशी थिए । तिनको बाल्यकाल लाडप्याडमा बित्यो । सुख-सुविधामा जीवन हुर्कियो । तिनलाई केही चीजको कमि थिएन । ऐश्वर्य लुट्दै तिनी बढिन् । सात तल्ले महलको सबभन्दा माथिल्लो तल्लामा युवति छोरीलाई सुरक्षित रूपले राखियो । परिचारिकाहरूको सेवा टहलमा राम्रो प्रबन्ध मिलाइयो । तिनलाई अझ सुरक्षित पार्न नोकर-चाकरको व्यवस्था मिलाइयो । तर यस्तो सुरक्षित स्थानमा बसेकी, परिचारिकाहरूले घेरिएकी ती नव युवतिले आफ्नै एक नोकरसँग प्रेम गर्न पुग्ला भनी कसलाई के थाहा ?

त्यत्रो सम्मान पाएकी ती खानदान लडकीले आफ्नै एक चाकरसँग दिल बहलाउँला भनेर कसलाई के पत्तो ? सात-सात तल्ला माथि राखी त्यस्तो विधि सुरक्षा पुऱ्याउँदा-पुऱ्याउँदै पनि एक साधारण कामदारसँग तिनले मन मिलाउँला भनी कसलाई के शङ्का ?

यता माता-पिता छोरीलाई विवाह गरिदिन एक योग्य वर खोज्दै थिए । समान कुल र सम्पन्न परिवारको तलाश गर्दै थिए । सुयोग्य वरको हातमा प्यारी छोरी सुम्पने सपना देख्दै थिए । संयोगवश समान कुल, सम्पन्न परिवारका एक योग्य वर भेट्टाइयो । कुराकानी चल्यो । छोरी दिने निधो गऱ्यो । दिन टोक्यो । वरियात आउने दिन पनि नजिक आइपुग्यो ।

उता युवतिले आफ्नो विवाह एक सम्पन्न परिवारको केटोसित हुने निश्चय गरिसकेको कुरो थाहा पाइन् । अब 'आफ्नो प्रेमीसँग छुट्टिनु पर्ने भयो' भनी तर्कना गर्दै छटपटाउन थालिन् । अन्तमा दुलही लिन आउनु भन्दा पहिले नै घरबाट भाग्ने निधो गरी आफ्ना प्रेमीलाई भनिन्– "मेरो माता-पिताले मलाई अन्तै विवाह गरिदिने बन्दोवस्त मिलाई सकेको छ । म विवाहित भएर घर गए पछि तिमीले केही गरे पनि मलाई भेट्न पाउँदैनौ । यदि म प्रति तिमीमा साँच्चैको प्रेम छ भने अहिलेसम्म समय छ, मलाई यहाँबाट कतै भगाएर लैजाने उपाय गर ।"



महाजन पुत्री आफ्ना प्रेमिकाको विश्वासिलो तर याचनायुक्त कुरो सुनी नोकरले भन्यो– "मेरो प्राण प्यारी, हुन्छ, म तिमीलाई यस घरबाट बाहिर लिएर जान्छु । म भोलि बिहान सबेरै शहर बाहिर फलानो ठाउँमा गएर तिमीलाई पर्खिरहन्छु । तिमी जसरी हुन्छ उपाय गरी त्यस ठाउँमा आउने कोशिश गर । अनि मात्र हामी यस सामाजिक बन्धनबाट मुक्त हुने छौं । प्रेमपूर्ण दम्पति जीवन बिताउन सक्ने छौं ।"

भोलि बिहान सबेरै प्रेमी (नोकर) टोकिएको ठाउँमा गएर आफ्नो प्रेमिकाको बाटो हेरिरहयो । महाजन पुत्रीलाई आफ्नो प्रेमी भेट्ने हतार त छँदै थियो । तिनी बिहान सबेरै उठिन् । झुत्रो, मैलो लुगा लगाइन् । कपाल-सपाल बिगारिन् । चाकर्नीहरूसँगै पानी लिन जाने निहुँ पारी सुत्त भागिन् । तिनको प्रेमीलाई भेट्न पुगिन् ।

प्रेमी-प्रेमिका भेट भए । दुबै जना त्यहाँबाट हिंड्न थाले । जाँदा-जाँदै तिनीहरू शहरबाट धेरै टाढा एउटा जङ्गलको छेउ-छाउको एक गाउँमा पुगे । त्यहीं तिनीहरू बस्ने विचार गरे ।

लोग्ने चाहिँले खेत खन्थ्यो । बनमा गएर दाउरा, पात ल्याई बिक्री गरी नुन तेलको खाँचो टार्थ्यो । स्वास्नीले धान कुट्नु, पानी ल्याउनु, भात पकाउनु आदि सबै घर-धन्दा

गर्थिन् । यसरी तिनले आफ्नो प्रेमको बालि काट्दै थिइन् । जसोतसो तिनीहरूको जीवन निर्वाह भइरहेको थियो ।

समय बित्दै गयो । युवतिले नयाँ जीवनको अनुभव गरिन् । तिनी गर्भवती भइन् । गर्भवती भएदेखि तिनले माइत सम्भन लागिन् । जति तिनको गर्भ छिप्पिँदै गयो उति तिनलाई चिन्ता बढ्यो । सुत्केरी अवस्थाको पीर पर्‍यो । तिनलाई के गरूँ, के गरूँ भयो । तिनी चुप लागेर बस्न सकिनन् । तिनले आफ्नो लोग्नेलाई भनिन्– “पतिदेव ! मेरो सुत्केरी हुने समय नजिक आइरहेछ । म यहाँ एक्ली छुँ । मलाई हेरचाह गर्ने आफन्तहरू कोही छैनन्; न कोही सेवा गर्ने नै छन् । तसर्थ मेरो माइत जाउँ ? छोरी प्रति आमा-बाबुको स्नेह कहिल्यै छिनिन्दैन । अवश्य हामीलाई घरमा हुलाउने छ । मैले निश्चिन्त भएर आफ्नो व्यथा बिसाउन पाउने छु । जाउँ ।”

तर आफ्नो प्रिय पत्नीको यस अनुरोध पति चाहिँले स्वीकार्न सकेन । उसले आफ्नो कमजोरी देखाउँदै भन्यो– “प्रिय ! तिमीले के कुरा गरेकी ? म तिम्रै घरमा नोकरी गरी बसेँ । तिमीलाई भगाएर ल्याएँ जसको कारणबाट तिम्रो आमा-बाबुलाई ठूलो पीर परिरहेको होला । तिनीहरू म देखी कत्ति रिसाइरहेका होलान् । झन् उल्टो म तिनीहरू कहाँ जाँदा मेरो के गति होला ? त्यसैले तिमीले माइत जाने विचार छोडी देऊ ।”

केही दिन पछि स्वास्नीले त्यही कुरा उठाइन् र



माइत जाने आग्रह गरिन् । तर लोग्ने यस कुरामा सहमत भएन । फेरि दुइ-चार दिन पछि तिनले आफ्नो ढिपी लोग्नेको अगाडि राखिन् । तर केही गरे पनि मानेन । तिनलाई बडो फसाद पर्‍यो । के गरूँ, कसो गरूँ भयो । सुत्केरी हुने बेला सम्भ्यो कि तिनको आँखा अगाडि माइतको सम्पन्नता नाच्न आउँथ्यो । नोकर-चाकरको सेवा टहल फनफनी घुम्थ्यो । आमा-बाबुको असीम स्नेहले तिनको परेला भिज्थ्यो; हृदय रसाउँथ्यो । प्रसव व्यथा बिर्सन तिनले दिन-रात माइत सम्भन थालिन् । तर पतिको अनुमति पाउन नसकेकीले तिनी त्यसै अलमलि रहिन् ।

महिना पुगि सक्यो । तिनी झन्-झन् डराउन थालिन् । मन-मनै गुन्न थालिन्– “आइमाईको व्यथा ती लोग्ने मान्छेलाई के थाहा ? स्वास्नी मानिसको लागि यो अवस्था साह्रै खतरनाक छ । बेलैमा होश पुर्‍याउन नसके ज्यू- ज्यान पनि जान सक्छ । मेरो वेदना मलाई थाहा छ । मेरो अवस्थामा मैले विचार गर्नु पर्छ । मलाई आइ पर्ने संकट मैले हटाउनु पर्छ । यस बेला माइतको आश्रय लिनु नै मलाई कल्याण हुनेछ । अनुमति नदिए नदेओस् । अब म पर्खिरहन सक्तिन । बरु चुपचाप हिडिदिन्छु ।”

यसरी विचार गरी तिनी माइत जाने मौका खोज्दै थिईं ।

एक दिन लोग्ने जङ्गल गएको बेला पारी ढोका-सोका

लगाई गाउँले छिमेकीहरू कहाँ गई भनिन्– “मेरो लोग्नेले मलाई खोज्दै यहाँ आएर सोध्यो भने ‘म माइत गएकी छे, भन्दिनु” भनी तिनी माइततिर लागिन् ।

लोग्ने जङ्गलमा गई दाउरा-साउरा काटी सधैं झैं घर फर्क्यो । घरमा बाहिरबाट ढोका लगाई राखेको थियो । ‘स्वास्नी कहाँ गई’ भनी यताउति हेर्न थाल्यो तर कहीं पनि देखिएन । उसले हतार-हतार गाउँले छिमेकीहरू कहाँ गएर आफ्नी स्वास्नीको बारेमा सोध्यो । छिमेकीहरूले उसको स्वास्नीले भने झैं सबै कुरा बताई दिए ।

गाउँलेका कुरा सुनी त्यसले विचार गर्न थाल्यो– “मेरो निमित्त यी सम्पन्न परिवारको कुल-पुत्रीले आफ्नो धन, जन, इज्जत त्यागी मेरो पछि लागिन् । दुःख सहेर मलाई साथ दिइन् । तिनी मलाई दिलैदेखि प्यार गर्छिन् । म पनि तिनी बिना एक दिन पनि रहन सक्तिन । विचरी ! अहिले प्रसव वेदनाको भयले आत्तिएकी छिन् । जसरी भए पनि तिनलाई भेट्टाएर फर्काएर ल्याउनु पर्छ । नत्र ...................... ।”

ऊ सही बाटोमा लाग्यो । फताफत लम्क्यो । जाँदा-जाँदा निकै बाटो हिडिसकेपछि बल्लबल्ल आफ्नी श्रीमतीलाई भेट्टायो । तिनलाई फर्काउन कति सम्झायो । तर तिनको पाइला रोकेनन् । त्यसबेला तिनले माइत सिवाय् अरू आश्रय देखिनन् । तिनी अगाडि बढ्दै थिइन् । लोग्ने पनि तिनलाई



सम्झाउँदै पछि-पछि लाग्दै थियो ।

बाटोमा हिड्दा-हिड्दै तिनलाई पेट दुख्न थाल्यो । सुत्केरी व्यथाले च्याप्दै ल्यायो । तिनी हिड्न असमर्थ भइन् । बाटो छेउकै एक सानो जङ्गल भित्र पसिन् । एउटा रुख मुन्तिर अलि सुरक्षित र गुप्त स्थानमा बसिन् । व्यथाले झन् च्याप्यो । तिनले दाऱ्हा किटी सहिरहिन् । यस्तो असहय व्यथा र वेदनाले छट्पटिंदै बल्लतल्ल एक बालक जन्माइन् । बच्चा जन्मि सके पछि तिनको वेदना कम हुँदै गयो । जुन भयबाट तिनी आत्तिएकी थिइन्, ती भय पनि अब टारिसकेको थियो । तिनले आफ्नो लोग्नेलाई बोलाएर भनिन्– “स्वामी ! म जुन भयले आत्तिदै माइतको शरण लिन यहाँ आएकी थिएँ, ती भयबाट म यहीं मुक्त भएँ । अब म माइत जान्न । बरु यहींबाट घर फर्कौं । बच्चाको सिहारसुसार गरौं ।”

लोग्ने यस कुरामा सहमत भयो । दुबै पति-पत्नी पुत्रलाभ भएकोमा सन्तोष हुँदै, सुख-दुःखका कुरा गर्दै गाउँको घरतिर लागे ।

आज, भोलि भन्दै दिन बित्दै गयो । दुबै लोग्ने-स्वास्नीले आ-आफ्नो काम गरी छोरोलाई हुर्काए । छोरो दुइ वर्षको भयो । तिनी फेरि गर्भवती भइन् । पेट बोके देखिन् तिनको मनमा अशान्तिले छायो । तिनलाई उही पीर पऱ्यो । के गर्ने, कसो गर्ने भन्दा-भन्दै दिन, महिना बित्न थाल्यो ।

तिनी उही सोचमा दुबिन् । तिनलाई माइत कै तस्बिर घुम्न थाल्यो । माइत कै सहारा नाच्न थाल्यो । माइत कै शरणमा परी आफ्नो व्यथा बिर्सने विचार गरी लोग्नेलाई पहिले झैं माइतको सम्पन्नता व्यक्त गर्दै माइतको आश्रय लिन जान आग्रह गरिन् । तर तिनले लोग्नेलाई मनाउन सकिनन् । पछि तिनी एकलै मात्र भए पनि माइत जाने अनुमति मागिन् । तिनको लोग्ने यसमा पनि सहमत भएन ।

संकटको समय झन्-झन् नजिक आइसक्यो । तिनले न लोग्नेलाई मनाउन सकी, न आफू जानलाई अनुमति नै पाउन सकी । तिनी दोधारमा परिन् । न सोधिकन जाउँ लोग्नेको चित्त दुख्ला भन्ने डर, सोधेर जाउँ केही गरे पनि नपठाउने कर; नजाउँ त त्यहाँ कोही छैन भर । तिनलाई बडो फसाद पऱ्यो । मनमा ढ्याग्रो ठोक्यो । अन्तमा पहिले झैं गाउँले छिमेकीलाई चाहिने कुरा भनी छोरोलाई बोकी माइततिर फताफत लम्की ।

लोग्ने घर आउँदा झ्याल-ढोका लगाई राखेको देखी 'पहिले कै आपत्ति आइ पऱ्यो' कि भन्ने शङ्काले गाउँलेहरू कहाँ गई सोध्न गयो । उसको शङ्का सत्य ठहरियो । उसकी श्रीमती हिडिसकेकी रहिछन् ।

ऊ स्वास्नीलाई यस पटक पनि फर्काएर ल्याउन उही बाटोमा लाग्यो । निकै बाटो हिडिसके पछि उसले



टाढैबाट छिट्छिटो पाइला सारिरहेकी स्वास्नीलाई देख्यो । उसमा स्वास्नीलाई फर्काएर लिएर आउने साहश दुगुना बढ्यो । ऊ सकेसम्म छिटो हिड्यो । केही समयमा नै स्वास्नीलाई भेट्टायो । तिनलाई फर्काउन उसले अनेक तरहले सम्झायो । तिनी मानिनन् । कति कोशिश गऱ्यो । तिनी रोकिनन् । दिन ढल्की सकेको थियो । तिनी अगाडि बढ्दै थिइन् । लोग्ने पनि सँग-सँगै आउँदै थियो । यसै बेला अचानक आकाश कालो बादलले ढाकियो । चिसो बतास चल्न थाल्यो । हुरी चल्यो । आँधि आयो । आँधिबेरीका तुफानले अनकन्टारमा परेका ती दुइ पथिक र एक सानो बच्चालाई उडाएर लै जाला जस्तो भयो । केही छिन पछि पानीका ठूल-ठूला थोप्ला बर्षन थाल्यो । वरपर ओत लाग्ने ठाउँ कहीं पनि थिएन । पानीको वेग बढ्दै गयो । हुँदा-हुँदा मुसलधारे पानी खनिन थाल्यो । यसै बीच तिनलाई सुत्केरी व्यथा लाग्यो । अँध्यारो भइसकेको थियो । यसो ओत लिने ठाउँ तिनले कहीं पनि देखिनन् । तिनी हिड्न पनि असमर्थ भइसकेकी थिइन् । तिनले आफ्नो लोग्नेलाई भनिन्– "मलाई व्यथाले चाप्यो । उभिरहन पनि गाह्रो भइसक्यो । यी पानीको मारबाट बच्न अलि सुरक्षित स्थान खोजिदेऊ ।"

प्रसव व्यथाले व्यथित आफ्नी प्राणप्रिय पत्नीको याचना सुनी हातमा बञ्चरो लिई रूखका हाँगासाँगा बटुल्न ऊ यताउति लाग्यो । अलि पर स्याउला र घाँस थुप्रिएको एक

सानो ढिस्को देख्यो । ऊ उतै तिर लम्क्यो । त्यहाँको घाँस पात बटुल्न मात्र ऊ के लागेको थियो एक विषालु सर्प निस्की त्यसको खुट्टामा बेरेर टोक्यो । ऊ उभिरहन सकेन । त्यहीं दठ्याम्म लड्यो । सर्प-विष तुरन्त उसको रगतको अणु-अणुमा फैलियो । शरीर कालो-नीलो भयो । तत्काल उसको त्यहीं मृत्यु भयो ।

यता सुत्केरी व्यथाले छट्पटिएकी उसकी पत्नी बाटैमा थच्चक बसिन् । पेट मिच्न थालिन् । तिनको व्यथा झन्-झन् चड्कियो । तिनी कहिले लोग्ने आयो कि भनी पुल्लुक हेर्थिन्, कहिले आफ्नै व्यथामा विवश हुन्थिन् । कहिले ओल्टो कहिले कोल्टो फेरी आफ्नो दर्द बिर्सन खोज्यो भने कहिले अब त लोग्ने अवश्य आयो होला भनी यताउति आँखा घुमाउँथी ।

पानी एकै नाश बर्षिरहेको थियो । हुरी चलिरहेको थियो । रात पर्दै गयो । चिसोले जिउ कठांग्रियो । छोरो थर-थर काम्दै रुँदै थियो । तिनको प्रसव वेदनाले भने झन्-झन् उग्र रूप लियो । त्यति बेला भइसक्यो लोग्ने आइ पुगेको होइन । लोग्ने आउने बाटो हेर्दा-हेर्दै तिनको आँखा ताती सक्यो । छोरोको बिच्चली देखी तिनको हृदय पग्लियो । वेदनाले छट्पटिंदै तिनी थाकी सकिन् ।

आधा रातमा वर्षादको ओइरोमा चिसो बतासको



झोक्कामा तिनले मुस्किलले असहच वेदनाले प्राय: मुर्छितावस्थामा अर्को छोरो जन्माइन् ।

त्यस्तो अन्धकार रात्रिमा लगातार बर्षिरहेको पानी र चिसो बतास सहन नसकी दुबै बालबच्चा चिच्याएर क्वाँ क्वाँ रुन थाले । तर विचरी बल्लबल्ल होशमा आइन् । छोरोहरूको त्यो विच्चली देखी तिनी चुप लागेर बस्न सकिनन् । तिनले आफ्नो दु:ख, पीडा, कष्टलाई एकातिर पन्छ्याई चारघुडा टेकी दुबै छोरालाई आफ्नो छाति मन्तिर राखी रात नकाटुन्जेल पानीको धार आफ्नो जिउँमा थापी प्रकृति प्रकोपबाट बचाउन थालिन् । सुत्केरी जिउ रगत नभएको जस्तो देखियो । तिनको शरीरको रङ्ग पहेंलो पात जस्तो भयो ।

बिहान भयो । पानी रोकियो । सूर्य उदायो । झलमल उज्यालो भयो । तिनी उठिन् । रात भरीको पीडा र वर्षाले तिनको जीउ कट्कटि दुखिरहेको थियो । एक छिन त्यहीं थच्चक बसिन् । सुस्केरा हालिन् । अनि राति जन्मेको बच्चालाई लिइन् । दुइ वर्षे छोरोलाई औंला समाउन लगाउँदै भनिन्– "आऊ बाबु ! तिम्रो बुबालाई खोज्न जाऊँ ।"

तिनी सरासर तिनको लोग्ने गएको बाटो तिर लागिन् । अलि पर पुगे पछि तिनले उही ढिस्को देखिन् । तिनी उतैतिर लागिन् । त्यहाँ तिनले सर्प विषले कालो नीलो भइसकेको आफ्नो पतिदेवको मृत शरीर लडिरहेको देखिन् । तिनले विरह

थाम्न सकिनन् । तिनी रोइन्; कराइन्– “हरे ! यस्तो निर्जन स्थानमा मैले बच्चा पाउनु पऱ्यो ! मेरै निमित्त मेरो प्राण-प्रिय पतिले बाटैमा आफ्नो प्राण गुमायो । अब म कसको सहारा लिएर बाँच्ने । म निस्सहायी ! कसको भरोसामा मेरो जिन्दगी गुजार्ने ! जसको निमित्त मैले धन, जन, सुख, ऐश्वर्य त्यागें, त्यसैले मलाई छोडेर गयो ! अब मेरो के गति हुने हो !” भन्दै, रुँदै, विलाप गर्दै माइततिर लागिन् ।

बाटोमा अचीरवती नदी तर्नु पर्थ्यो । रातभरी धुमधाम पानी परेकोले नदीमा पानी बढेको थियो । त्यस नदीमा कहीं घुँडासम्म कहीं कम्मर सम्म डुब्थ्यो । ती भर्खरकी सुत्केरी, वियोग वेदनाले पीडित नारीले एकै चोटी दुइटै छोराहरू लिएर नदी तर्न साहश गर्न सकिनन् । भर्खर जन्मेको बालकलाई पारी राखी अर्को छोरो लिन आउने विचारले ठूलो छोरोलाई वारी छोडेर तिनी नवजात शिशुलाई लिई पारी पुगिन् । बच्चालाई भूइँमा सुताई एउटा रूखको हाँगाले छोपी अर्को छोरो लिन तिनी वारितिर लागिन् । तर ‘नवजात शिशुलाई केही होला’ कि भन्ने आशङ्काले फर्कि-फर्कि हेर्दै नदी तर्न लागिन् ।

तिनी नदीको बीचमा मात्र के पुगेकी थिइन्, कता कताबाट एक बाज (चील) हुइँत ओर्लिएको आवाज सुनिन् । फर्केर हेर्दा बाज (चील) ले नव जात शिशुलाई च्यापेर उडि सक्केछ । तिनले दुइवटै हात उठाउँदै चिच्याएर हा ! हा ! गर्न लागिन् ।



तिनले हेर्दा-हेर्दै बाज बच्चालाई टिपेर सुईकुच्चा ठोक्यो ।

यता पारीको छोरोले नदीको बीचमा उभिई दुइवटै हात हल्लाई उच्च स्वरले कराइरहेकी आफ्नी आमालाई देखी ‘उसैलाई आऊ’ भनी बोलाइरहेकी होली भन्ठानी अगाडि बढ्यो । उसलाई पनि खोलोले बगाइन् । ती नारीले यसो हेर्दा ठूलो छोरो पनि तिनको पहूँचबाट टाढै पुगिसकेको थियो । तिनी स्तम्भित् भइन् । दुइ किनाराको बीचमा तिनी उभिएको उभिऐ । एक पलमा दुइ आँखाका दुइ तारा अल्पिए । वारि पारी दुवै शून्य देखिन् । तिनको नयनबाट आँसुका धारा बग्न थाल्यो ।

तिनी कहिले आफ्ना पतिदेवलाई सम्झेर रुन्थिन्, कहिले आफ्ना प्राणका दुइ अंगलाई पुकार्दै अलाप-विलाप गर्थिन्– “हरे ! मेरो पतिदेवले बाटैमा आफ्नो प्राण गुमायो । यी मेरा प्राणका टुकडाहरूले एक निमेशमा मलाई छले । एक छोरो बाजले उडायो । अर्कोलाई पानीले बगायो । मेरो टेक्ने दुबै लट्ठी भाँचियो । मेरो प्राण-प्रिय पतिलाई विषालु सर्पले डस्यो । मेरै निमित्त उनले आफ्नो ज्यान गुमायो । मेरो जीवनाधार बिलायो ।”

यसरी तिनी रुँदै, कराउँदै माइत तिर लागिन् । बाटोमा तिनले श्रावस्तीबाट आइरहेको एउटा मानिसलाई भेटिन् । तिनले सोधिन्– “महासय ! तपाई कहाँबाट आउनु भएको ?”

उसले भन्यो– “बहिनी, म श्रावस्तीबाट आउँदै छु ।”

तिनले प्रश्न गरिन्– ”श्रावस्तीमा फलानो ठाउँमा बस्ने महाजन परिवारलाई तपाईले चिन्नु भएको छ ?”

उसले जवाफ दियो– “अँ, म चिन्दछु ।”

तिनले सोधिन्– “अहिले उहाँहरूको के हालखबर छ ?”

पथिकले भन्यो– “उफ ! बहिनी ! उनीहरूको विषयमा होइन, अरू कसैको विषयमा सोध ।”

तिनले भनिन्– “मलाई ती महाजन परिवार सिवाय् अरूहरूको विषयमा सोध्नु परेको छैन । त्यसैले कृपा गरी तपाईलाई थाहा भएको कुरो भनि दिनुस् न ।”

ती सज्जनलाई महाजन परिवारमा घटेको घटना नभनी सुखै पाइएन । उसले भन्यो– “बहिनी ! आज रात भरी मुसलधारे पानी परेको त तिमीलाई थाहा छ ?”

तिनले उत्तर दिइन्– “हो, मलाई राम्रै थाहा छ । शायद् मलाई जति थाहा होला अरूलाई नहुन सक्छ किनभने यस पानीको मारमा म रात भरी नै परेकी थिएँ ।”

तिनले फेरि प्रश्न गरिन्– “भन्नुस् न, पानी पर्नाले ती महाजन परिवारको के हानी भयो ?”



उसले दुःखलाग्दो स्वरमा भन्यो– “बहिनी ! हुनसम्मको हानी भयो । नचिताएको हुन गयो । सर्वस्व नाश भयो । घर भत्क्यो । महाजन, महाजनको पत्नी र छोरो पुरियो । ती तीनै परिवार एकै चितामा जलाइरहेछ । ऊ, हेर धुवाँको मुस्लो अहिलेसम्म पनि निस्किरहेछ ।”

पथिकको कुरो सुन्दा-सुन्दै ती अबला नारीको जिउ सिरिङ्ग भयो । हात-खुट्टा फग्लक गल्यो । दिलमा दावाँडोल मचियो । नशा-नशामा बिजुली चम्क्यो । मुखबाट शब्द निस्केन । आँखाबाट आँसु झरेन । हृदयमा वियोगको आगो बल्यो । व्यथाको धुवाँ बन्यो । अटेसमटेस भयो । निस्कने ठाउँ पाएन । मुट फुट्ला जस्तो भयो । तिनी बेहोश भइन् । भूईमा बज्रन पुगिन् । मुर्छा परिन् ।

तिनी मुर्छाबाट बिउँतिन् । तर जहाँ हेर्थिन् उतै शून्य देख्थिन् । अगाडि-पछाडि, दायाँ-बायाँ कोही सहारा तिनलाई भएनन् । कोही आधार तिनले पाइनन् । कोही भरोसा तिनले भेट्टाइनन् । कहीं गन्तव्य स्थान तिनले देखिनन् । तिनको निमित्त संसार अन्धकारले ब्याप्त भयो । चारैतिर शून्यताले छायो । तिनको आँखा तिर्मिरायो । स्वजन वियोग-वेदना उर्लियो । पतिको मृतक लाश आँखामा पऱ्यो । नवजात शिशु बाजले उडाइरहेको झलक नयनमा घुम्यो । बाढीले बगाइरहेको छोरोको दृश्य नाच्न थाल्यो । आमा-बाबु र भाइ एकै चित्तामा जलाइरहेको धुवाँको मुस्लो तिनको दृष्टिमा

फनफनी घुम्यो । तिनको आशाको तन्तु छिन्यो । तिनी रन्थनिइन् । तिनको वेदना सिमान्तमा पुग्यो । तिनी पगली भइन् । आफ्नो कपाल आफैले लुछिन् । कहिले पति, कहिले छोराहरू, कहिले भाइ, कहिले आमा-बाबुलाई सम्झदै रोइन्, कराइन् । शोकाग्निमा डुब्दै लडिवुडि खेलिन् । वियोग दुःखले विव्हल बनिन् । लछार-पछार गरिन् । जथाभावि चल्दा-चल्दा तिनको शरीरबाट एक-एक गर्दै सबै वस्त्र खसे । तिनी नग्न भइन् । तिनले केही चाल पाइनन् । तिनको शरीरमा लुगा छ, छैन तिनले ठम्याउन सकिनन् । एकै चोटिमा यत्तिको बन्धु वियोगको बज्र प्रहारले तिनको होश गुम भइसकेको थियो । दन्किरहेको विरहाग्नि सम्भाल्न नसकी तिनी नाङ्गै स्वजनहरू सम्झदैं विलाप गर्दै यताउति दौड्न थालिन् ।

"उभो पुत्ता कालकता, पन्थे मय्हं पती मतो ।
माता पिता च भाता च, एकचितम्हिं डय्हरे"ति ॥

अर्थ– दुइ बालकहरू मरे, मेरो पतिको बाटैमा मृत्यु भयो । मेरो आमा-बाबु र भाइ एउटै चित्तामा जलेर भष्म भए ।

तिनी यसरी निर्वस्त्र भई रुँदै-कराउँदै बाटोमा हिडिरहेकी देखी कसैले तिनलाई बौलाही भन्न थाले, कसैले वेशरमी, कसैले वेढङ्गी, कसैले भ्रान्ति, कसैले के, कसैले के । जब तिनी विरह गर्दै कसैको नजिक आउँदा दर्शक वर्ग तर्सिएर परपर भाग्थे । कसैले तिनको जिउमा धुलोमुलो फ्याक्थे । कसैले ढुङ्गाले हान्थे । कसैले हिलो छ्याप्थे । कसैले हा ! हा ! र हु ! हु ! गरी तिनलाई धपाएर पठाउँथे । यसरी तिनी जहाँ जान्थे तिनलाई 'बौलाही' अथवा 'पटाचारा' भन्थे ।



विचरी पटाचारा खाने, बस्ने, सुत्नेको केही वास्ता नगरी केवल शोकाग्निमा होमिन्दै, जल्दै कति गोरेटोमा हिडिन्, कति सडकमा दौडिन्, कति गाउँ घर पार गरिन् । चिसो हावामा तिनी कठांग्रिएन । पोल्ने घामले तिनलाई रोक्न सकेन । वर्षाको पानीले तिनलाई छेक्न सकेन । अन्धकारले तिनलाई तर्साउन सकेन । तिनले थकाई मार्न बिर्सिन्, तीर्खा मेट्न भूलिन् । तिनी कहाँ पुगिसकेकी छिन् ? तिनी स्वयम्लाई थाहा थिएन् ।

महाकारुणिक तथागत त्यसबेला अनाथपिण्डिक महाजनले बनाइएको जेतवन विहारमा चार परिषद्लाई उपदेश दिइरहनु भएको थियो । पटाचारा पनि आफ्नै शूरमा अलाप-विलाप गर्दै उतैतिर जाँदै थिइन् । नग्न युवति पटाचारा त्यस विशाल श्रद्धालु जन समूहतिर त्यसरी लम्किरहेको देखी कोही मानिसहरूले तिनलाई त्यहाँ जान नदिन रोक्न लागे । महा दयावान तथागतले तिनलाई टाढैबाट देख्नु भयो । स्वबन्धु वियोग व्यथाले तिनको त्यस्तो दीन-हीन अवस्था देखी स्नेह र सहानुभूतिले तथागत-हृदय रसायो; करुणाले भरियो । ती अबला नारीको रक्षा अब भगवान बुद्ध सिवाय अरूले गर्न

नसक्ने उहाँको भित्रि चक्षुले देख्नु भयो । ती अशरणा नारीको शरण तथागत सिवाय अरूले दिन नसक्ने उहाँले मनन गर्नु भयो । 'ती शोक विव्हल पटाचारालाई सान्त्वना दिलाउने अभिभारा कारुणिक शाक्यमुनिमा बाहेक अरूमा छैन' भनी उहाँले निश्चय गर्नु भयो । त्यसैले पटाचारालाई भगवान बुद्ध कहाँ आए पनि 'आउन दिनु'; 'नरोक्नु' भनी अनुज्ञा दिनु भयो । पटाचारा सरासर गई भगवान बुद्ध-समक्ष पुगिन् । भगवान बुद्धले करुणा युक्त एवम् प्रेमपूर्ण नम्र वचनले तिनलाई सम्बोधन गर्दै भन्नु भयो– "सतिं पटिलभ भगिनी, ति" अर्थात् "बहिनी ! होशमा आऊ ।"

ती 'पत्नी' जसलाई पतिले छोडेर गयो । ती 'आमा' जसलाई दुइ छोराले छलेर गए । ती 'छोरी' जसलाई आमा-बाबुले त्यागेर गए । ती 'दिदी' जसलाई भाइले बिर्सेर गयो । ती 'नारी' जसलाई 'प्रिय' भनेर बोलाउने अल्प्यो, 'आमा' भनी डाक्ने विलाए, 'छोरी' भनी सम्बोधन गर्ने वेपत्ता भए, 'दिदी' भनी पुकार्ने हरायो । तिनको स्वजन सबै मरे । तिनको रगतको नाता सबै तोडे । तिनको 'फलानो' भन्ने कोही रहेन । तिनलाई 'फलानी' भनी बोलाउने कोही भएन । तिनी एकली भइन् । संसार तिनको निमित्त शून्य भयो । तिनी न कसैलाई आफ्नो बनाउने क्षमतामा थिइन्, न कसैले तिनलाई आफन्त स्वरूप ग्रहण गर्ला भन्ने आशामा थिइन् । यस्तो भयावह अवस्था र नाजुक परिस्थितिमा पुगिसकेकी स्वजन-त्यक्ता



पटाचारालाई महामानव तथागतले विशाल जन समूहको बीचबाट 'बहिनी' भनी सम्बोधन गर्दा तिनलाई कस्तो अनुभव भयो होला ! तिनको मुटुमा भगवान बुद्धका ती करुणायुक्त वाणी कहाँ सम्म गास्न पुग्यो होला ! तिनको हृदयको गहिराईमा तथागतका ती अवस्थानुकूल नम्र वचन कहाँ सम्म गढ्यो होला ! सम्यक्सम्बुद्धका ती महान् वाक्यले तिनको मानसिक व्यथालाई मृत सञ्जीवनीको उपचार गरे झैं लागेन होला त ? त्यस्ती, सपरिवारले छोडेकी, समाजले पर सारेकी, देखे-सुनेका सबैले छिः-छिः र दूर-दूर गरेकी, शूर हराएकी, नग्न, झुत्रिझाम्रि पटाचारालाई मानव-श्रेष्ठ तथागतले 'बहिनी' भनी सम्बोधन गर्दा मानो तिनलाई आफ्नो मरेको पति ब्युउँतेर आए जस्तो लाग्यो,बाजले उडाइएको, नदीले बगाइएको छोराहरू फर्केर आए झैं भयो, एकै चितामा जलेर भस्म भइसकेका आमा-बाबु र भाइ तिनकै अगाडि उभिएर बोलिरहे जस्तो लाग्यो । भगवान बुद्धले तिनीसँग 'बहिनी' भनी नाता जोडेकोले तिनले गुमाइसकेकी सर्वस्व पाइन्; तिनी अबला होइन, सबला बनिन् । "होशमा आऊ" भन्ने तथागतका हृदय स्पर्शी वचनले तिनको स्मृति फर्क्यो, तिनको आफ्नो अवस्थामा तिनी परिचित भइन् । लज्जाको अनुभव गरिन् । तिनी तुरन्त लाज बचाउन झट्पट् तुचुक बसिन् । एक सज्जनले तिनलाई एक पछ्यौरा दियो । त्यसैले गुटमुतिई कारुणिक तथागतलाई पञ्चाङ्ग दण्डवत् गरी तिनले आफ्नो व्यथा पोखिन् । दुःखद् पूर्ण घटना सुनाइन् । मुटु छेड्ने कहानी

अवगत गराइन्– "हे दयावान् भगवन् ! मेरो एउटा छोरो बाजले लग्यो, अर्को छोरोलाई बाढीले बगायो, बाटोमा मेरो पतिदेवको मृत्यु भयो । घर भत्केर माता-पिता र भाइ पुरियो, तिनीहरूको एउटै चिहान भयो ।"

तिनले आफ्नो रक्षार्थ यसरी याचना गरिन्– "म दुःखी अशरणा नारीलाई शरण दिनु होस् । परित्यक्तालाई ग्रहण गर्नु होस् । डुब्न लागेकोलाई बचाउनु होस् । मेरो जीवनको रक्षा गरी दिनु होस् । अब यस विश्वमा तथागत बाहेक मेरो उपकार गर्ने कोही रहेन । कृपा गरी मेरो आर्तनाद सुनी दिनु होस् ।"

पटाचाराको यस्तो आन्तरिक पुकारलाई तथागतले सहर्ष स्वीकार गर्नु भयो । तिनलाई अवस्थानुकूल आश्वासन दिनु भयो । साथै सांसारिक नियम नीतिलाई औंल्याउँदै तिनको परिस्थिति मिल्दो उदाहरण प्रस्तुत गर्नु भयो– "जसरी पटाचाराले आमा-बाबु, पति, भाइ र छोराहरू मरेकाले वियोग व्यथाले पीडित भई जति आँसुका धारा बगाइन् । त्यस्तै यस अनादि संसारमा पुत्रादि बन्धु वियोगले तड्पिएर बगाइएको आँसु समुद्रको पानी भन्दा कम होवोइन ।"

वियोगिनी पटाचारालाई वियोग कै उदाहरण प्रकाशमा ल्याई संसारको गतिविधिलाई पुष्ट्याई गरिएको यस तुलनात्मक अभिव्यक्ति सुनी पटाचारा झसङ्ग भइन् । सानो



चोट परेकोलाई ठूलो चोट लाग्नाले सानो चोट त्यसै बिर्सेर गए झैं तिनको वियोग व्यथा शान्त हुँदै गयो । तिनको चहर्‍याइरहेको घाउँमा यसले शितल मलमको काम दियो । तिनको क्रन्दन डबिँदै गयो । तिनी चुपचाप घोरिन थालिन् । यही मौकामा भगवान बुद्धले अर्को गाथा प्रकाश पार्नु भई जीवन दर्शनलाई दर्शाउनु भयो–

"न सन्ति पुत्ता ताणाय – न पिता नापि बान्धवा ।
अन्तकेना 'धिपन्नस्स – नत्थि ञातीसु तारणा ॥"

– [ २८८ धम्मपद (पालि)]

अर्थ– मृत्युले समातिसकेको मानिसको रक्षा न पुत्रले, न पिताले न बन्धुजनले गर्न सक्छन् । (यस बखत) ञातिगणहरूमा पनि रक्षा गर्न सक्ने क्षमता हुँदैन ।

"एत'मत्थवसं ञत्वा – पण्डितो सील संवुतो ।
निब्बानगमनं मग्गं – खिप्पमे'व विसोधये ॥"

– [ २८९ धम्मपद (पालि)]

अर्थ– यी कुरालाई जानेर पण्डितले शीलवान भई छिटै निर्वाणतिर लैजाने बाटो सफा गर ।

यी गाथाले पटाचाराको हृदयलाई छोए । तिनको मैलो भएको भावनालाई धोए । तिनको मनोदशालाई पखाले । तिनले संसारलाई चिनिन् । अस्थिरतालाई थाहा पाइन् । अनित्यतालाई चाल पाइन् । मृत्युको वास्तविक ज्ञान महसूस

गरिन् र खास गरी मानिसले के गर्नु पर्छ भन्ने कुरो अवबोध गरिन् । तथागतको दिव्य उपदेश फेला पारिन् । सच्चा मार्ग पहिल्याइन् । स्रोतापत्ति मार्ग–फलमा प्रतिष्ठित भइन् ।

तदन्तर तिनले भगवान शास्तासँग प्रव्रज्या मागिन् । तिनी भिक्षुणी संघका सदस्य बनिन् । तिनी शीलवान् सदाचारी बनिन् । विशेषतः 'विनय' मा तिनले विशेष ध्यान दिइन् । विनय धारण गर्नमा भिक्षुणी संघमा तिनले अग्रपद प्राप्त गरिन् ।

एक दिन खुट्टा धुँदाधुँदै बगेर सुकेर गएको पानीमा तिनी समाधिष्ठ भइन् । मरणशील चोलाको अन्त्य प्रथम, मध्यम र अन्तिम वयसमा कसरी हुन्छ भन्ने कुरो पानीको बगाईमा तुलनात्मक अध्ययन गरिन् । सांसारिक क्षणभङ्गुरतामा मनन गर्दै विचारमा लीन भइन् । यसैबेला भगवान बुद्धको अर्को अमरवाणी तिनको कानमा गुञ्जियो–

"यो च वस्ससतं जीवे – अपस्सं उदयब्बयं ।
एका'हं जीवितं सेय्यो – पस्सतो उदयब्बयं"ति ॥

– [ ११३ धम्मपद (पालि) ]

अर्थ– (सांसारिक वस्तुको) उत्पत्ति र विनाशलाई नदेखिकन सय वर्ष बाँच्नु भन्दा उत्पत्ति र विनाश हुने धर्मलाई थाहा पाई एक दिन मात्र बाँच्नु नै श्रेष्ठ छ ।

करुणामयी तथागतका यस महान् चित्तानुरूप अमृतोपदेशले तिनको ध्यानमग्न चित्तलाई अझ बलियो टेवा



मिल्यो । तिनको विचार झन् गहिरियो । तिनको चित्त एकाग्र भयो । लक्ष्य प्राप्तिमा तिनी अविचलित भइन् । अन्तमा तिनले अर्हत्वपद प्राप्त गरिन् । जीवन मुक्त भइन् । सांसारिक विषयवस्तु देखि तिनी निर्लिप्त भइन् । निष्कामी बनिन् । राग, द्वेष, मोहबाट अलग्गिएको निर्वाणपदका भागी बनिन् । जीवन सार्थक तुल्याइन् । भगवान बुद्धका करुणायुक्त अनुपम देन पाई तिनी धन्य भइन् ।

# ईर्ष्यालु-गणिका

## (सिरिमा)

ईर्ष्या सहिष्णुताको विपरित शब्द हो । ईर्ष्याले अरूलाई घृणा गर्छ, द्वेष गर्छ, व्यङ्ग हान्छ, दुःख दिन्छ, पीडा दिन्छ, सताउँछ पनि । ईर्ष्याको गुण नै अरूलाई देखी नसहनु हो । अनि ईर्ष्याको काम अरूलाई सताउनु हो । यी ईर्ष्याले युक्त व्यक्तिलाई ईर्ष्यालु भनिन्छ । 'ईर्ष्या' शब्द संज्ञा हो; 'ईर्ष्यालु' विशेषण । यो विशेषण स्त्री वा पुरुष दुबै लिङ्गमा समान रूपले लागेको देखिन्छ । जस्तो ईर्ष्यालु मान्छे वा स्वास्नीमान्छे ।

ईर्ष्याले जे जति काम गर्छ ईर्ष्यालु व्यक्तिको काम पनि प्रायः उही-उही हुन आउँछ । ईर्ष्यालु व्यक्ति रिसालु याने द्वेषी हुन्छ । सानो-तिनो कुरामा पनि उसलाई रिस उठ्छ । कसैले अलिकति मात्र भूल गरे पनि उसले सहन नसक्ने हुन्छ । अरूले गरी खाएको, लाएको ऊ देखी सहन्न । उसको निमित्त प्रिय भन्दा अप्रिय पात्रहरूको संख्या बढी हुन्छ । कोही ऊ भन्दा माथि उक्लेको उसको लागि सहच हुँदैन । उसको असहचतामा रिस रूपी आगो बन्छ । भित्र-भित्रै सल्किन्छ । आफू भन्दा माथि आउन खोज्ने मान्छेलाई तान्न अथवा उक्लने मान्छेलाई पछार्न उसले हरतरह उपाय सोच्छ । सफल भए ऊ रमाउँछ; विफल भए पछुताउँछ ।



ईर्ष्यालु व्यक्ति रिस, इवि, घृणा, दाहले ऊ पहिले सतिन्छ; अनि अरूलाई सताउन प्रयत्नशील रहन्छ । ऊ आफू पनि स्वस्थ भएर बस्न सक्तैन; अरूलाई पनि स्वस्थतामा बाँच्न दिंदैन । न उसले पारिवारिक जीवन र समाजलाई नै कलह रहित शान्ति दिलाउन सक्छ ।

ईर्ष्या मानिसको अनेकन वैगुण मध्ये एक हो । अझ यस वैगुणमा शङ्का, घृणा, द्वेष, दाह, इबि, मात्सर्य जस्ता अवगुण पनि समावेश हुने भएकोले यसको वैगुणता झन भयंकर छ, दोष पूर्ण छ । भनिन्छ– 'पुरुषवर्ग बढी मात्रामा सशङ्कित हुन्छन् भने स्त्रीवर्ग ईर्ष्यालु ।'

सहिष्णुता 'सहन' को पर्यायवाचि शब्द हो । सहने कामलाई अर्को शब्दमा सहिष्णुता भनिन्छ । 'सहनु' क्रियापद हुन्; 'सहिष्णुता' भाववाचक संज्ञा ।

ईर्ष्याले मानव जीवनमा कलङ्क लगाउँछ भने सहिष्णुताले त्यसलाई धोई पखाली सफा पारी दिन्छ । ईर्ष्या गर्न सजिलो छ, सहनु गाऱ्हो छ । ईर्ष्याले आफू टड्पिन्छ, अरूलाई सताउँछ जहाँ सहिष्णुताले आफूलाई शान्ति दिलाउँछ, अरूलाई शितल औषधोपचार गर्छ । ईर्ष्याले अवगुण फैलाउँछ, सहिष्णुताले गुण जोगाउँछ । ईर्ष्याले स्वस्थ व्यक्ति, सुखी परिवार, आदर्श समाजलाई बिगार्ने, भत्काउने, भताभुङ्ग पार्ने काम गर्छ । ईर्ष्याले आफू जल्ने, जलाउने जस्ता कुकृत्य गरी दुःख, दर्द,

हैरानीका भागी बन्छन् भने सहिष्णुताले आजीवन शान्ति, सुखी, आनन्दमयी जीवन दिलाई स्वर्गीय आनन्द उपभोग गर्न गराउनमा उद्यत रहन्छ । अतएव कुनै व्यक्तिको, परिवारको अथवा कुनै समाजको रहस्य वा कुनै राष्ट्रको ईर्ष्या उनै व्यक्ति वा उही परिवार वा त्यही समाज वा त्यही राष्ट्रको निमित्त नै विषालु सर्प झैं भयंकर, अग्नि झैं जलन युक्त, विषपान झैं कष्ट दायक हुन्छ । ईर्ष्यालु व्यक्ति स्वयं दिलका कपटी, कुतिल चाल, कुव्यवहारको प्रतिमूर्ति बन्छ भने ईर्ष्या उसको हतियार, असहिष्णुता उसको मार; घृणा, द्वेष उसको पर अपकारका साधन । ईर्ष्यालु मानिस आफू बिग्रन्छ र अरूलाई पनि बिर्गाछ । ऊ विनाशको पथमा लम्कन्छ, अरूलाई पनि विनाशतिर धकेल्छ । तर परिणाम ! ऊ अरूको निमित्त खाडल खन्छ तर त्यस खाडलमा ऊ आफै पर्छ । विशेषतः विना दोषी सहिष्णुता पूर्ण व्यक्ति उपर लगाएको आरोप 'नालमा ढुङ्गा फ्याँक्दा पहिले आफैलाई छिंटा आए' झैं ऊ आफैलाई लाग्छ । उसलाई दिइएको यातना ऊ आफैले भोग्नु पर्छ । अनि स्वतः ऊ दुःखी, ग्लानी र प्रायश्चितका भागी बन्नु पर्छ ।

यस्ता ईर्ष्यालु व्यक्ति, परिवार, समाज र राष्ट्र यस विश्वमा नजन्मिदिएका भए शायद आज विश्वमा 'तँ' र 'म' को भावना रहन्दैनथ्यो । आपसमा खिंचातानि र झै-झगडाको बिजारोपन नै हुँदैनथ्यो । परस्पर घृणा, द्वेष, रिस, राग, छलकपट, छुल्याइँ जस्ता कलङ्कको नाम निशान नै पाइन्दैनथ्यो । अनि



आजका अणु, परमाणु जस्ता बम विस्फोटनका परिणाम र पहिलो, दोस्रो महायुद्ध लगायत भियतनाम र मध्यपूर्व जस्ता लम्बे चौडे भिषण युद्धको परिकल्पना पनि गर्नु पर्दैनथ्यो होला ।

तर संसारको गति विपरित छ । समाजको धारा विविध छ । मानिसको स्वभाव अनौठो छ । झन व्यक्तिगत प्रकृति अचम्मको छ । छुल्याइँ, दुष्त्याई, ईर्ष्या, द्वेष आदिबाट गरिएको कर्मको फल अवश्य गतिलो हुँदैन भन्ने थाहा पाउँदा-पाउँदै पनि मानिस किन हो कुन्नि कुकर्म गर्न अघि सर्छन्, अत्याचार गर्न तम्सिन्छन्, अन्याय गर्न लम्कन्छन् । सिधा-साधालाई बङ्चाउन, छलछाम गरी भूडी भर्न, चाकरी चापलसीबाट आफ्नो दूनो सोझ्याउन, निर्दोषी माथि दोषारोपन गर्न उद्यत रहन्छन् । तर यस्ता कुकृत्य, कुभावनाका परिणाम कहिल्यै फलदायी हुँदैन । बरु यसबाट व्यक्ति, परिवार, समाज वा राष्ट्र स्वतः आफ्ना स्थानबाट गिर्छ, अरूको आँखाको कसिंगर समान हुन्छ, आ-आफ्ना साधन नै आफ्नै विनाशको हतियार बन्न जान्छ । त्यस्तो व्यक्तिले व्यक्तिगत विचैनी भोग्नै पर्छ, परिवारले पारिवारिक अस्वस्थता अनुभव गर्नै पर्छ, कलङ्कित समाजले कलङ्क स्वीकार्नै पर्छ, राष्ट्रले अविश्वासको पात्र बनी विश्व समक्ष आफ्नो हार प्रष्त्याई गर्नै पर्छ ।

हुनत ईर्ष्या जस्ता वैगुण आजका मानव जीवनमा मात्र देखा परेका वैगुण होइन । संसार सृष्टिको साथसाथै प्राणीको मस्तिष्कमा यी अवगुणले ठाउँ ओगतेको देखिन्छ ।

स्वयं ईश्वरले सृष्टि गरेका भनिएका सुखी मनुष्य कहलिएका प्रथम मनुष्य रूपी आदम र इभलाई शैतानहरूको ईर्ष्या कै कारण वियोग, व्यथा, दुःख, दर्द, हैरानको खाडलमा जाकिनु परेको रे, जसको फलस्वरूप उनीहरूको सन्तान दर सन्तान कहलिएको हामी, हाम्रा जन-जीवनले यी दुःख, दर्द, हैरानीबाट छुटकारा पाउन नसकेका रे ।

धृतराष्ट्र पुत्र दुर्योधनको द्वेषपूर्ण ईर्ष्याले महाभारतपर्वको शुरुआत भयो । दशरथ पत्नी कैकयीको ईर्ष्या र मन्थरा दासीको कुमन्त्रणा नै राम-रावण युद्धको बीज थियो । यस्तै बुद्धकालीन घटित घटना उल्लेख गर्ने हो भने अहिंसक कुमार अंगुलिमाल डाँकु हुन गएको पनि उसकै सहपाठीहरूका ईर्ष्याको परिणाम हो । पाँच सय दासीहरू सहित मैत्री विहारिणी महारानी श्यामावतीको विनाश मागन्दीको ईर्ष्या कै नतिजाले हुन गयो । उत्तरा (उत्तरा नन्दमाता) जस्ता क्षमाशील सहिष्णुताका प्रतिमूर्ति नारी रत्नलाई ईर्ष्या कै कारणले सिरिमा गणिकाले स्वहा पार्न खोजिन् ।

तर ध्यानी चित्तकी करुणा र मैत्रीयुक्त हृदयकी, हत्यारालाई पनि जीवनदायक सम्झने भएकी क्षमादिने प्रवृत्तिकी उत्तराको सहिष्णुताले सिरिमा गणिकाले भगवान बुद्धको समक्ष पुग्ने सौभाग्य पाइन् । महाकारुणिक तथागतका दिव्य उपदेशले सार्थक जीवन यापन गर्न सफल भइन् ।



बुद्धकालीन नारीहरूमा यी परस्पर अमिल्दो स्वभाव भएका, एउटी ईर्ष्याकी पात्र अर्की सहिष्णुताकी प्रतिमा बनिएका दुइ महिलाहरूका जीवनीका संक्षिप्त चित्रण यहाँ चित्रित गर्न प्रासांगिक ठान्दछु । जसबाट ईर्ष्याको दुष्परिणाम र सहिष्णुताको सहि फल पाएको कुरो छर्लङ्गिन्छ ।

पूर्णसिंह श्रेष्ठी की[1] युवती छोरी उत्तराको शुभविवाह राजगृहका सुमन सेठको[2] छोरोसँग शुभ मुहुर्तमा सुसम्पन्न भयो । उत्तरा भगवान बुद्धका श्रद्धालु उपासिकाहरू मध्ये एक थिइन् । तिनी अविवाहित छँदा प्रतिदिन भगवान बुद्ध प्रमुख भिक्षु महासंघलाई दान प्रदान गर्ने गर्थिन् । तर पतिगृहमा प्रवेश गरे देखिन् तिनले केही पुण्य कार्य गर्न पाइनन् ।

एक दिन पतिलाई तिनले घरमा पसे देखिन् केही दानादि पुण्य कार्य गर्न नपाएकी कुरो अवगत गराउँदै आफ्नो विवाह पूर्व माइति घरमा छँदा दानादि कुशल कार्य गरी बेलाबखतमा ब्रत पालन गरी पुण्य सञ्चय गर्ने कुरो प्रकाश पार्दै अहिले पतिघरमा ती कुशल कर्म गर्नबाट आफू बञ्चित रहेको तथ्य बेलिविस्तार लगाइन् । साथै 'पर्व-पर्वमा धर्म-कर्म गर्न अवकाश पाउँ' भनी विनम्र अनुरोध गरिन् । पतिले तिनको कुरो सुने नसुने झैं गरिदियो । तिनलाई दिक्क लाग्यो । तिनले आफ्ना पितालाई घरको यथार्थ हाल लेखी सत्कार्य गर्नको

१.बुद्धकालीन महिलाहरू – पेज २७१
२.बुद्धकालीन महिलाहरू – पेज २७७

लागि पन्ध्र हजार कार्षापण मागी एक पत्र पठाइन् । छोरीको याचनानुसार तुरन्तै पन्ध्र हजार कार्षापण पठाइ दियो ।

राजगृहमा शालवती गणिकाकी[1] छोरी सिरिमा नाम गरेकी अत्यन्त सुन्दरी युवती थिइन् । सिरिमा पनि आफ्नी आमा झैं वेश्या वृतिमा लागेकी थिइन् । उत्तराले उनै सिरिमा गणिकालाई बोलाई पन्ध्र दिनको निमित्त आफ्ना पतिको परिचारिका बनी दिए 'पन्ध्र हजार कार्षापण दिने' कबुल गरिन् । किनकि त्यस बेला वर्षावासको समय सिद्धिन केवल पन्ध्र दिन मात्र बाँकी थियो । पन्ध्र दिन मात्र भएपनि भगवान बुद्ध सहित भिक्षु महासंघलाई दान-प्रदान गरी शुद्ध ब्रह्मचर्यमा बसी अष्टाङ्ग उपोसथ शील आदि पालन गर्ने तिनको आन्तरिक मनसाय थियो । त्यसैले तिनले सिरिमा गणिकालाई लिई पति-समक्ष हाजिर भई सबै कुरा बेलिविस्तार लगाई बिन्ति चढाइन् । पतिचाहिं पनि रूप लावण्यले पूर्ण सिरिमा गणिकालाई देख्ने बित्तिकै मोहित भई उत्तरालाई जाने अनुमति दियो ।

पतिबाट छुट्कारा र पुण्यकार्य गर्न अनुमति समेत पाएकीले उत्तरा साह्रै खुसी भइन् । वर्षावासको अन्तिम पक्ष याने पन्ध्र दिनको निमित्त भिक्षु महासंघ सहित भगवान बुद्धलाई आफ्नै घरमा निमन्त्रणा गरिन् । उत्तम-उत्तम खाद्य परिकार र भोजन तयार गर्न तिनी काममा व्यस्त रहिन् ।

१. बुद्धकालीन गृहस्थीहरू – पेज ३४९



भोजनको समय भएपछि तथागत भिक्षु महासंघका साथ पाल्नु भई विछ्याइएको आसनमा बस्नु भयो । उत्तराले अत्यन्त श्रद्धापूर्वक आफ्नै हातले परिश्रम गरी बनाएको भोजन परिकार परिशुद्ध चित्तले भिक्षुहरू सहित भगवान बुद्धलाई प्रदान गरिन् । अष्टाङ्ग उपोसथ शील पालन गरी दिन भरी नै आफूले गरेको कुशल कर्ममा ध्यान लगाई प्रमुदित भइन् । यस किसिमले दुइ हप्तासम्म यी पुनीत कार्यमा तन मन दिई शुद्ध ब्रह्मचर्य पालन गरी मैत्री भावना गर्दै दिन बिताउन थालिन् ।

एक पक्ष बित्न एक दिन मात्र बाँकी रहेको एका बिहान सिरिमासँग बसिरहेको उत्तराको पतिले 'उत्तरा के गर्दै होलिन्' भनी झ्याल खोलि चोकतिर हेऱ्यो । त्यसबेला उत्तरा श्रृङ्गार-पटारको केही वास्ता नगरी, तछाद-मछाद गरी दासी सरह जोतिई भोजन तयार पार्न पसिना बगाइरहेको देख्यो ।

उसले मनमनै कल्पना गऱ्यो– "यतिका श्रीसम्पत्तिका मालिकनी भएर पनि ती नाथे मुण्डनहरूका लागि आफ्ना ज्यू-ज्यानको वास्ता नगरी काममा जोतिरहिछिन् । 'छि ! कस्ति मूर्ख रहिछिन् !' भनी फिसिक्क हाँस्यो ।" सँगै बसिरहेकी सिरिमाले उसको यो चाल देखी । 'कसलाई हेरेर मुस्कुराए छ' भन्ने विचारले झ्यालबाट हेरिन् । तलतिर काममा व्यस्त भएकी उत्तरालाई देख्ने बित्तिकै 'अवश्यै ऊ उत्तरासँग जिस्किएर हाँसेको हुनुपर्छ ।' अहिलेसम्म पनि उसले उत्तरा

सँगको प्रेम बिर्सिएको रहेनछ । यिनको जीवनको अन्त नगरी मलाई चैन मिल्दैन' भन्दै ईर्ष्याले आगो भई खुर्र् तल ओर्लिन् । निर्दोषी उत्तरा माथि दोषारोपन गर्दै तताई राखेको घिउ कराही नै उचाली तिनको टाउँका माथि खन्याउन जाइलागिन् । उत्तराले तिनको यस दुष्कृत्य देखिहाली । तर मनमा कत्ति पनि द्वेषभाव नलिई, अझ तिनकै मद्दतले आफूले दान गरी अल्प समयको लागि मात्र भएपनि शील पालन गरी पुण्य संचय गर्न पाएकोमा सिरिमालाई मनमनै 'धन्यवाद' दिइन् । साथै यदि उनी प्रति मेरो रत्तिभर पनि द्वेष-भाव रहेनछ भने 'यी घिउले मलाई नपोलोस्' भनी तिनको उपकारलाई सम्झी उनी प्रति 'मैत्री भावना' गरी बसिन् । रिसमा चुर्लुम डुबेकी ईर्ष्यालु सिरिमाले ठीक-बेठीक केही कल्पना नै नगरी उत्तराको नजिक पुग्ने बित्तिकै तिनको टाउँकामा घिउ कराही खन्याई दिइन् । तर सहनशीलतामा अन्तिम चरणमा पुगेकी, दृढ, मैत्री चित्तमा अडिग रहेकी, शीलवती नारी उत्तरालाई कराहीको घिउले केही नोक्सान पुऱ्याउन सकेन ।

ईर्ष्या र दाहले छटपटीएकी गणिकाको ईच्छा र आकांक्षा पूर्ण हुन सकेन । दिनको हजार कार्षापणले स्वयं उत्तराले किनिएकी पन्ध्र दिनको निमित्त मात्र बहालमा बस्न आएकी दुश्चरित्र स्त्रीको हिंसक कार्य सफल भएन । आफ्ना असफलतामा झन् क्रोधित भई मुर्मुरिदै बक्‌बकाउन थालिन्– 'यी कराहीका



घिउ नउम्लिएका होलान् । अर्को उमालिएको घिउले यसलाई स्वहा नपारी छोड्दिन' भन्दै उम्लिरहेको घिउ कराही उचाली मैत्री भावनामा समाधिष्ठ भएको उत्तराको टाउँकोमा फेरि घिउ खन्याउन अगाडि बढिन् । ठीक यसै बेलामा उत्तराका दासीहरूले सिरिमाको त्यस घृणित कार्य देखी रिसले चूर भई तिनलाई चुट्न सम्म चुटे । दासीहरूको पीटाई र चुटाईबाट सिरिमा घायल भई भूइँमा पछ्रारिन पुगिन् । उत्तराले यस दृश्य देखी झटपट आफ्नो आसनबाट उठी दासीहरूलाई पन्छाउन पुगिन् । आफ्नो बध गर्न तम्सिने बैगुनी सिरिमा देखि द्वेष भाव गर्नु त कहाँ हो कहाँ उल्टो तिनलाई प्रेमपूर्वक अँगालिन् । नुहाई, धुवाई गराई औषधोपचार गरी दिइन् ।

उत्तराले उनी प्रति घृणाको बदला, दया गरेकोमा अचम्म मानिन् । रिसको सत्ता प्रेम दर्शाएकोमा छक्क परिन् । ईर्ष्याको ठाउँमा सहिष्णुताको किरणले तिनी स्तम्भित् भइन् । सहानुभूतिका आँचले तिनी सिरिङ्ग भइन् । कपटी दिललाई उदार हृदयले, घाटकलाई जीवन दान दिई, विनम्र बनी उनीसित गरेको सभ्य व्यवहारले पत्थर हृदयी, दुष्ट प्रकृतिकी, ईर्ष्याले ओतप्रोत भएकी सिरिमाकी दिल पग्लियो । सिर्फ दुइ हप्ताको लागि उनी स्वयं उत्तराले किनिएकी कुरा सम्झी झसङ्ग भइन् । घमण्डवशः अल्प स्वार्थमा वशीभूत भई साक्षात् देवी समानकी मालिकनीलाई बध गर्न तम्सिएको आफ्नो कुकृत्य सम्झदैं सिरिमा अत्यन्त लज्जित भइन् । दुःख र

ग्लानीमा मुछिएको अभिसापकी मूर्ति स्वरूप बनिएकी सिरिमाले प्रायश्चितको निमित्त उत्तराको पाउमा परी क्षमा मागिन् । करुणामयी, क्षमाशील नारी उत्तराले तिनको जीवन कल्याणार्थ सत्यमार्ग दर्शाउन भगवान बुद्धको अभिसन्मुख लैजाने हेतुले यसो भनिन्– "यदि तथागत सम्यक् सम्बुद्धले तिमीलाई क्षमा दिनु भएछ भने मैले पनि अवश्य दिनेछु ।"

सिरिमाले उनको उचित सुझावलाई सहर्ष स्वीकारिन् र भगवान बुद्धको सन्मुख पुगिन् । उत्तराले तिनको परिचय दिँदै तिनकै मद्दतबाट बुद्ध, धर्म र संघको सेवा गर्न पाएको कुरा उल्लेख गर्दै घटित घटना स्पष्ट पारिन् । तथागतले उत्तराको कुरा सुनिसकेपछि सिरिमालाई सम्बोधन गर्नु हुँदै 'कुरो साँचो हो होइन स्वयं सिरिमाकी मुखबाट प्रकाश पार्न लगाउन' सोध्नु भयो । सिरिमाले उत्तराको भनाई अक्षरस सत्य भएको साबिति बयान दिई अज्ञानतावशः आफूले उनी प्रति गरेको महान अपराधको निमित्त तथागतसँग क्षमाको भिक्षा मागिन् ।

भगवान बुद्धले ती दुबैको कुरो राम्रो बुझिसके पछि परिषदको सामुन्ने उत्तराको महान त्याग, असल आचरण, सत्य-वचन र सहिष्णुतापूर्ण व्यवहारलाई 'साधुवाद' दिनु हुँदै निम्न गाथा प्रकाशमा ल्याउनु भयो–

"अक्कोधेन जिने कोधं – असाधुं साधुना जिने ।
जिने कदरियं दानेन – सच्चेन अलिकवादिनं ॥"

– [२२३ धम्मपद (पालि)]



अर्थ– क्रोधलाई अक्रोधले, नराम्रो गर्नेलाई राम्रो कामले जित्नु पर्छ, कन्जुसीलाई दान दिई जित्नु पर्छ र असत्यवादीलाई सत्य वचनद्वारा जित्न सक्नु पर्छ ।

भगवान बुद्धका यी गम्भीर वाक्य अर्थयुक्त वचन, सत्य भाषण र उपयुक्त सामयिक सुझावले परिपूर्ण भएको एक गाथा प्रकाशमा आउँदा-आउँदै सिरिमा गणिकाको क्रोध बिल्कुल शान्त भयो । खराब आचरणमा सदाचरणका किरणले छाउन लाग्यो । कपट हृदय उदारताले भरियो । मिथ्या भाषी तथागतको सत्य-वचन सुनी अत्यन्त प्रभावित भई एकाग्र चित्तले नतमस्तक भइन् । ती दिव्य उपदेश सुनी गणिकाको कान पवित्र भयो । वाणी शुद्ध भयो । आचरण निर्मल भयो । मन स्वच्छ भयो । अरू पाँचसय उनकी स्त्री परिवारहरूसँगै स्रोतापन्नमा आरुढ भइन् । तदनन्तर भगवान बुद्ध र उत्तरा उपासिकासँग क्षमा मागिन् र निर्दोषी बनिन् ।

यसरी शाक्यसिंह तथागतका अनुपम करुणा र दयाको आँच पाउन सकेकीले ईर्ष्यालु, दुष्चरित्र, वेश्यावृत्तिमा लागेकी सिरिमाले पनि सत्य-मार्ग गवेषण गर्नमा सफलता पाइन् ।

## सहायक पुस्तकहरू :–

(1) Buddhism in Translation
— Henry Clarke Warren
(Harvard University Press)

(2) Buddhist Legends — Translated from Original Pali Text of the Dhammapada Commentry by
— Eugene Waston Burlingame
(Volume Twenty Eight
" " Nine
" " Thirty)

(3) Women in Buddhist Literature by Bimala Churn Law, Ph. D., M.A., B.L.
(W.E. BASTIAN & CO., Colombo)

(१) **बुद्ध चर्य्या** – **राहुल सांकृत्यायन**
(२) **धम्मपद** – **नेपाली अनुवाद भिक्षु अमृतानन्द महास्थविर**
(३) **बौद्ध कहानी** – **नेपाली अनुवाद भिक्षु अमृतानन्द महास्थविर**
(४) **धम्म्पदं** – **श्री कन्छेदीलाल गुप्त और श्री सत्कारि शर्मा वङ्गीय**
(५) **बुद्धकालीन गृहस्थीहरू** – **भिक्षु अमृतानन्द महास्थविर**
(६) **बुद्धकालीन महिलाहरू** – **भिक्षु अमृतानन्द महास्थविर**
(७) **अंगुत्तर निकाय**
(८) **चूल्लवग्ग पालि**
(९) **आदर्श बौद्ध महिलापिं** – **अनागारिका माधवी**
(१०) **नेपालको ऐतिहासिक रूपरेखा**

## लेखिकाका प्रकाशित पुस्तकहरू

| पुस्तकको नाम | प्रकाशन वर्ष (बि.सं.) |
|---|---|
| १) बुद्ध वचन | २०२९ |
| २) नारी प्रति बुद्धका देन (दुतीय संस्करण) | २०३१, २०६३ |
| ३) विधुर जातक (नेपाली) (दुतीय संस्करण) | २०३३, २०६२ |
| ४) मग्गङ्ग-दीपनि (प्रथम, दुतीय, तृतीय, चतुर्थ संस्करण) | २०३३, २०४२, २०५५ |
| ५) महाचीन यात्रा | २०३४ |
| ६) विपश्यना अभ्यास पद्धति | २०३४ |
| ७) बुद्धका प्रथम सन्देश | २०३६ |
| ८) बोधिपक्खिय दीपनी (प्रथम, दुतीय संस्करण) | २०३८, २०५६ |
| ९) नियाम-दीपनी | २०४० |
| १०) नियाम दीपनी (बर्मीज अनुवाद) | २०४२ |
| ११) जिगु पौ | २०४२ |
| १२) धर्म : जीवन जिउने कला | २०४३ |
| १३) चतुसच्च-दीपनी | २०४५ |
| १४) त्रिरत्न वन्दना | २०४६ |
| १५) प्रवचन प्रवाह | २०४६ |
| १६) धर्म ज्योति | २०४६ |
| १७) बुद्ध वचन (पालि सहित) | २०४९ |
| १८) विपश्यना : एक जीवनोपयोगी साधना | २०५६ |
| १९) धम्मपद-अट्ठकथा [भाग-१] | २०५८ |
| २०) धम्मपद-अट्ठकथा [भाग-२] | २०५९ |
| २१) धम्मपद-अट्ठकथा [भाग-३] | २०६० |
| २२) धम्मपद-अट्ठकथा [भाग-४] | २०६२ |
| २३) विधुर जातक (नेपाल भाषा) | २०६२ |

**प्रकाशन प्रतीक्षामा :**

१) धम्मपद-अट्ठकथा [भाग-५]
२) धम्मपद-अट्ठकथा [भाग-६]
३) निर्मल धारा धर्मको
४) लेख संग्रह
५) च्वसु मुना
६) उपयोगी विचार धारा